# तीन घुम्ती उपन्यासको समाजशास्त्रीय विश्लेषण

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र**
**सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको**
**स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको**
**प्रयोजनका लागि**
**प्रस्तुत**

**शोधपत्र**


**शोधार्थी**
**लक्ष्मण मगर**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, २०६९

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षका छात्र श्री लक्ष्मण मगरले दसौँ पत्रको प्रयोजनका लागि मेरा निर्देशनमा **तीन घुम्ती उपन्यासको समाजशास्त्रीय विश्लेषण** शीर्षकको शोधकार्य सम्पन्न गर्नुभएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६९/०४/१२

....................................

रमेश प्रसाद भट्टराई

सह-प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय,**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र लक्ष्मण मगरले त्रि.वि., स्नातकोत्तर तहमा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **तीन घुम्ती उपन्यासको समाजशास्त्रीय विश्लेषण** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, प्रा.डा. देवी प्रसाद गौतम ..................................

२. शोधनिर्देशक, सह-प्रा. रमेश प्रसाद भट्टराई ..................................

३. बाह्य परीक्षक, प्रा. केशव सुवेदी ..................................

मितिः २०६९/०४/१८

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय **सह-प्रा. रमेश प्रसाद भट्टराई**को कुशल निर्देशनमा तयार पारेको हुँ । यसको तयारीका क्रममा प्राध्यापन तथा विविध व्यावहारिक कार्यको व्यस्तताबीच पनि आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नाका साथै सचेत र सजग गराउँदै निरन्तरता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गरि दिनु हुने शोधनिर्देशक श्रद्धेय गुरूप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा. डा. देवी प्रसाद गौतमप्रति म कृतज्ञ छु । त्यसै गरी शोधपत्रको तयारीका क्रममा सहयोग, सुझाव र प्रेरणा दिनु हुने नेपाली केन्द्रीय विभागका आदरणीय गुरुहरूप्रति आभार प्रकट  गर्दछु ।

यस शोध लेखन कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सल्लाह र सुझाव दिने गुरुहरू सह-प्रा, डा. दुर्गा बहादुर घर्ती, डा.नारायण गड्तौला, सह-प्रा, डा. सुधा त्रिपाठीको सहयोग मेरा लागि सदैव स्मरणीय रहनेछ । यो शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

यहाँसम्मको अध्ययनका लागि प्रेरणा दिनु हुने पिता ज्ञान बहादुर मगर र ममतामयी माता अम्बिका देवी मगर र दाजु राम मगर साथै साथी डुण्डिराज न्यौपानेप्रति म आभारी छु । यस शोधपत्रलाई छिटो-छरितो र सजग रूपमा टङ्कण गर्ने क्रिएटिभ कम्प्युटर सेन्टर नयाँ बजार कीर्तिपुरकी दिव्या क्षेत्री 'पूर्णिमा'लाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

......................

शैक्षिक सत्र २०६५/०६६
क्रमाङ्क २८
मिति : २०६९/०४/

लक्ष्मण मगर
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर, काठमाडौँ

# विषय सूची


| | पृष्ट संख्या |
|---|---|
| **पहिलो परिच्छेद : शोधपरिचय** | **१-८** |
| १.१. विषय परिचय | १ |
| १.२. समस्या कथन | २ |
| १.३. शोधकार्यको समीक्षा | २ |
| १.४. पूर्वकार्यको समीक्षा | २ |
| १.५. शोधकार्यको औचित्य र महत्त्व | ६ |
| १.६. शोधकार्यको सीमाङ्कन | ६ |
| १.७. शोधविधि | ६ |
| १.८. शोधपत्रको रूपरेखा | ७ |
| **दोस्रो परिच्छेद : सहित्यको सामाजशास्त्रको सैद्धान्तिक रूपरेखा** | **८-३४** |
| २.१. विषय प्रवेश | ८ |
| २.१.१. अर्थ र पृष्ठभूमि | ८ |
| २.१.२. परिभाषा | १२ |
| २.२. साहित्यको समाजशास्त्रको स्वरूप | १४ |
| २.३. साहित्यको समाजशास्त्रको सिद्धान्त र मान्यता | १५ |
| २.३.१ दर्पण सिद्धान्त | १७ |
| २.३.२ समीक्षा सिद्धान्त. | २० |
| २.४ साहित्यको समाजशास्त्रीय अध्ययनका आधारहरु | २५ |
| २.४.१ प्रजाति | २६ |
| २.४.२ युग र पर्यावरण | २७ |
| २.४.३ विश्वदृष्टि | २८ |
| २.२.४ संस्कृति | २९ |
| २.४.५ कार्यकारण | ३० |

२.४.६ भाषा ३१

२.४.७ अनुभूतिको संरचना ३२

२.५ निष्कर्ष ३३

**तेस्रो परिच्छेदः 'तीनघुम्ती' उपन्यासको समाजशास्त्रीय विश्लेषण ३५-६४**

३.१ परिचय ३५

३.१.१ विश्वेश्वरप्रसाद कोइरालाको परिचय ३५

३.१.२ 'तीनघुम्ती' उपन्यासको परिचय ३७

३.१.२.१ कथानक ३७

३.१.२.२ पात्र. ३९

३.२ 'तीनघुम्ती' उपन्यासको समाजशास्त्रीय विश्लेषण ४१

३.२.१ प्रजाति ४१

३.२.२ युग र पर्यावरण ४४

३.२.३ संस्कृति ४७

३.२.४ कार्य कारण ५०

३.२.५ विश्वदृष्टि ५४

३.२.६ भाषा ५८

३.२.७ अनुभूतिको संरचना ६२

**चौथो परिच्छेदः उपसंहार ६५-६८**

सन्दर्भ ग्रन्थ सूची ६९

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

उपन्यासकार विश्वेश्वर प्रसाद कोइराला (वि.सं. १९७१-२०३९) द्वारा लिखित तीन घुम्ती (२०२५) नेपाली साहित्यको चर्चित उपन्यास हो । कोइरालाका ६ वटा उपन्यासमध्ये यो प्रथम पटक प्रकाशित उपन्यास हो । नेपाली उपन्यासको विकास क्रममा आधुनिक कालको चौथो चरणमा देखा परेको मनोवैज्ञानिक धारालाई यस उपन्यासले आफ्नो प्रवृत्ति बनाएको छ । नेपाली समाजमा भएका सामाजिक घटनाको विषयवस्तु यसमा पाइने भएकाले यसलाई सामाजिक उपन्यास मानिन्छ । यस उपन्यासमा एउटी नारीको चरित्र र मनोविज्ञानलाई प्रस्तुत गरिएको भए तापनि समाजमा घट्न सक्ने यथार्थ घटनाको विश्लेषण गहिरो रूपमा गरिएको छ । यस उपन्यासमा प्रमुख नारी पात्र इन्द्रमायाको जीवनमा देखा परेका तीनवटा घुम्तीलाई प्रमुख विषय बनाइएको छ । यी तीनवटा घुम्तीमा उसले समाजसँग विद्रोह गरेकी छे । समाजमा चलिआएका पुरातन परम्परा, जातीय भेद, धर्म, संस्कृति एंवम् सामाजिक मान्यता र वर्ग विभेदको विरुद्व विद्रोह गरेकी छे । आफ्नो जीवन स्वतन्त्र रूपमा बाँच्ने अधिकारको प्रयोग गर्दै पुरुष प्रधान नेपाली समाज र संस्कारको बन्धनलाई इन्द्रमायाद्धारा तोडी नयाँ मूल्य र मान्यताको स्थापना गर्ने यस उपन्यासको आफ्नै मौलिकता देखिन्छ ।

यस उपन्यासमा समाजले स्थापना गरेका विवाह, यौन र प्रेमको पुरानो मान्यतालाई भत्काएर नयाँ सोच र विचारलाई स्थापना गर्ने प्रयास गरिएको छ । नारीत्व र मातृत्वको विषय देखाएर समाजमा पतिप्रेमभन्दा वात्सल्यप्रेमलाई महत्व दिन खोजिएको छ । पूर्वीय पुरुष प्रधान समाजले स्थापना गरेको रीतिरिवाज, धर्म, संस्कृति, जातीयता, परम्परा र चलनप्रति यस उपन्यासमा विद्रोह गरेका पाइन्छ । यिनै कुराहरूको परिप्रेक्ष्यमा यो उपन्यास एउटा सफल र सार्थक बन्न गएको छ । यस उपन्यासमा नारी जीवनका व्यथा, प्रेम, यौन, हार्दिकता र अस्तित्व व्यक्त गरिएको छ

भने त्यसको समस्याको मुख्य कारक तत्त्व व्यक्ति र सामाजिक पुरातन मान्यतालाई मानिएको छ । एउटी नारीले सामाजिक मान्यताको विरुद्व गरेको विद्रोहलाई सफल रूपमा प्रस्तुत गरेर यो उपन्यासले आफ्नो सामाजिक महत्त्वलाई बढाएको छ भने नेपाली समाज र जीवनको चित्रण गरेर समाजशास्त्रीय स्वरूप पनि प्रदान गरेको छ ।

## १.२ समस्या कथन

मनोवैज्ञानिक उपन्यासकार विश्वेश्वर प्रसाद कोइरालाको उपन्यास तीन घुम्तीको बारेमा विभिन्न कृतिहरूमा विभिन्न विद्वान्हरूले टीकाटिप्पणी गरेको भए तापनि समाजशास्त्रीय पक्षको विश्लेषण भएको पाइँदैन ।

त्यसैले यस उपन्यासको समाजशास्त्रीय पक्षको अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधकार्यको मूल समस्याहरू निम्न रहेका छन :-

क. समाजशास्त्रको सैद्धान्तिक रूपरेखा के कस्तो रहेको छ ?

ख. समाजशास्त्रीय आधारमा तीन घुम्ती उपन्यासको विश्लेषण कसरी गर्न सकिन्छ ?

यिनै प्रश्नहरूका आधारमा तीन घुम्ती उपन्यासको समाजशास्त्रीय अध्ययन गरी निर्ष्कषमा पुग्नु नै यस शोधको समस्या हो ।

## १.३. शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य तीन घुम्ती उपन्यासको समाजशास्त्रीय अध्ययन गर्नु रहेको छ । यही उद्देश्यसँग सम्बन्धित भएर निम्न उद्देश्यहरू रहेका छन ।

क. समाजशात्र सैद्धान्तिक रूपरेखासँग परिचित हुनु ।

ख. समाजशास्त्रीय आधारमा तीन घुम्ती उपन्यासको विशलेषण गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

मनोविश्लेषणात्मक यथार्थ उपन्यास लेखकका दृष्टिले प्रसिद्ध व्यक्ति विश्वेश्वर प्रसाद कोइरालाको तीन घुम्ती उपन्यासका बारेमा विभिन्न लेखक, तथा समालोचकहरूको विश्लेषणात्मक टीका टिप्पणीहरू गरेका छन । जसलाई काल क्रमिक गरिएको छ ।

इन्द्रवहादुर राई नेपाली उपन्यासका आधारहरू (२०३१) मा तीन घुम्तीका निर्णयहरूमा बारेमा यसो भन्दछन् - "प्रथम निर्णयमा, इन्द्रमायाले पीताम्बर नचुनेकी भए उपस्थित सामाजिकता चुनेकी हुन्थी तेस्रो निर्णयमा इन्द्रमायाले पति मात्र चुनेकी भए मानवीयता अफालेकी हुन्थी, नचुन्दा पनि चुनेकी हुन्थी" ।

कृष्णचन्द्रसिंह प्रधान नेपली उपन्यास र उपन्यासकार (२०३७) मा भन्दछन्: "रमेशसँगको समागमपछि इन्द्रमायाले गरको पापबोधले उसमा परम्परागत संस्कार र मर्यादाको नैतिक पक्ष इङ्गित गर्छ ।प्रधानले इन्द्रमायाले रमेशसँग समागम गरेपछि पापबोध गरी वागमतीमा नुहाउने र पशुपतीको दर्शन पुर्वीय संस्कारको नैतिक पक्षको बोध भएको देखिन्छ । यसबाट तीन घुम्ती संस्कृति उपन्यासको पक्षमा जोड दिइएको छ ।

कृष्णसिह प्रधान उपन्यास सेरोफेरो (२०४०) तीन घुम्ती नयाँ दृष्टिमा भन्दछन- "लेखकले मूल नारी चरित्रको सामाजिक मान्यता भएकाले उपन्यासको सम्पूर्ण धरातल समग्र कथ्यता वा परिवेश मर्यादा केन्द्रित छ । सामाजिक नारी चरित्रलाई मर्यादा र यसलाई स्वीकार नगर्ने आचरणकी इन्द्रमायाले सृष्टिबाट मर्यादाको पुननिरूपणतिर उपन्यासले संकेत गर्दछ । फ्रायडको यौन मनोविष्लेषण सिद्धान्तमा आधारित यो उपन्यासले त्यसैलाई पछ्याउनपट्टि जति ध्यान दिएको छ उति अन्य चारित्रीक विकास, तारतम्य र संङ्गतितिर नगरिएको स्पष्ट हुन्छ ।"यस भनाइलाई प्रधानले नारीचेतनाको सामाजिक मान्यतामा लेखकको मूल दृष्टि भएकोले कथ्यको समग्र पक्ष र परिवेश मर्यादामा केन्द्रित छ भनेका छन । सामाजिक मर्यादाको विपरित गएर आफ्नो स्वनिर्णय गर्ने इन्द्रमायाको विचारमा मार्यादाको पुन : विचार हुनु पर्छ भनिएको छ । फ्रायडको यौन मनोविशलेषणमा आधारित भएर उपन्यासले जति त्यसलाई सुसंस्कृत रूपमा प्रष्ट्याएको छ । त्यति चरित्रको विकासमा ध्यान दिन सकेको छैन । यसले यस शोधकार्यमा सामाजिक मर्यादाको विश्वदृष्टि प्रस्तुत गरेको छ ।

लक्ष्मीकुमार कोइराला विश्वेश्वर कोइराला : समालोचन र विचार(२०५३) नारीवृत्ति उपन्यासकार कोइरालाको वैज्ञानिक दृष्टिकोण शीर्षकमा भन्दछन : "उपन्यासकारले हाम्रो समाजका नारीलाई ठीक यस्तै सवल सक्षम आत्मनिर्णयी,

स्वावलम्बी एवम जस्तोसुकै परिस्थितिसँग पनि जुध्न सक्ने शक्तिशाली हुनुपर्ने बनाउनु पर्ने आवश्यकता देखेका छन जस्तो इन्द्रमाया ।"यस भनाइमा लक्ष्मीकुमारले नारीलाई इन्द्रमाया जस्तै सबल सक्षम र स्वाभिमान भएर जस्तो सुकै सामाजिक परिस्थितिसँग जुध्नु पर्ने कुरा व्यक्त भएको छ । नारीलाई सचेत र शक्तिशाली बनाउने तर्फ यसले ध्यान आर्कषण गराएको छ । यसमा नारी अस्तित्वलाई बढी जोड दिइएको छ ।

रामदयाल राकेश नेपाली साहित्य विभिन्न आयाम (२०५५) मा भन्छन : "एउटी नारीको यस्तो ठोस र साहसिलो कदम हाम्रो जस्तो सङ्कटग्रस्त समाजका लागि स्वागत योग्य नहोला तर इन्द्रमायाप्रति हाम्रो साहानुभूति स्वत : हुन जान्छ ।" राकेशले यस भनाइमा इन्द्रमायाले एउटी नारी भएर चालेको साहसिक कदमलाई हाम्रो पुरातनवादी समाजले स्वीकार नगरेता पनि हामी यसलाई स्वागत गरेर ऊप्रति साहानुभूति प्रकट गर्न सक्छौं भन्ने विचार राखेका छन् । यसले पनि नारी अस्तित्वमा बढी जोड दिएको छ ।

कृष्णहरि बराल र नेत्र एटम उपन्यास सिद्धान्त र नेपाली उपन्यास (२०५८) मा भन्दछन : नारीले सामाजिक र आर्थिक सुविधा तथा साधन नपाएर पनि इन्द्रमायाले गरेका निर्णय नारीवादी मानसिकताको उद्‌बोधन हो । त्यसैले तीन घुम्ती नारी अस्तित्व तथा स्वतन्त्रताको वकालत गर्ने नारीवादी उपन्यास हो । यसमा बराल र एटमले समाजमा नारीले पुरुषले जस्तो सामाजिक र आर्थिक क्षेत्रमा सुविधा नपाए पनि इन्द्रमायाको निर्णयले नारीको मानसिकतालाई उजागार गरेको छ भन्ने विचार राखेका छन । यसले नारी अस्तित्व र स्वतन्त्रताको पक्षमा नै वकालत गरेको छ ।

प्रा.डा. भूपति ढकाल विश्वेश्वर प्रसाद कोइराला कथा र उपन्यासको विश्लेषण (२०५८) मा यसो भन्दछन्- "इन्द्रमाया यिनै स्वैच्छिक तीनवटा निर्णयहरू एकातिर हाम्रो परम्परित मूल्य, मान्यता र रूढिग्रस्त सोचाइ विरुद्ध गम्भीर चुनौतिका रूपमा उभिएका छन् भने अर्कातिर अस्तित्ववादका ज्वलन्त नमुनका रूपमा प्रस्तुत भएका छन्" । ढकालले इन्द्रमायाले गरेका तीनवटा स्वनिर्णयबाट हाम्रो परम्परित समाजको मूल्य, मान्यता र रूढि ग्रस्त सोचाईको विरुद्ध विद्रोह गरेको देखिन्छ भन्ने धारणा राखेका छन । यसमा नारी अस्तित्वलाई नै प्रमुख रूपमा जोड दिइएको देखिन्छ ।

यमप्रसाद खनालले गरिमा (अङ्क ८, वर्ष १९, २०५८), **तीन घुम्ती** उपन्यासभित्र विभिन्न घुम्तीहरूको अस्तित्ववादी विश्लेषण शीर्षकमा स्वतन्त्र निर्णयद्धारा पीताम्बरलाई प्रेमी, स्वतन्त्र वरणद्धारा पीताम्बरलाई पति, स्वतन्त्र इच्छाशक्ति र अस्तित्व, सार्थक जीवन बोधद्वारा रमेशसँगको यौन सम्पर्कबाट मातृत्व प्राप्ति जस्ता उपलब्धि हासिल गरेकी इन्द्रमायाका तीनवटै घुम्तीहरू जघन्य निर्णयहरू सबै अस्तित्ववादकै मियोमा घुमेका देखिन्छन् भनेका छन् ।खनालले इन्द्रमायाले गरेका तीन ओटा निणर्यमा केवल अस्तित्ववादले नै प्रमुख भूमिका खेलेको छ भन्ने भाव व्यक्त गरेका छन । उसले पीताम्बरलाई प्रेमी र पति स्वीकार गर्नु , रमेशसँग शारीरिक सम्बन्ध राख्नु र पतिको गृह त्याग गर्नुमा अस्तित्ववादकै भूमिका देखिन्छ । त्यसैले यसमा पनि नारी अस्तित्वलाई नै प्रमुखता दिइएको छ ।

इन्द्रमायाले आफ्नो पहिलो निर्णयमा पिताम्बर नचुनेकी भए परम्परावादी सामाजिक मर्यादालाई चुनेकी हुन्थी । तेस्रो निर्णयमा पनि उसले पिताम्बरलाई नत्यागेकी भए मानवियतालाई जिवितै राखेकी हुन्थी । यही कुरा राईले यसमा व्यक्त गरेकी छन । यसमा इन्द्रमायाले आफ्नो स्वनिर्णय नगर्दाको पाटोलाई केलाएको छ ।

शोधार्थी जीतेन्द्र खनाल तीन घुम्ती उपन्यासको कृतिपरक अध्ययन(२०६१) शीर्षक शोधपत्रमा भन्दछन्- “सामाजिक मूल्यलाई आफ्नो प्रेमको बाधक सम्झने इन्द्रमायाले पीताम्बरलाई स्वस्तफूर्त वरण गर्ने निर्णय गर्नु र पीताम्बरले उसलाई सहजवरण गर्नु पनि तत्कालीन सामाजिक व्यवस्था विरोधी कार्यहरू थिए” । सामाजिक मूल्य मान्यता विपरित गएर इन्द्रमाया र पीताम्बरले एक अर्कालाई वरण गरी तत्कालीन पुरातनवादी सामाजिक मान्यताको विरुद्ध कार्य गरेका छन  भन्ने विचार यस भनाईमा पाईन्छ ।

यसरी **तीन घुम्ती** उपन्यासको समय समयमा अध्ययन भएको देखिन्छ तर साहित्यको समाशास्त्रीय अध्ययन भएको देखिदैन । माथि उल्लिखित पुर्वाध्ययनलाई हेर्दा धेरै समीक्षाहरूले उपन्यासको अस्तित्ववादी यौन मनोविज्ञानवादी, नारीवादी दर्शनमा छलफल गरेको देखिन्छ । हालसम्म यस उपन्यासको साहित्यको समाजशास्त्रीय अध्ययन र विश्लेषण नभइकोले यसको आवश्यकता महसुस गरी तीन घुम्ती

उपन्यासको साहित्यको समाजशास्त्रीय अध्ययन र विशलेषणमा शोध कार्य गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

मनोबैज्ञानिक उपन्यासकार विश्वेश्वर प्रसाद कोईरालाको तीन घुम्ती उपन्यासका बारेमा विभिन्न विद्धान तथा समालोचकहरूले विविध शीर्षक र पक्षमा अध्ययन र समालोचनात्मक टिप्पणी गरेको पाइए पनि यस उपन्यासको समाजशास्त्रीय विश्लेषण हुन सकेको पाइदैन । त्यसैले तीन घुम्ती उपन्यासको समाजशास्त्रीय विश्लेषण गर्न चाहाने जुनसुकै स्तरका पाठक तथा अनुसन्धानकर्ताहरूका लागि यो शोधकार्य उपयोगी र औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधकार्य मार्फत तीन घुम्ती उपन्यासको समाजशास्त्रीय विश्लेषण गरिएकाले साहित्यको समाजशास्त्रीय विश्लेषण क्रममा साहित्यको समाजशास्त्रीय सिद्धान्त प्रयोग गरिएको छ । यस अन्तर्गत दर्पण सिद्धान्त र समीक्षा सिद्धान्तका मूलभूत मान्यताका आधारमा यस उपन्यासमा प्रजाति, युग र पर्यावरण संस्कृति, विश्वदृष्टि, कार्यकारण, भाषा, अनुभूतिको संरचना र लेखकको दोहोरो भूमिका जस्ता बुँदामा केन्द्रित भएर विश्लेषण गर्नु नै यस शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा पुस्तकालयीय अध्ययन पद्धतिलाई नै सामग्री सङ्कलन मूल आधार बनाइएको छ । तीन घुम्ती उपन्यासका बारेमा विश्लेषण भएका पुस्तक, प्रकाशित पत्रपत्रिका, समालोचकीय लेख कृति तथा पूर्व अध्ययन भएका शोधकार्य आदिलाई स्रोत सामग्री बनाइएको छ । यसका साथै साहित्यको समाजशास्त्रीय सिद्धान्तलाई नै आधार मानेर मूलतः मेडम डे स्टेल, इपिली टेन र रवर्ट स्कार्पिटको दर्पण सिद्धान्त तथा रेमण्ड विलियम्स, गोल्डम्यान र लियो लावेन्थलको मान्यता समीक्षा सिद्धान्तलाई विश्लेषणको आधार बनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सुगठित र व्यवस्थित पार्नका लागि चार परिच्छेदका मूल शीर्षकमा विभाजन गरी आवश्यकता अनुसार शीर्षक उप शीर्षक र उप-उपशीर्षक समेत राखेर प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : साहित्यको समाजशास्त्रीय सैद्धान्तिक रूपरेखा

तेस्रो परिच्छेद : तीन घुम्ती उपन्यासको समाजशास्त्रीय विश्लेषण

चौथो परिच्छेद : उपसंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# साहित्यको समाजशास्त्रको सैद्धान्तिक रूपरेखा

## २.१ विषय प्रवेश

यस परिच्छेदमा साहित्यको समाजशास्त्रको सैद्धान्तिक निरूपाण गर्ने क्रममा साहित्यको समाजशास्त्रको अर्थ पृष्ठभूमि, परिचय र परिभाषा दिँदै सैद्धान्तिक विश्लेषणका आधारहरूको निर्धारण गरिएको छ ।

### २.१.१ अर्थ र पृष्ठभूमि

मानिस सामाजिक प्राणी हो । उसको सम्बन्ध प्रत्यक्ष रूपमा समाजसँग रहेको हुन्छ । समाज आर्थिक, नैतिक, सामाजिक, भौतिक जस्ता आदि विषयहरूको अन्तरसम्बन्धबाट निर्मित भएको हुन्छ । त्यसैले समाजलाई सामाजिक अन्तरसम्बन्धको जालोको रूपमा लिइन्छ । मानिसको सम्बन्ध समाजसँग प्रत्यक्ष रूपमा हुने भएकोले गर्दा उसको समाजसँगका सम्बन्ध, सहचार्य, समाजविकासमा उसले खेलेको भूमिका र सम्बन्धले ल्याएको परिपाटिका साथै विकास भएको समाजविकास प्रक्रियाको अध्ययन गर्नु समाजशास्त्रको लक्ष्य हो । समाजशास्त्रले समग्र समाजका साथै मानवीय आचार व्यवहारको र क्रियाकलापको अध्ययन गर्दछ । यसरी समाजशास्त्रलाई समाजमा विद्यमान आर्थिक, धार्मिक, नैतिक, भौतिक र मनावैज्ञानिक आदि विषयको सम्पूर्ण रूपमा अध्ययन गर्ने विषय मानिन्छ ।

समाजशास्त्रका जन्मदाता अगस्ट कोम्ते हुन् । उनले ल्याटिन शब्द सोसाइटस र लोगोसको अन्वय गरी सोसियोलोजी शब्दको जन्म दिएका हुन् । ल्याटिन शब्द सोसाइटसको अर्थ समाज र लोगोसको अर्थ विज्ञान भन्ने हुन्छ । सोसियोलोजीको नेपाली रूपान्तर समाजशास्त्र हो । समाजशास्त्रको सम्बन्ध मानवीय क्रियाकलापसँग सम्बन्धित भएकोले गर्दा यसको सम्बन्ध सामाजिक संरचनाका विभिन्न शाखाहरूसित पनि रहेको हुन्छ । समाजशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, नीतिशास्त्र एवम् अन्य

भौतिक शास्त्रहरू समेतले आ-आफ्नै किसिमले आफ्ना विषय क्षेत्रभित्र अध्ययन गरिरहेका हुन्छन् । यी सबै शाखाहरूको समन्वय गरी, एकै ठाउँमा राखेर अध्ययन अनुसन्धान गर्ने कार्य समाजशास्त्रले गर्दछ । त्यस्तै साहित्यसित समाजशास्त्रका यिनै विषयहरूको समन्वय गरी गरिने वैज्ञानिक अध्ययन पद्धति साहित्यको समाजशास्त्र हो । साहित्यको समाजशास्त्रको प्रमुख उद्देय भनेको समाजसँग साहित्यको सम्बन्धको खोजी, अध्ययन र व्याख्या विश्लेषण गर्नु हो । तर समाजसित साहित्यको सम्बन्ध सरल नभएकोले गर्दा यी दुई बिचको सम्बन्ध खोज्नु जटिल कार्य मानिन्छ । यसका आफ्नै प्रकारका विधागत प्रवृत्ति र विशेषताहरू हुन्छन् । प्रथमः व्यक्ति व्यक्तिको मेलबाट परिवार र परिवार परिवारको मेलबाट समाज बन्दछ । त्यही समाजभित्र एउटा लेखक वा स्रष्टाको जन्म हुन्छ । ऊ त्यस समाजको द्रष्टा पनि हुन्छ । यही कारणले गर्दा लेखक वा सर्जकमा सामाजिक छाप गहिरो रूपमा भएको पाइन्छ । कला साहित्य ज्ञान र विज्ञान जस्ता कुरा एउटा सर्जकको सृजना भएकोले गर्दा यसमा पनि सामाजिक प्रभाव पाउन सकिन्छ किनभने समाजले नै लेखकमा भएको मानवीय चिन्तनलाई अनुकूल र प्रतिकूल प्रभाव पार्ने गर्दछ । साहित्य पनि एउटा मानवीय चिन्तनको उपज भएकोले यसमा सामाजिक प्रभाव पाउन सकिन्छ । त्यसैले हिन्दी साहित्यका प्रसिद्ध समालोचक डा.मैनेजर पाण्डेयका अनुसार साहित्यको रचना एक सामाजिक कर्म हो, कृति एक सामाजिक उत्पादन तर साहित्यको रचना व्यक्तिले गर्दछ । त्यसैले समाजसँग साहित्यको सम्बन्ध बुझ्नका लागि समाजबाट रचनाकार व्यक्तित्वको ठोस ऐतिहासिक सम्बन्धको ज्ञान आवश्यक हुन्छ । जो असामाजिक वा वैयक्तिक साहित्य ठान्छन् तिनीहरूको समेत समाजसित एक प्रकारको सम्बन्ध हुन्छ । समाजको आलोचना गर्ने वा समाजसित विद्रोह गर्ने साहित्यको समेत समाजसँग एक प्रकारको सम्बन्ध हुन्छ (पाण्डेय, १९८९ : ११७) । त्यसैले समाज र साहित्य एक अर्काप्रति अन्तरसम्बन्धित हुन् । साहित्य विना समाज भएता पनि समाजविना साहित्यको निर्माण कदापि हुन सक्दैन । समाज र साहित्यलाई गहिरो रूपमा नबुझी न त साहित्यको अध्ययन विश्लेषणबाट समाजको वास्तविकता खुट्याउन सकिन्छ, न त सामाजिक यथार्थबाट साहित्यको समाजको अध्ययन नै राम्रोसँग गर्न सकिन्छ । त्यसैले साहित्यको

समाजशास्त्रको अध्ययन गर्न साहित्य र समाजको अन्तर्सम्बन्धको महत्वलाई गहिरो रूपमा बुझ्न अति आवश्यक देखिन्छ ।

साहित्यको समाजशास्त्रको सैद्धान्तिक विवेचना गर्ने प्रथम व्यक्ति फ्रान्सेली दार्शनिक र समालोचक इपिली टेन हुन् । टेनले साहित्य र कलाको विकासमा जाति, क्षण र परिवेशवलाई जोड दिएर यो सिद्धान्त तयार पारेका हुन् (जैन, १९८६ :२१) । साहित्यको समाजशास्त्र साहित्य र समाजशास्त्रको अन्वयबाट बनेको छ । साहित्यमा अभिव्यक्त भएका विषयहरू समाजभित्रकै अनेकौं विषहरूको आयतन भित्र रहेका हुन्छन् । यस्तै साहित्यमा जीवनव्यक्त भएकोले गर्दा यसको स्वरूप स्रष्टा द्रष्टाको मस्तित्ष्कमा निर्मित मानवजीवनको स्वरूपमा आधारित हुन्छ । समाजमा भएका राजनीतिक, सांस्कृतिक, भौतिक, आर्थिक एवम त्यसको वातावरणले व्यक्तिलाई कसरी दिसा निर्देश गर्दछ भन्ने कुराको खोजी समाजशास्त्रबाट गरेर साहित्यमा त्यसको रूपरेखा खोजिन्छ । हिन्दी साहित्यका प्रसिद्ध समालोचक मैनेजर पाण्डेयले साहित्यको समाजशास्त्रको लक्ष्य साहित्यिक कृतिको सामाजिक अस्मिताको व्याख्या गर्नु हो । साहित्यिक कृतिको सामाजिक अस्मिताको रचनाको सामाजिक सन्दर्भ तथा सामाजिक अस्तित्वबाट निर्मित हुन्छ (जैन, १९८६ :xiii) ।  उनले कुनै पनि साहित्यक रचना कृतिको रूपमा स्थापित हुनका लागि पाठकसम्म पुग्नु पर्ने धारणा व्यक्त गरेका छन् र यसरी पाठसम्म पुग्नका लागि रचनाले एउटा लामो आर्थिक र सांस्कृतिक प्रक्रियाको बाटो तय गर्नुपर्ने उनको धारणा छ । लेखनलाई साहित्य बनाउन केवल समाजशास्त्रमा मात्र सम्भव छ अरु समालोचना पद्धतिमा छैन भन्ने उनको धारणा पाइन्छ । यसरी समाजबाट लेखकले कच्चा पदार्थ लिने र पुनः समाजलाई परिमार्जित गरेर दिने कार्य साहित्यमा गरिन्छ । साहित्यकारले समाजमा के देख्यो ? समाजबाट लिएर आफ्नो प्रतिभाले के कति परिमार्जन गऱ्यो ? र उसले समाजलाई के दियो ? जस्ता विषयको अध्ययन र विश्लेषण साहित्यको समाजशास्त्रले गर्दछ ।

साहित्यको समाजशास्त्रको पृष्ठभूमिलाई नियाल्दा यसको मूल प्लेटोसम्म पुगेको पाइन्छ । प्लेटोले प्रतिपादन गरेको अनुकरण सिद्धान्तमा पनि केही रूपमा साहित्यका समाजशास्त्रको विज पाइन्छ । समाजले साहित्यको स्वरूप निर्माण गर्दछ भन्ने धारणा

१७ औँ शताब्दीतिर पाइन्छ (जैन, १९८६ :२१) । १८ औँ शताब्दीका प्रसिद्ध इटालेली विधिशास्त्री तथा चिन्तक गियाम्बाटिस्टा विकोले आफ्नो कृतिको **द न्यू साइन्स** (१७२५) बाट सामाजिक सन्दर्भबाट कृतिको विश्लेषण गर्ने प्रक्रिया थालनी गरेको पाइन्छ । यिनले सामाजिक सन्दर्भबाट होमरको महाकाव्यको अध्ययन विश्लेषण गरी ग्रिसली समाजको चित्रण प्रस्तुत गरेका छन् (शर्मा र लुइटेल, २०६३ : १२६) । यिनले होमरका कृतिको इलियड र ओडिसीलाई सामाजिक र भौगोलिक वातावरणसँग दाँजेर विश्लेषण गरेका थिए ।

विको पश्चात् साहित्यलाई समाजपरक दृष्टिकोणले अगाडि बढाउनेमा हर्डर र मेडम डे स्टेल हुन् । यिनीहरू दुवैले साहित्यलाई जलवायु, भुगोल र प्राकृतिक दृश्यसँग जोडेर विश्लेषण गरे (जैन, १९८६ :१४) । हर्डरले कुनै पनि साहित्यिक कृतिले विशेष क्षेत्रलाई स्वीकार्नुको कारण र त्यही कृतिको अर्को समाजमा प्रतिष्ठित हुन नसक्नुको कारण त्यहाँको जलवायुको विविधता, प्राकृतिक दृश्य, जाति, रीतिरिवाज र राजनीतिक पक्ष हो भनेका छन् । त्यसैले उनले साहित्यमा जलवायु तथा भौगोलिक, तत्वलाई जोडदिँदै हरेक कृतिको जड विशेष सामाजिक र भौगोलिक वातावरण हुन्छ भन्ने धारणा राखेका छन् (जैन, १९८६ :२१) । मेडम डे स्टेलले पनि साहित्यको सम्बन्धलाई जलवायु, भूगोल र सामाजिक सन्दर्भसँग जोडेकी छन् । उनले साहित्यमा धर्म,रीतिरिवाज र कानुनको प्रभाव के कति परेको छ भनेर परीक्षण गर्नु साहित्यको अध्ययनको उद्देश्य हो भनेकी छन् (जैन, १९८६ :१६) । यसरी हेर्दा साहित्यलाई भौगोलिक र सामाजिक सन्दर्भसँग जोडेको देखिन्छ ।

साहित्यको समाजशास्त्रको विकास १९ सौँ शताब्दीको आरम्भमा पनि भएको देखिदैन । यस शताब्दीको आरम्भसम्म पनि १७ सौँ शताब्दीकै पुरानो मान्यता देखिन्छ । यस समयसम्म साहित्यलाई जलवायु जमिन र राष्ट्रिय चेतनासँग जोडेर हेरिन्थ्यो (जैन, १९८६ :१५) । यसबाट के देखिन्छ भने १९ औँ शताब्दीसम्म पनि साहित्यलाई जलवायु, रीतिरिवाज र भौगोलिक पर्यावरणसँग जोडेर हेरिन्थ्यो ।

१९ सौँ शताब्दीमा आएर साहित्यको समाजशास्त्रीय अध्ययनको सैद्धान्तिक थालनी फ्रान्सेली चितक इपिली टेनले प्रारम्भ गरे । टेनले आफ्नो पुस्तक 'हिस्ट्री अफ लिटेरेचर' मा प्रजाति, युग र पर्यावरणलाई साहित्यको विश्लेषणको आधार बनाएर सैद्धान्तिक धारणा प्रस्तुत गरे (शर्मा, लुइटेल, २०६३ : १२७) । यसरी प्लेटोबाट प्रारम्भ भएको समाजशास्त्रीय अध्ययनको सानो विजले टेनको समयमा आएर सैद्धान्तिक स्वरूप प्राप्त गरेको देखिन्छ । त्यसैले टेनलाई साहित्यको समाजशास्त्रको प्रवर्तक मानिन्छ ।

२० सौँ शताब्दीमा आएर साहित्यको समाजशास्त्रले मार्क्सवाद, फ्रायडवाद, संरचनावाद आदिका मान्यताहरूलाई समाहित गर्दै आफ्नो क्षेत्र फराकिलो बनाएको छ । यसरी आजको समयसम्म आएर साहित्यको समाजशास्त्रमा दुई धारा मीमासावादी धारा र अनुभववादी धाराको विकास भएको देखिन्छ । मीमांसावादी धारामा मार्क्सवादी, आलोचनात्मक समाजशास्त्री र संरचनावादी धारा पाइन्छ । अनुभववादी धारामा पुरानो विधेयवादी दृष्टि पाउन सकिन्छ । अनुभववादी धाराको प्रतिनिधित्व इपिली तेन मेडेम डे स्टेल र रवर्ट स्कापिटले गरेका हुन् । त्यस्तै मीमांसावादी धाराको प्रतिनिधित्व लियो लावेन्थल, लुसिए गोल्डम्यान र रेमल्ड विलियम्सले गरेका छन् ।

यसरी प्लेटोबाट देखापरेको सामाजिक अध्ययनको परम्पराले टेनसम्म आएर पूर्ण रूपमा सैद्धान्तिक मान्यता प्राप्त गरेको छ । हालसम्ममा आएर यसले मार्क्सवाद, फ्रायडवाद र संरचनावाद आदिका मान्यतालाई समेट्दै आफ्ना विभिन्न हाँगाहरू सहित आफ्नो परिचय स्थापित गरी व्यापक बनाउन सफल प्रयास गरेको छ ।

### २.१.२ परिभाषा

साहित्यको समाजशास्त्रका बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नो धारणा अनुसार परिभाषित गरेको पाइन्छन् । सामान्तया परिभाषाहरूले सैद्धान्तिक क्षेत्रलाई समेट्ने प्रयास गर्ने भएकाले सैद्धान्तिक हिसाबले यसको विश्लेषण गर्नुपूर्व ती परिभाषाहरू प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

साहित्यको समाजशास्त्रको परिभाषा गर्ने क्रममा मैनेजर पाण्डेयले साहित्यको समाजशास्त्र आफ्नो जनक समाजशास्त्रको आधार, अनुशासन, प्रयोजन र पद्धति भन्दा विल्कुल स्वतन्त्र हुन सक्दैन । साहित्यको समाजशास्त्र सामाजिक संरचना, संस्था र व्यक्ति तथा समाजको सम्बन्धको अध्ययनको एउटा अनुशासन हो भनेका छन् (पाण्डेय, १९८९ : ३२) ।

साहित्यको समाजशास्त्रको परिभाषा गर्दै निर्मला जैनले साहित्यका समाजशास्त्रीहरूका कार्य साहित्यिक रचनाका केवल ऐतिहासिक र सामाजिक प्रतिबिम्बको खोजी गर्नु मात्र नभएर विशिष्ट साहित्यिक रचनामा निहित मूल्यको पद्धति समेत स्पष्ट गर्नु हो भनेकी छन् (बराल, २०६७ : ६०) ।

साहित्यको समाजशास्त्र भनेको साहित्यिक संस्था साहित्यिक संस्थाको संरचना एवम् साहित्यिक प्रकार्यको व्यवस्थित अध्ययन गर्ने विज्ञान हो भन्ने धारणा लेखनाथ दाहालको पाइन्छ (दाहाल, २०५८ : ६०) ।

साहित्यको समाजशास्त्रको परिभाषा गर्ने क्रममा अर्का विद्वान् डा. ऋषिराज बरालले साहित्यको समाजशास्त्रले समाजमा कस्ता कस्ता धर्मका कस्ता जातपातका, कस्तो वर्ण, प्रकृति, लिङ्ग र प्रजातिका मान्छेहरू छन । तिनको क्रमबद्ध अध्ययन गर्दछ भनेका छन् (जैन, १९८६ : ५) ।

मैनेजर पाण्डेयले साहित्यको समाजशास्त्रले आधुनिक समाजमा साहित्यको वास्तविक स्थिति र भूमिकाको यथार्थवादी ढङ्गले बुझ्ने प्रयत्न गर्दछ भनेर परिभाषित गरेका छन् (दाहाल,२०५८ : १३)।

यसरी साहित्यको समाजशास्त्रको बारेमा विभिन्न विद्वान्हरूले व्यक्त गरेको धारणालाई हेर्दा यसलाई वैज्ञानिक ढङ्गले साहित्यमा समाजको अध्ययन विशलेषण गर्ने समालोचना प्रणालीको रूपमा यसलाई लिन सकिन्छ । यसले समाजमा भएका व्यक्ति संस्था र सामाजिक संरचनाको अध्ययन, अनुशासित ढङ्गले गर्दछ । यसले साहित्यिक रचनामा भएको ऐतिहासिक र सामाजिक प्रतिबिम्बनको खोजी गर्दछ । साथै विशिष्ट

साहित्यमा भएको मूल्यको खोजी पनि गर्दछ । साहित्यको समाजशास्त्रले समाजमा भएका धर्म, जाति, लिङ्ग, संस्कृति र परम्परा जस्ता कुराहरू साहित्यमा कसरी प्रतिविम्बत भएको छ भनेर अध्ययन गर्दछ । त्यसैले साहित्यको साजशास्त्र आधुनिक समाजमा आएर साहित्यमा भएको सामाजिक स्थिति र भूमिकाको यथार्थपरक ढङ्गले अध्ययन गर्ने उपयुक्त साधन बनेको पाइन्छ भन्ने कुरा माथि उल्लेखित धारणाहरूबाट स्पष्ट हुन्छ ।

साहित्यको समाजशास्त्र समाजशास्त्रको नवीनतम विकसित रूप भए तापनि यसले साहित्यको वस्तुनिष्ठ र वैज्ञानिक अध्ययन गर्दछ । समाजमा हुने भएका सामाजिक व्यवहार, आचारण, क्रियाकलाप, संस्कृति, आर्थिक, सामाजिक, राजनीतिक पक्षहरू कृतिमा कसरी प्रतिविम्बित भएका छन् भनेर साहित्यको समाजशास्त्रले अध्ययन गर्दछ । यसले एउटा लेखक सामाजिक प्राणी भएकोले उसले देखेको, भोगेको र अनुभव गरेको समाज, उसको व्यक्तिगत अनुभूतिका आधारमा अभिव्यक्त भएको मान्यता राख्दछ । यसरी समाजमा भएका समग्र आर्थिक, सामाजिक, सांस्कृतिक तथा समाजका विभन्नि जात जाति, धर्म, वर्ग, समूह, लिङ्ग आदिको आचार व्यवहार र मान्यतालाई साहित्यिक कृतिमा खोजी गर्नु साहित्य र समाजको सम्बन्ध देखाउनु तथा साहित्यमा भएको मुल्यको खोजी गरेर प्रस्तुत गर्नु नै साहित्यको समाजशास्त्रीय अध्ययन हो ।

## २.२. साहित्यको समाजशास्त्रको स्वरूप

साहित्यको समाजशास्त्रको स्वरूपलाई हेर्दा यसको आफ्नै मौलिक सिद्धान्त भएको पाइन्छ। यसको चिन्तन विशेष गरेर आधुनिक समाजमा साहित्यको सामाजिक स्थिति र सार्थकताको पहिचान गर्न बौद्धिक प्रयोजनका लागि भएको पाइन्छ । यसले आधुनिक समाजमा साहित्यको वास्तविक स्थिति र भूमिकाको यथार्थ ढङ्गले विश्लेषण गर्ने प्रयत्न गर्दछ । साहित्यको समाजशास्त्रको स्वरूपलाई नियाल्दा यसले मार्क्सवाद , फ्रायडवाद, संरचनावाद जस्ता प्रसिद्ध समालोचनाबाट पनि विचार ग्रहण गरेको

पाइन्छ । साथै कृतिभित्र लेखक, कृति र समाजको तुलनात्मक अध्ययन एवम् विश्लेषण गर्ने भएकाले यसको स्वरूप व्यापक देखिन्छ ।

साहित्यको समाजशास्त्रले मुख्य रूपमा गद्यविधा अन्तरगत आख्यान र नाटकको विश्लेषण गरेको पाइन्छ । यसले यी विधाभित्र भएका धर्म, संस्कृति, रीतिरिवाज, लेखक, प्रतिभा र कल्पना आदिको उचित मूल्याङ्कन तथा विश्लेषण गर्दछ । यसको स्वरूपलाई हेर्दा यसले विशेष गरेर मीमांशावादी र अनुभववादी धारालाई अँगालेको पाइन्छ । मीमांशावादी धारा अन्तरगत मार्क्सवादी, आलोचनात्मक समाजशास्त्र र संरचनावादी दृष्टिको प्रयोग पाइन्छ । अनुभववादी धारामा पुरानो विधेयवादी दृष्टिको प्रयोग भएको पाइन्छ । यसरी विभिन्न सिद्धान्त र धारालाई हेर्दा साहित्यको समाजशास्त्रको स्वरूप बृहत देखिन्छ भने विधागत रूपका आधारमा भन्दा केही यसको स्वरूपमा केही सीमाबद्ध पनि पाउन सकिन्छ ।

## २.३ साहित्यको समाजशास्त्रको सिद्धान्त र मान्यता

साहित्यको स्वतन्त्रताको विषयमा विसौँ शताब्दीको प्रारम्भदेखि चर्को बहस भएको पाइन्छ । बहसकर्ताको मान्यता अनुसार साहित्य एक स्वतन्त्र विधा र लेखनबाट आउनु पर्छ भन्ने थियो । विशेष गरेर पश्चिममा राष्ट्रहरूमा विकास भएको पुँजीवादले साहित्य र समाजका जटिलताहरू ल्याइरहेका थिए । यस्ता समास्याहरूको निराकरण गर्नका लागि विभिन्न विधाहरू अगाडि आए । कसैले स्वपनिल चिन्तनबाट कसैले कल्पना र कसैले मनोगत सिद्धान्तका आधारहरू प्रस्तुत गर्ने काम गरे । यी सबै मान्यता र सिद्धान्तहरू असफल भएपछि साहित्यले अर्को वैकल्पिक बाटो रोज्दै समाजशास्त्र, भाषाशास्त्र, मनोविज्ञान र इतिहासको सहायताले साहित्यको अनुसन्धानको प्रारम्भ भयो । तर भाषाशास्त्रले यस बाटोमा अवरोध पुऱ्याएइको कुरा डा. मैनेजर पाण्डेले व्यक्त गरेका छन् (पाण्डेय, १९८९ : ३१) ।

रूपवाद, प्राग र पेरिस संरचनावाद, अमेरिकी नयाँ समीक्षा, शैली विज्ञान आदि जस्ता भाषिक समप्रदायको जन्म भए तापनि सही रूपमा साहित्यको सामाजिक

अध्ययन गर्नमा कुनै मद्दत गर्न सकेन । त्यसैले साहित्यको सामाजिक अध्ययन गर्नको लागि समाजशास्त्रको जन्म भयो ।

साहित्यको समाजशास्त्रको मुख्य उद्देश्य भनेको समाजसित साहित्यको सम्बन्धको खोजी गर्नु हो । साहित्यको समाजसितको सम्बन्ध सरल नभएर जटिल प्रकारको हुन्छ । यही जटिल सम्बन्धको अध्ययन र अनुसन्धान समाजशास्त्रीय सिद्धान्तद्वारा गरिन्छ । साहित्यमा कल्पना तत्वको पनि प्रयोग भएको हुन्छ । कल्पना र यथार्थलाई छुट्याउने साधन भनेको नै समाजशास्त्र हो । त्यसैले डा. मैनेजर पाण्डेयको अनुसार साहित्यको समाजशास्त्रले आधुनिक समाजमा साहित्यको वास्तविक स्थिति र भूमिकाको यथार्थवादी ढङ्गबाट विश्लेषण गर्ने प्रयत्न गर्दछ (पाण्डेय, १९८९ : ३१) ।

साहित्यको समाजशास्त्रको विकास सँगसँगै प्रमुख रूपमा दुईवटा सिद्धान्त आएको देखिन्छ । एउटा जसमा साहित्यमा समाजको अभिव्यक्तिको खोजी गरिन्छ । यसलाई मीमांसावादी धारा भनिन्छ । अर्को सिद्धान्तमा साहित्यको समाजमा भएको स्थितिको विश्लेषण गरिन्छ । यसलाई अनुभववादी वा विधेयवादी सिद्धान्त भनिन्छ (पाण्डेय, १९८९ : ३२) । मीमांसावादी सिद्धान्तलाई समीक्षा सिद्धान्त र विधेयवादी सिद्धान्तलाई दर्पण सिद्धान्त पनि भनिन्छ । साहित्यलाई सम्पूर्ण रूपमा बुझ्नका लागि सामाजिक र ऐतिहासिक प्रक्रियासँग साहित्यको प्रक्रियाको परिवर्तनशीलतालाई बुझ्न अति जरुरी देखिन्छ । किनभने साहित्यको सम्पूर्ण घटना ऐतिहासिक र सामाजिक प्रक्रियाबाट घटेको हुन्छ । त्यसैले लेखक, कृति र पाठकको बीचमा भएको आपसी सम्बन्धलाई सामाजिक र ऐतिहासिक प्रक्रियाको अङ्गको रूपमा यथार्थवादी ढङ्गले बुझ्नु पर्दछ । मीमांसावादी सिद्धान्तले प्रकृत्ति समाज र चेतनाको विकासशील सम्बन्धको सैद्धान्तिक ढाँचालाई आवश्यक मान्दछन् । अर्कोतर्फ प्रत्यक्ष रूपमा इन्द्रियले बोध, प्रतिति र अनुभवलाई अनुभववादी सिद्धान्तले व्याख्या गर्दछ । यसमा आँखाले प्रत्यक्ष देख्ने यथार्थ र भोगेर अनुभव गरिने यथार्थलाई महत्व दिइन्छ (पाण्डेय, १९८९ : ३२) ।

यसरी मीमांसावादी र अनुभववादी सिद्धान्तबाट समाजशास्त्रीय अध्ययन गर्न सकिन्छ ।

मार्क्सवाद र अन्य सिद्धान्तलाई केही रूपमा ग्रहण गरेर नयाँ किसिमले समाजशास्त्रको अध्ययन गर्ने जमर्को पनि गरेको पाइन्छ । तर पनि साहित्यको समाजशास्त्रीय अध्ययनका लागि प्रमुख रूपमा मीमांसावादी धाराबाट समीक्षा सिद्धान्त र अनुभववादी सिद्धान्त धाराबाट दर्पण सिद्धान्तलाई सैद्धान्तिक मान्यताका साथ प्रस्तुत गर्न सकिन्छ ।

### २.३.१ दर्पण सिद्धान्त

दर्पण सिद्धान्तले साहित्यलाई समाजको दर्पणका रूपमा मान्दछ । साहित्यको भाषामा यसलाई प्रत्यक्षवादी विधेयवादी सिद्धान्त पनि भनिन्छ । यस सिद्धान्तले साहित्यलाई दर्पणका रूपमा स्वीकार गरेकाले गर्दा समाज र साहित्यको प्रत्यक्ष सम्बन्ध हुन्छ भन्ने मान्यता राख्दछ (आचार्य, २०६७ : १७) । यसमा कलासाहित्यको वस्तुगत पक्षमा बढी जोड दिइने हुनाले साहित्यकारको देशकाल, परिस्थिति सामाजिक राजनीतिक, आर्थिक र साहित्यिक परिवेशलाई बढी महत्वका साथ ध्यान दिइन्छ । यस साहित्यिक चिन्तनमा मानवले प्रत्यक्ष रूपमा अनुभव गर्ने इन्द्रियबोध प्रतिति र अनुभवलाई प्रधानता दिइन्छ । यस सिद्धान्तले समाजमा कस्ता, जाति, धर्म लिङ्ग र सम्प्रदायका मानिस बस्दछन् भनेर उनीहरूको सामूहिक स्वरूप क्रियाकलाप र प्रस्तुतिलाई गहन रूपमा अध्ययन गर्दछ (आचार्य, २०६७ : ३१) । यस सिद्धान्तले सामाजिक परिवेशले नै कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा अहम् भूमिका खेल्दछ भन्ने मान्यता राख्न्दछ । कृतिभित्र कृतिकार व्यक्तित्व र कृतिकार व्यक्तित्वभित्र उसको सामाजिक परिवेश विद्यमान हुने कुरा यस सिद्धान्तमा स्विकारिएको छ (दाहाल, २०५८ : १८) । यसरी यस सिद्धान्तमा साहित्यकारको मस्तिष्कमा परेको सामाजिक प्रभावको विश्लेषण गरिन्छ ।

यसरी साहित्यको समाजशास्त्रीय सिद्धान्त अन्तर्गत पर्ने दर्पण सिद्धान्तको आधारमा नै समाज र सामाजिक संस्थाको ऐतिहासिक विकासक्रम तथा त्यसमा भएको परिवर्तनको विश्लेषण गरिन्छ । यस सिद्धान्तले कृति, कृतिमा वर्णित समाज तथा समसामयिक समाजका बीच तुलनात्मक अध्ययनद्वारा सिद्धान्तको पुर्ननिरीक्षण गर्छ ।

यस सिद्धान्तले कृतिको अन्तर वस्तुमा विशेषतः ध्यान दिने गर्दछ । कृतिको रचनाको विगत, वर्तमान र भविष्यको परिस्थतिको पनि विश्लेषण गर्दछ (पाण्डेय,२०६७ : ३४) । यसरी दर्पण सिद्धान्तले साहित्यकारले कृति लेख्दा भन्दा अगाडिको लेख्दाको,समय र कृति लेखेपछिको अवस्थाको अध्ययन गर्दछ तथा कृतिमा साहित्यकारको व्यक्तित्वको प्रभावलाई नियाल्ने कार्य गर्दछ ।

साहित्यको समाजशास्त्रका जन्मदाता फ्रान्सेली समालोचक टेनले दर्पण सिद्धान्तलाई अगाडि बढाउन प्रमुख भूमिका खेलेका हुन् । उनले यस सिद्धान्तमा प्रजाति, युग र पर्यावरणका अवधारणा अगाडि ल्याएर यस साहित्यिक सिद्धान्तको वैज्ञानिक रूपरेखा प्रस्तुत गरेका छन् । उनले कृतिमा कृतिकारले रचना गर्दाको युग र पर्यावरणका साथै लेखकको प्रजातिको छाप परेको हुन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । टेनले आफ्नो कृति 'अङ्गेजी साहित्यको इतिहास' मा साहित्यको नैतिकताको टीकाटिप्पणी गरेर यस सिद्धान्तलाई पुष्टि गर्ने कोसिस गरेका छन् (पाण्डेय, १९८९:३१)। टेनले कला साहित्यमा सामाजिक घटना र तथ्य हुने तथा तथ्य र घटनाका बीच कार्यकारण सम्बन्ध हुने कुरा व्यक्त गरेका छन् (पाण्डेय, १९८९:३१) ।

यसरी उनले प्रजाति अन्तर्गत व्यक्तिगत रूपमा रहेका लेखकका वंशानुगत प्रवृत्ति, उसको मानसिक र शारीरिक बनावटको चर्चा गरेका छन् । उनले युगमा साहित्यकारले कृति लेख्दाको समयलाई विशेष जोड दिएका छन् । त्यस्तै परिवेश र पर्यावरणमा प्राकृतिक र सामाजिक परिवेश गरी दुई भागमा बाँडेका छन् । यसमा प्राकृतिक परिवेश मुख्य र सामाजिक परिवेशलाई गौणका रूपमा लिएका छन् । उनको विचारमा समाजमा विभिन्न विचारहरू र विश्वासहरूको जन्म भएर प्रवाहित भइरहेको हुन्छ । यसले समाजमा एकखालको प्रभाव पार्दछ । यस्ता विचारले लेखकको व्यक्तित्वमा प्रभाव पार्दछ । यी विचारहरू लेखकले आफ्नो कृतिमा प्रस्तुत गर्दछ । यसरी टेनले प्रजाति, युग र पर्यावरणले मानसिक चेतनमा प्रभाव पार्ने हुनाले त्यही मानसिक संरचनाका आधामा युगको विशेषता खोज्नु पर्ने तथा रचनाको समकालीन विचारलाई खोज्न तत्कालीन विचारको गहिराइसम्म पुग्नु पर्ने धारणा टेनले व्यक्त गरेका छन् ।

त्यस्तै दर्पण सिद्धान्तलाई अघि बढाउने अर्का समालोचक मडेम डे स्टेल हुन् । उनी एक नारी साहित्यकार हुन् । उनले आफ्नो पुस्तक 'सामाजिक संस्थासित साहित्यको सम्बन्ध' मा आफ्ना विचार प्रस्तुत गरेकी छन् (पाण्डेय, १९८९:११७) । उनले यस पुस्तकमा मैले साहित्यसित धर्म नैतिकता तथा कानुनको प्रभाव र तिनीहरूसित साहित्यको प्रभावको जाँच गर्ने प्रयत्न गरेको छु (पाण्डेय, १९८९:१८) भन्ने धारणा व्यक्त गरेकी छन् । स्टेलले साहित्यको स्वरूप र शैलीमा प्राकृतिक परिवेश र प्रजातिको प्रभावको विश्लेषण गरेकी छन् । प्रगतिको धारणा, सामाजिक विकासको अवस्था, युग चेतना तथा जातीय चरित्रको सहायताले साहित्यको सामाजिक आधारको विवेचना गर्न सकिने धारणा व्यक्त गरेकी छन् । साहित्यको समाजशास्त्रको उक्त प्रमुख पक्ष भनेको साहित्यको परिवर्तीत रूप र विकासमा सामाजिक विकासको प्रभावको विश्लेषण हुनुपर्छ भन्दै परिवर्तनशील नयाँ साहित्यको कारण खोज्नु पर्ने धारणा उनले राखेकी छन् (जैन, १९८६:३) । उनले साहित्यलाई राजमार्गमा गुडिरहेको गाडीको ऐना हो, जो कहिले नीलो खुला आकाश र कहिले पानीको प्रवाह गराउने कालो बादल देखाउँदै हिँड्छ भनेर दर्पण सिद्धान्तलाई प्रष्ट्याएकी छन् (दाहाल, १९८९:३१) । यसरी उनले समाजको दर्पणका रूपमा साहित्यलाई व्याख्या गरेकी छन् ।

फ्रान्सेली अनुभववादी साहित्यक समाजशास्त्री रवर्ट स्कापिटले कृति सृजना हुनुपूर्वको र सिर्जना भइसकेको अवस्थाको विश्लेषणमा जोड दिएका छन् । उनको सिद्धान्त विशेष गरेर टेनबाट प्रभावित भएको देखिन्छ (दाहाल, १९८९:३१) ।

यस सिद्धान्तले लेखकप्रतिभा भन्दा पनि कृतिको उपभोग,बजार र पाठकको प्रतिक्रियाका साथै अनुभूतिलाई बढी जोड दिने गर्दछ । जे भए तापनि अनुभववादी सिद्धान्त दर्पण सिद्धान्त अन्तर्गत पर्ने साहित्यिक चिन्तन भएकोले यसले पनि साहित्यलाई समाजको दर्पणका रूपमा लिने गर्दछ ।

यसरी साहित्यलाई समाजको दपर्ण मान्दै समाजका क्रियाकलापको खोजी गरिने सिद्धान्त दपर्ण सिद्धान्त हो । यसमा कला साहित्यको प्रत्यक्ष सम्बन्धको विश्लेषण गरिन्छ । कृतिकार भित्र समाजका विविध सामाजिक पक्षको प्रभाव परेको हुन्छ र त्यही

प्रभावले गर्दा आफ्नो अनुभूतिलाई कृतिकारले कृतिमा व्यक्त गरेको हुन्छ । यसरी सामाजिक प्रभाव कृतिकार मार्फत साहित्यमा कसरी व्यक्त हुन्छ भन्ने कुराको अध्ययन र विश्लेषण गर्ने काम दपर्ण सिद्धान्तले गर्दछ । यस दपर्ण सिद्धान्तले साहित्यलाई समाजको प्रतिछाया मान्ने भएकाले साहित्यकारमा परेको समाजको अवस्था, त्यसलाई कृतिकारले रूपान्तरित गर्ने तरिका तथा त्यसलाई सहयोग गर्ने वातावरणको अध्ययन गरिन्छ । यसरी दर्पण सिद्धान्तकै आधारमा समाज विकासको ऐतिहासिक स्वरूपलाई पत्ता लगाउन सकिन्छ । यस सिद्धान्तले तथ्यको सङ्कलन पनि गर्ने भएकोले समाज विकासमा देखिएका परिवर्तनलाई पनि यसै सिद्धान्तका आधारमा बुझ्न सकिन्छ ।

## २.३.२ समीक्षा सिद्धान्त

समीक्षा सिद्धान्तले साहित्यको समाजशास्त्रीय अध्ययनका क्रममा विकसित भएको मीमांशावादी धाराको प्रतिनिधित्व गर्दछ । यस सिद्धान्तको विकास दर्पण सिद्धान्तको आलोचना रूपमा भएको पाइन्छ । दपर्ण सिद्धान्त केवल तथ्य र सूचनाको भण्डार भएको र यसले केवल सतही मात्र अध्ययन गर्छ । त्यसैले साहित्यमा समाजको गहिराईमा गएर आन्तरिक पक्षको अधययन हुनु पर्दछ भन्ने मान्यता यस सिद्धान्तले राख्दछ । समीक्षा सिद्धान्तमा कृति विश्लेषणको केन्द्रमा रहन्छ । जेने उल्फको विचारमा साहित्यको समाजशास्त्रको तीन पक्ष पाइन्छ । कृतिको व्याख्या कृतिमा भएको विचार धारा र विचार धाराका सौन्दर्य बोध गरी तीन पक्ष हुन् (पाण्डेय, १९८९:३३) । यसरी यस सिद्धान्तले साहित्यको बाहिरङ्ग पक्षलाई भन्दा पनि अन्तरङ्ग पक्षलाई बढी जोड दिन्छ । यस सिद्धान्तले तथ्यले साहित्यको अन्तरङ्गसम्म पुग्नु पर्ने मान्यता राख्दछ । यस सिद्धान्तले  कारयत्री प्रतिभालाई भन्दा भावयत्री प्रतिभालाई  प्रमुखता दिन्छ । साहित्य भनेको वैचारिक संघनताको केन्द्र भएकोले समाजमा घटेका घटनाको तथ्यलाई मात्र नस्विकारी लेखकको वैचारिक अभिव्यक्तिलाई साहित्यको रूपमा स्वीकार गर्दछ । साहित्यमा अभिव्यक्त भएको विचारलाई समाजमा पार्ने सकारात्मक र नकारात्मक प्रभावका आधारमा विश्लेषण  गरिन्छ । समीक्षा सिद्धान्तले मानव मनोवृत्ति, आचरण, इच्छा, आकाङ्क्षा र विचार आदिको सापेक्षतामा साहित्यको भूमिकालाई विश्लेषण

गर्दछ । साथै साहित्यमा आफ्नो प्रभुत्व राख्न मूल्य र मान्यताका कसीमा साहित्य र समाजको समीक्षात्मक, तुलनात्मक एवं खोजमुलक विश्लेषण गर्दछ ।

समीक्षा सिद्धान्तको मीमांसावादी धारा अन्तरगत माक्सवादी आलोचनात्मक समाजशास्त्र तथा संरचनावादका विभिन्न दृष्टिकोणहरू समावेश भएका हुन् । यस धाराको प्रतिनिधित्व गर्ने प्रमुख साहित्यको समाजशास्त्रीहरूमा लियो लावोन्थल, लुसिए गोल्डम्यान, रेमण्ड विलियम्स हुन् ।

लियो लावेन्थललाई साहित्यको सिद्धान्तको मीमांसावादी धाराको प्रारम्भकर्ताको रूपमा लिइन्छ । उनले साहित्यको समाजशास्त्रमा मनोविज्ञान महत्वपूर्ण हुने धारणा राखेका छन् र यसमा पनि उनी सामाजिक मनोविज्ञानलाई प्रमुखता दिन्छन् । लावेन्थलका अनुसार कुनै पनि व्यवहारिक समाजशास्त्रको उद्देश्य भनेको कुनै पनि कृतिको केन्द्रमा रहेको विषयवस्तुको अर्थ या मर्मलाई बुझ्नु हो । यस अर्थले कुनै विषयवस्तुको विविध सामाजिक पक्षहरू वर्ग, व्यवसाय, प्रेम, धर्म, संस्कृति जस्ता आदि कुराहरूलाई अभिव्यक्त गर्दछ (पाण्डेय, १९८९:७) ।

उनी प्राचीन संस्कृतिको अध्ययनमा जोड दिन्छन् । प्राचीन संस्कृतिभित्र पनि इतिहास खोज्नु पर्ने  धारणा उठाएका छन् । प्राचीन समयको ज्ञान लिने सर्वश्रेष्ठ बाटो भनेको प्राचीन संस्कृतिको अध्ययन हो भन्ने धारणा उनले राखेका छन् । डा. मैनेजर पाण्डेयका अनुसार १९८० मा प्रकाशित एक प्रकाशित अन्तवार्तामा म एउटा पुरानो ढङ्गको साहित्य वैज्ञानिक हुँ । आधुनिक साहित्यमा कसैले समाजशास्त्रीय व्याख्या गर्ने हिम्मत गरेका पाइदैनन् । यसमा दुई कारण हुन । आधुनिक साहित्य न त इतिहासको कसीमा खरो छ, न त त्यसले भविष्यमा नै इतिहासको ज्ञान दिन सक्छ (पाण्डेय, १९८९:१३२) । यसैले एउटा लेखकले ऐतिहासिक स्थितिको माध्यमबाट महान कृतिको समाजशास्त्रीय अध्ययन गर्न सक्दछ । लावेन्थलले लेखकको लक्ष्य भनेको साहित्यमा भएको सामाजिकताको व्याख्या गर्नु हो भन्ने राय प्रकट गरेका छन् । साहित्यमा सामाजिकताको खोज विशिष्ट प्रकारको हुनु पर्दछ । साहित्य व्यक्तिगत अनुभूतिको

भण्डार भए तापनि यसमा भएका प्रेम र प्रकृति सामाजिक सन्दर्भबाट प्रभावित भएको हुन्छ ।

लावेन्थल महान रचनाबाट मात्र साहित्यको समाजशास्त्रीय अध्ययन हुने नभई लोक साहित्यमा पनि समाजशास्त्रीय अध्ययन गर्न सकिन्छ भन्ने मान्यता राख्दछन् । उनले लोक साहित्यको माध्यमबाट कृति वा विचारको सामाजिक अर्थ तथा अभिप्रायको विश्लेषण गर्न सकिन्छ भन्ने राय राखेका छन् । बजारमा रहेका सस्ता र लोकसाहित्यमा विभिन्न वर्गको संस्कृति लुकेर बसेको हुन्छ । समाजमा प्रभावशाली वर्गको एक प्रकारको संस्कृति भए जस्तै दलित-पिडित र शोषित समुदायको आफ्नै प्रकारको संस्कृति हुन्छ । उनले लोकप्रिय साहित्यका र लोकप्रिय संस्कृतिमा रहेका तथ्यहरूलाई व्यापक सामाजिक प्रक्रियामा जोड्ने प्रयास गरेका हुन् । त्यसैले उनी लोकप्रिय साहित्य तथा संस्कृतिको मूल्याङ्कनका लागि नैतिक एवं सौन्दर्यको अनुभवमुलक पद्धतिबाट तथ्यात्मक ज्ञान लिन सकिने मान्यता राख्दछन् । उनी आफ्नो धारणा राख्दै के भन्छन भने सामाजिक वातावरणमा संस्कृति जिवित छ त्यो संस्कृतिको ज्ञान र समाजका पाठकको मानसिकताको ज्ञान हुन आवश्यक हुन्छ । यसरी सांस्कृतिक स्थितिको व्याख्याका लागि व्यवस्थित सैद्धान्तिक ढाँचाको अनिवार्यतर्फ उनले जोड दिएका छन् ।

मूलतः लावेन्थल प्राचीन संस्कृतिको अध्ययनमा जोड दिदै यसमा इतिहास खोज्न सकिने मान्यता राख्दछन् । साहित्यमा सामाजिक मनोविज्ञान हुनाले त्यसको अध्ययन हुनु पर्छ भन्दछन् । साहित्यमा मानवीय यथार्थ  हुने भएकाले व्यक्ति यर्थाथ र सामाजिक यर्थाथलाई महत्व दिएका छन् । उनले पाठकीय मनोविज्ञानमा पनि जोड दिएका छन् । महान साहित्य मात्र नभई यस्ता बजारिया र लोक साहित्यमा वर्गीय संस्कृति हुनाले यिनीहरूको पनि समाजशास्त्रीय अध्ययन हुनु पर्ने मान्यता राखेका छन् । उनको कृति विश्लेषण गर्ने आधार मार्क्सवाद र फ्रायडवाद  भए  तापनि समग्रमा भन्दा उनी साहित्यको समाजशास्त्रका  प्रखर सिद्धान्तकार हुन् ।

मीमांसावादी धाराको प्रतिनिधित्व गर्ने अर्को साहित्यको समाजशास्त्री लुसिए गोल्डम्यान हुन् । उनले विशेष गरी साहित्यिक रचनामा विश्वदृष्टिको अवधारणालाई अगाडि सारेका छन् । उनका अनुसार एक वर्ग वा समूहको जीवन जगतको बारेमा भएको सुसंगत दृष्टि नै विश्वदृष्टि हो । यो एउटा व्यक्तिको विचार नभएर समूह वा वर्गको विचार हो । यसको विकास कुनै समूह वा वर्गको सामाजिक प्रक्रियाबाट हुन्छ । विश्वदृष्टि कुनै एउटा वर्ग वा समूह दोस्रो वर्ग वा समूहसँग विभिन्न तरिकाले सम्बन्ध कायम गर्दै भावानाहरूको र विचारहको माध्यमबाट निर्माण हुन्छ (पाण्डेय, १९८९:१४८) ।

गोल्डम्यानका चिन्तन लुकाच र विजेको चिन्तनबाट प्रभावित भएको पाइन्छ (पाण्डेय, १९८९:१४७) । उनले साहित्यको समाजशास्त्रलाई उत्पतिमूलक संरचनावादको रूपमा विकास गरे तापनि उनको सिद्धान्त साहित्यिक रचनामा पाइने भाषिक संरचना नभएर समूह दृष्टिकोणको संरचना पाइन्छ । समूहको समान वर्ग वा दृष्टिकोणलाई प्रमुख प्राथमिकता दिन गोल्डम्यानले साहित्यमा देखिने समाज समान चेतना र सजातीयताद्वारा निर्माण भएको समाजलाई मानेका छन् । उनको विचारमा लेखकको विचार र समाजको विचारबाट औषत विचारको विकास हुन्छ । त्यो नै विश्वदृष्टि हो । लेखक एउटा समाजको उपज भएकोले समाजमा रहेका वर्ग तथा समूहसँगको घुलमिलको कारण तिनीहरूका चेतना विचार तथा मान्यतासँग नजिक हुने र परिचित हुने अवसर प्राप्त गर्दछ । लेखक समाजको अन्य व्यक्तिहरूसँगको सम्पर्कको कारणले गर्दा उनीहरूको विचारसँग एकाकार वा समाहित भएर अगाडि बढिरहेको हुन्छ । ती व्यक्ति तथा समुदायमा भएका विचार र मान्यताले लेखकलाई प्रभावित पार्दछ । यिनै लेखकका प्रभावित विचारहरू कृतिमा अभिव्यक्त भएका हुन्छन् । यसरी समाजका वर्ग वा समूहका विचार लेखक माध्यमबाट कृतिमा अभिव्यक्त हुने भएकोले कृति वैयक्तिक नभएर वर्ग वा समूहको सहभागिताको उपज हुन जान्छ । लेखक व्यक्तिहरूको विचार, मान्यता, भावना तथा कलाकारको विचार, भावना र मान्यतासँग अन्वित हुँदा नै विश्वदृष्टिको निर्माण हुन्छ विश्वदृष्टि अर्मूत हुन्छ किनभने यो वर्ग र समूहको विचार हो । त्यसैले यो साहित्यमा प्रकट हुँदा कतै धर्म, कतै संस्कृति, कतै

संस्कार तथा कतै दर्शनका रूपमा प्रकट हुन्छ । यसरी उनी समाजबाट कृतिको र कृतिबाट समाजको दोहोरो अध्ययन गरिनुपर्छ भन्दछन् । कृतिमा सामाजिक यथार्थ पक्षको अध्ययन गर्दै साहित्यमा विश्वदृष्टिको खोजी हुनु पर्ने धारणा राख्दछन् ।

मीमांसावादी धाराको प्रतिनिधित्व गर्ने साहित्यको समाजशास्त्री रेमण्ड विलियम्स हुन् । उनी विशेषत : अनुभव र अनुभूतिलाई बढी महत्त्व दिन्छन् । उनका अनुसार संरचनाबाट जहाँ सुनिश्चित रूपको बोध हुन्छ, त्यही अनुभूतिको संरचना पाउन सकिन्छ । त्यसैले साहित्यसँग समाजको सम्बन्धको विश्लेषण गर्दै उनले काल वा समय विशेषमा आएको लोकप्रिय अनुभूतिलाई साहित्यबाट खोज्न सक्नु पर्छ भनेका छन् । यस्तो स्तरमा संस्कृतिसँगको वास्तविक भित्री सम्बन्धको प्रकट हुन्छ (पाण्डेय, १९८९:१८२) । उनले संस्कृतिलाई महत्व दिदैं जीवनको समान पद्धति सँस्कृति मानेका छन् । संस्कृति जीवन्त अनुभवका रूपमा हुन्छ । संस्कृतिको दोस्रो रूप लेखकीय हो र कलाकृति तथा अन्य क्षेत्रमा सुरक्षित हुन्छ । संस्कृति लेखिने दस्तावेज नभएर समाजमा रहेको जीवन्त अनुभव हो । त्यसैले विलियम्स साहित्यलाई संस्कृतिको प्रमुख रूप मान्दछन् ।

समाजका व्यक्तिहरूमा भएको भोगाइ र यर्थाथ अनुभवलाई साहित्यकारले आफ्नो अनुभूतिको माध्यमद्धारा कृतिमा अभिव्यक्त गर्ने हुनाले लेखकको रचनामा समाजको प्रतिबिम्ब कलात्मक रुमपा व्यक्त हुन्छ भन्ने मान्यता रेमण्ड विलियम्समा पाइन्छ । लेखकले समाजको परम्परा, मान्यता, धर्म र संस्कृति सम्बन्धि आफ्ना अनुभूतिलाई कृतिमा व्यक्त गर्ने हुनाले विलियम्सले साहित्यलाई संस्कृतिको स्रोत मानेका छन् । यसरी साहित्यमा साहित्यकारको अनुभूतिलाई महत्व दिन सकिन्छ । त्यसैले रेमण्ड विलियम्सले लेखकले गर्ने अनुभूति, पाठकले गर्ने अनुभूति र समाजमा रहेका विभिन्न वर्ग र समूहले गर्ने अनुभूतिलाई साहित्यको समाजशास्त्रीय अध्ययनको मुख्य विषय मानेका छन् ।

## २.४ साहित्यको समाजशास्त्रीय अध्ययनका आधारहरू

साहित्यको समाजशास्त्रले समाज र साहित्यको सम्बन्धको अध्ययन गर्दछ । साहित्यमा प्रयोग भएको समाजको विश्लेषण गर्दछ । साहित्यिक कृतिमा प्रयोग भएको विषय र घटनाको कार्यकारण सम्बन्धको खोजी गर्ने कार्य गर्दछ । कुनै कृतिको सृजना गर्ने साहित्यकार एक सामाजिक प्राणी हो । ऊ आफू हुर्के बढेको समाजको उपज हो । समाजमा भएका मुल्य र मान्यताहरूबाट लेखकको व्यक्तित्व निर्माण भएको हुन्छ । त्यही समाजमा भएका संस्कृतिक, सामाजिक, धार्मिक, आर्थिक र राजनीतिक परिवेशले उसमा नकारात्मक वा सकारात्मक प्रभाव पारेको हुन्छ । त्यसैले साहित्यकार एउटा समाजको द्रष्टा बन्न पुग्दछ । उसले आफूले देखेका भोगेका र अनभुव गरेका कुरालाई आफ्नो कृतिका माध्यमद्धारा व्यक्त गर्दछ । कृतिमा लेखकका अनुभूतिहरू पोखिएका हुन्छन् । एउटा लेखकको विचार साहित्यमा पोखिनुको अर्थ समग्र समाजप्रति उसको विचार पोखिनु हो । त्यसकारण लेखकको कृतिको सामाजिक पक्षको अध्ययन गर्न समाजशास्त्रीय सिद्धान्तलाई आधार बनाइन्छ । साहित्यको समाजशास्त्रको अध्ययन आफैमा कठिन कार्य हो किनभने समाज र साहित्यको सम्बन्ध जटिल प्रकारको हुन्छ । यसमा समाजका कुनै पक्षको मात्र नभइ समग्र पक्षको अध्ययन गर्नु पर्दछ । समाजमा भएका विभिन्न पक्षहरू जाति, धर्म, रीति, संस्कृति, वर्ग, समूह र लिङ्ग जस्ता कुराहरूको अध्ययन गर्नु पर्दछ । समाजका वाह्य तथ्यात्मक पक्षको मात्र नभएर आन्तरिक पक्षको साथै समाज परिवर्तनमा साहित्यले के कस्तो भूमिका खेल्छ, त्यसको पनि अध्ययन गर्नु पर्दछ । कुनै साहित्यिक कृतिको अध्ययन गर्दा सामाजिक क्रियाकलाप र संरचनाको पनि अध्ययन गर्नु पर्ने हुन्छ । त्यसैले साहित्यको सम्पूर्ण सामाजिक पक्षको अध्ययन गर्दा साहित्यको समाजशास्त्रीय सिद्धान्तलाई आधार बनाएर गरिन्छ । साहित्यिक कृतिको समाजशास्त्रीय अध्ययन गर्दा लेखकमा जातिगत प्रभाव, संस्कृति, उसले गरेको अनुभूति, विश्वप्रतिको दृष्टि, भाषा, कृतिलेख्दाको समय र वातावरणलाई ध्यान दिनु पर्दछ । त्यसकारण साहित्यको समाजशास्त्रीय अध्ययन प्रजाति, युग र पर्यावरण, विश्वदृष्टि, कार्यकारण, संस्कृति, भाषा र अनुभूतिको संरचना

जस्ता महत्त्वपूर्ण पक्षहरूलाई आधार बनाएर गर्नुपर्दछ । तलका उपशीर्षकहरूमा तिनै विभिन्न आधारहरूको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

### २.४.१ प्रजाति

साहित्यको समाजशास्त्रीय अध्ययनलाई सैद्धान्तिक रूप दिने इपिलि टेनले साहित्यको अध्ययनमा प्रजातिको अवधारणा ल्याएका हुन् । टेनले मानव समूहमा विभिन्न जात जातिहरू हुन्छन् र प्रत्येक साहित्यकार कुनै पनि जातिको सदस्य हुन्छ । संसारका प्रत्येक जातिको आफ्नै सांस्कृतिक र ऐतिहासिक परम्परा हुन्छ । आफ्नै कलागत मूल्य हुन्छ र आफ्नै जीवनको आदर्श हुन्छ । यी सबै विशेषताहरू त्यस जातिको जीवनमा घुलमिल भएर अभिभाज्य रूपमा रहेका हुन्छन् । यस्ता जातिगत विशेषताहरू त्यस जातिका सबै साहित्यकारमा घटी वा बढी मात्रामा पाइन्छ (शर्मा र लुइटेल, २०६३ : १२५) । त्यसैले लेखकले यही जातिग विशेषतालाई आफ्नो कृतिमा अभिव्यक्त गरेको हुन्छ । यस विशेषतालाई नै टेनले प्रजातिगत विशेषता भनेका हुन् । एउटा साहित्यकारले आफ्नो साहित्यिक कृतिमा उसले आफूमा परेका प्रजतिगत विशेषतालाई व्यक्त गर्दछ । त्यस्तै आफ्नो समाजमा रहेका अन्य समूह र वर्गको प्रजातिगत विशेषतालाई पनि आफ्नो साहित्यमा व्यक्त गर्दछ । लेखकमा भएको जातिको संस्कृति, परम्परा, धर्म, रीति रीतिरिवाजलाई उसले आफ्नो कृतिमा कुनै न कुनै रूपमा व्यक्त गरेको हुन्छ । टेनले प्रजातिको रूपमा सहज वंशानुगत विशेषता स्वभाव, शारीरिक संरचना आदिको व्याख्या गरेका छन् । संसारमा भएका अनेक मानव जातिहरू धेरै टाढासम्म छरपष्ट भएर छरिएका छन् तर पनि उनीहरूले आफ्नो मूल जातीय आदर्शलाई यथावत नै राखेका हुन्छन (जैन, १९८६ : १२९) । यसरी रहेको जातिगत आर्दशलाई लेखकले आफ्नो कृतिमा व्यक्त गर्दछ । त्यसैले टेन कुनै पनि साहित्यिक कृतिको समाजशास्त्रीय अध्ययन गर्दा लेखकको प्रजातिगत विशेषतालाई बुभ्न भन्दछन् ।

१९ औं शताब्दीमा लोकप्रिय भएको प्रजातिगत अवधारणालाई टेनले नै प्रथम पल्ट समाजशास्त्रीय अध्ययनको लागि अगाडि बढाएका हुन् । यसरी कुनै पनि जातिमा

भएको शारीरिक, मानसिक संरचना, वंशानुगत विशेषताहरू नै प्रजातिगत विशेषता हुन् । त्यसैले साहित्यकारको समाज, त्यसका जात-जाति र साहित्यिक कृतिमा भएका पात्रहरूका प्रजातिगत विशेषतालाई साहित्यको समाजशास्त्रीय अध्ययनको आधार बनाउन सकिन्छ ।

## २.४.२ युग र पर्यावरण

टेनले युग र पर्यावरणलाई पनि साहित्यको समाजशास्त्रीय अध्ययनको आधार बनाएका छन् । युग भनेको लेखकले कृति रचना गर्दाको समय हो भने पर्यावरण त्यस बेलाको देश, काल र परिस्थिति हो । लेखक एउटा स्रष्टा मात्र नभएर द्रष्टा पनि हो । उसले आफ्नो समकालीन युगमा देखेका, भोगेका विषय र घटनालाई कृतिमा अभिव्यक्त गर्दछ । त्यस युगमा भएका सामाजिक र भौगोलिक पर्यावरणको सापेक्षतामा कृतिको परिवेश सृजना गरेको हुन्छ । त्यसैले कुनै पनि साहित्यकारले आफ्नो कृतिमा आफ्नो युग र पर्यावरणलाई कुनै न कुनै रूपमा समाहित गरेको हुन्छ ।

टेनका अनुसार युग अथवा क्षण भनेको लेखकले साहित्य सृजना गर्दाको समय वा काल हो । त्यसैले कुनै कृतिको अध्ययन गर्दा लेखक बाँचेको युगमा भएका सामाजिक मान्यता, समस्या र विश्वासलाई खोजी गर्नु पर्दछ । टेनका अनुसार प्रत्येक युगमा एउटा न एउटा प्रधान विचार स्थापित भएको हुन्छ । यो एउटा यस्तो बौद्धिक साँचो हो । जसको सदिऔंसम्म पनि जिवित रहने क्षमता हुन्छ (शर्मा र लुइटेल, २०६३ : १२९) । यस भनाईलाई बुझ्दा के पाइन्छ भने एउटा कुनै युगमा स्थापित भएको प्रमुख मान्यता साहित्यिक कृतिमा प्रतिविम्बित भएको हुन्छ । यसबाट कुन युगमा कस्तो किसिमको विचार प्रधान थियो भन्ने कुरा बुझ्न सकिन्छ । टेनका विचारबाट के पुष्टि हुन्छ भने कुनै पनि युग वा कालमा त्यस समाजको आफ्नै प्रकारको विशिष्ट विचार वा मान्यता हुन्छ । कुनै पनि युगमा प्रत्येक समाजले विभिन्न विचारहरू मध्ये एउटा विशिष्ट विचारलाई ग्रहण गरेको हुन्छ । ती विशिष्ट विचार नै प्रमुख भएर समाजमा स्थापित भएर साहित्यमा अभिव्यक्त हुन्छ किनभने लेखकले आफ्नो युगको महत्त्वपूर्ण विचारलाई कृतिमा अभिव्यक्त गरेको हुन्छ । कतिपय

अवस्थामा भने जनुसुकै युगका मान्यताहरू एकैनासको नभई परिवर्तनशील पनि हुन्छन । त्यसकारण सबै साहित्यकारको युग एकै किसिमको  हुँदैन । तर पनि कुन युगमा कस्तो विचार प्रधान थियो भन्ने कुराको खोजी नगरी समाजशास्त्रीय अध्ययन गर्दा त्यो अध्ययन अपुरो हुन्छ । त्यसकारण साहित्यको समाजशास्त्रीय अध्ययन गर्दा लेखकले कृतिमा  व्यक्त गरेको युगको अध्ययन गरिनु पर्दछ ।

टेनले पर्यावरणलाई परिवेशका रूपमा व्याख्या गरेका छन् । साहित्यकारमा साहित्यको सृजना गर्दा पर्यावरणले पनि प्रभाव पार्दछ । प्रत्येक साहित्यकारले जन्मदेखि नै आफ्ना वरपरको पर्यावरणबाट प्रभाव ग्रहण गर्दछ । यी प्रभावहरू पछि उसका साहित्यिक अभिव्यक्तिका रूपमा क्रियाशील हुन्छन् र यिनैका परिचालनबाट उसले साहित्यको साधना गर्छ (शर्मा  र लुइटेल,  २०६३ : १२९) । यसबाट के देखिन्छ भने लेखकले आफ्नो वरिपरिको पर्यावरण प्रभावलाई साहित्यमा अभिव्यक्त गर्दछ ।

प्राकृतिक परिवेशलाई प्रमुख र सामाजिक परिवेशलाई गौण ठान्दै टेनले मानिस संसारमा कहिले पनि एक्लै हुँदैन । उसको वरिपरि प्रवृत्ति र समाज हुन्छ । उसका आदिम प्रवृति तथा प्रजातिगत विशेषता भौतिक-सामाजिक परिस्थितिहरू र घटनाहरूबाट प्रभावित हुन्छन् (पाण्डेय, १९८९ : १२५) । जलवायु, वातावरण जस्ता प्राकृतिक परिवेशले व्यक्तिको स्वभाव निर्माण हुने र त्यही स्वभावको अभिव्यक्ति साहित्यमा पर्न जाने हुनाले उनले प्राकृतिक परिवेश र मानव स्वभाव बिच कार्यकारण सम्बन्ध हुन्छ भनेका हुन् । टेनले प्राकृतिक परिवेशलाई जोड दिएर सामाजिक परिवेशलाई वास्ता नगरेको उनको विचारबाट प्रष्टिन्छ । त्यसकराण साहित्यको समाजशास्त्रीय अध्ययन गर्दा प्राकृतिक परिवेशका साथै राजनैतिक सामाजिक परिवेश र आन्तरिक परिवेशलाई पनि अध्ययनको मुख्य आधार बनाउनु पर्दछ ।

### २.४.३ विश्वदृष्टि

साहित्यको समाजशास्त्रीय अध्ययनमा विश्वदृष्टिको अवधारणा अघि सार्ने विद्धान् लुसिए गोल्डम्यान हुन । उनका अनुसार साहित्यका कृति सामूहिक चेतना वा निर्वैयक्तिक चेतनाको अभिव्यक्ति हो किनभने यसमा लेखकको विश्वदृष्टि नीजि

संरचना मात्र नभएर यसमा उसको वर्गको अन्य व्यक्तिको पनि सहभागिता हुन्छ पाण्डे, १९८९ : १४८) । त्यसैले विश्वदृष्टि एक व्यक्तिको विचार नभएर एउटा वर्ग वा समूहको जीवन जगत प्रतिको दृष्टि हो । विश्वदृष्टि एक व्यक्तिले विकास गर्ने नभएर सामाजिक र ऐतिहासिक विकाससँगै कुनै  वर्ग वा समूहमा विकास हुन्छ ।

समाजमा रहेका विभिन्न व्यक्तिहरूको विचार, मान्यता, चाहना आदिको अन्तर सम्बन्धबाट नै विश्वदृष्टिको विकास हुन्छ । संसार र जीवन जगतलाई हेर्ने, बुझ्ने, साझा दृष्टि नै विश्वदृष्टि हो । समाजमा विभिन्न व्यक्तिहरू, वर्गहरू, विभिन्न क्रियाकलापमा संलग्न हुन्छन् । उनीहरूको सामाजिक, आर्थिक, राजनीतिक क्रियाकालप भिन्न-भिन्न प्रकारको हुन्छ । यिनै व्यक्ति, वर्ग र समूहको सामूहिक वैचारिक दृष्टिकोण नै विश्वदृष्टि हो । साहित्यकारले यिनै वर्ग वा समूहका विश्वदृष्टिलाई कला र साहित्यको माध्यमद्धारा कृतिमा कल्पना र यर्थाथको संयोजन गरी अभिव्यक्त गर्दछ । कुनै पनि कृतिमा लेखक विचार तथा चेतनाको अभिव्यक्ति हुन्छ । उसको विचार उसको समाजका व्यक्ति, वर्ग वा समूहको विचार, चिन्तन र क्रियाकलापबाट प्रभावित हुन्छ । त्यसकारण साहित्यमा व्यक्त विचारलाई लेखकको वर्ग र उसको समाजका अन्य व्यक्तिहरूको विचारसँग जोडेर हेरिनु पर्दछ । यसरी सामूहिक चेतना नै विश्वदृष्टि भएकोले साहित्यको अध्ययनको आधार विश्वदृष्टिलाई बनाउनु पर्दछ ।

## २.४.४ संस्कृति

लियोलावेन्थल साहित्यलाई संस्कृतिको रूप मान्ने विद्धान हुन् । संस्कृति भनेको मानिसका जीवनका अनुभव, ज्ञान, कला, नैतिकता, रीति रीवाज, परम्परा आदि हुन् । जुन मानिसले आफ्नो पुर्ख्यौली सम्पत्तिका रूपमा प्राप्त गरेका हुन्छन् । यो पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण भएर सर्दछ । यसरी हस्तान्तरित भएर सर्ने धर्म, परम्परा, आस्था, विश्वास र लोकाचार नै संस्कृति हुन् । संस्कृतिहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरीत हुँदा कतिपय परिवर्तीत हुन्छन् भने कति जस्ताको तस्तै रहन्छन् । कित अतितका गर्भमा विलय हुन्छन् र कति पुननिर्माण हुन पुग्दछन् ।

त्यसैले संस्कृति लिखित दस्तावेज नभएर जीवन्त  अनुभव हो । रेमण्ड विलियम्स समाजसँग संस्कृतिको र विभिन्न रूपको सम्बन्धलाई विचार गरेर समाज र संस्कृतिको परिवर्तनको बोध गर्ने लेखक नै महत्त्वपूर्ण हुन्छ भन्दछन् (पाण्डेय, १९८९ : १६१) । साहित्यकारले आफ्नो संस्कृति र समाजका भिन्न-भिन्न प्रकारका संस्कृतिलाई पनि आफ्नो कृतिमा साहित्यको माध्यमद्धारा व्यक्त गरेको हुन्छ । त्यसैले कुनै साहित्यिक कृतिको अध्ययन गर्दा संस्कृतिलाई आधार बनाउनु पर्दछ । लेखकको आफ्नै खालको संस्कृति हुन्छ र उसले आफू बसेको समाजमा अरु विभिन्न जाति जनजातिहरूको संस्कृतिलाई पनि प्रत्यक्ष रूपमा देखेको हुन्छ । यसरी उसले आफूले भोगको र देखेको संस्कृतिलाई संयोजन गरी कृतिमा अभिव्यक्त गर्दछ । त्यसकारण समाजमा भएका यी संस्कृतिहरू साहित्यमा के कसरी आएका छन् ? कुन समयमा कस्तो संस्कृति विद्यमान थियो भन्ने कुरा बुझ्नका लागि संस्कृतिलाई साहित्यको अध्ययनको आधार बनाउनु पर्दछ ।

## २.४.५ कार्यकारण

साहित्यको समाजशास्त्रका प्रारम्भकर्ता इजिली टेनले नै कृतिमा कार्यकारणको खोजी हुनु पर्ने धारणा ल्याएको हुन् । कला साहित्य सामाजिक घटना र तथ्यहरू नै हुन् तर ती घटना र तथ्यहरूका बीच कार्यकारण सम्बन्ध हुन्छ भन्ने मत टेनको छ । साहित्यकारले समाजमा भएका यर्थाथ घटनालाई तथा तथ्यलाई साहित्यमा अभिव्यक्त गरेको हुन्छ । साहित्यमा व्यक्त भएका घटना घट्नुको पछाडि कुनै न कुनै कारण अन्तर्निहित भएका हुन्छन् । साहित्यकारले त्यस्ता घटना तथा तथ्यलाई आफ्नो कल्पना र प्रतिभाले मानवीय यथार्थमा परिणत गरेको हुन्छ । यस क्रममा लेखकले आफ्नो विचार र तर्कहरू पनि प्रस्तुत गरेको हुन्छ । विचार र तर्कका माध्यमद्धारा लेखकले घटना घट्नुको कारण पनि उल्लेख गरेको हुन्छ । साहित्यकारले वस्तु तथ्यको मात्र चित्रण नगरी मानवीय यथार्थको पनि चित्रण गर्दछ । मानवीय यर्थाथ चित्रण गर्दा उसले आफ्नै अनुभूति र कल्पनाको प्रयोग गर्दछ । यसरी अनुभूति र कल्पनाको प्रयोग गर्दा घटना घट्नुको कारणहरू आफ्ना विचार वा तर्कमा प्रस्तुत गर्दछ । त्यसैले कार्यकारणलाई साहित्य अध्ययनका आधार बनाइनु पर्दछ । जलवायु वातावरण जस्ता

प्राकृतिक परिवेशले व्यक्तिहरूको स्वभावको निर्माण हुने र त्यही स्वभावको अभिव्यक्ति कला-साहित्यमा पर्न जाने सन्दर्भलाई टेनले मानव स्वभाव तथा प्राकृतिक परिवशेका बिचको कार्य-कारण सम्बन्ध मानेका हुन् । त्यसैले यही कार्य र कारण साहित्यमा अन्तर सम्बन्धित भएर आउने हुनाले कार्यकारणलाई साहित्यको अध्ययनको मापदण्ड बनाउनु पर्दछ ।

## २.४.६ भाषा

भाषा मानिसले आफ्नो अनुभव अनुभूति वा विचारको सम्प्रेषण गर्ने साधन हो । यो मौखिक र लिखित रूपमा प्रयोग हुन्छ । भाषा समाजमा प्रयोग हुन्छ । भाषा सामाजिक वस्तु हो । भाषाको माध्यमबाट नै समाजमा व्यक्ति, वर्ग र समूहको सम्पर्क स्थापित भएको हुन्छ । त्यसैले समाज र भाषाको घनिष्ट तथा प्रत्यक्ष सम्बन्ध हुन्छ । विभिन्न देश, जाति, लिङ्ग, धर्म, समूहको आ-आफ्नै प्रकारको भाषा हुन्छ । भाषाको माध्यमबाट नै उनीहरूले आफ्नो पहिचान बनाएका हुन्छन् । भाषाका प्रकारहरू पनि धेरै हुन्छन् । भाषालाई सामाजिक भौगोलिक र प्रयोजनपरक भेदका आधारमा छुट्याउन सकिन्छ । त्यसकारण एउटा साहित्यकारले आफ्नो कृतिमा सामाजिक क्रियाकलापका आधारमा आफ्नो पात्रको परिचय दिन सक्ने खालको भाषा प्रयोग गर्दछ । साहित्यमा विभिन्न सामाजिक, भौगोलिक, वर्ग, जात, धर्म र लिङ्गका पात्रहरूको प्रयोग हुन्छ । एक सफल साहित्यकारले ती पात्र अनुसारको भाषिक दायित्व निर्वाह गरेको हुन्छ । लेखक आफ्नो वैयक्तिक भाषाको पेशाबाट नाघेर अनेक जात जातिको, अनेक भुगोल भएको सभ्य, असभ्य शिक्षित र अशिक्षितको भाषासम्म फैलन पुग्दछ । त्यसैले उसले विभिन्न भाषागत विशेषता बोकेका पात्र अनुकुलको भाषा प्रयोग गरेको हुन्छ ।

साहित्यमा प्रत्येक पात्रले आ-आफ्नो बोली बोल्दछन् । यद्यपि लेखकले साहित्यमा प्रायः मानक भाषाको प्रयोग गर्दछ । लेख्य भाषा मानक भए पनि साहित्यलाई जीवन्तता दिने र पात्रको यथार्थको परिचय दिने कृतिमा केही मौलिक विशेषता दर्शाउने भाषा प्रयोग भएको हुन्छ । यसले कृतिमा रोचकता थप्नुका साथै

मौलिक सामाजिक यर्थाथलाई जीवन्तता प्रदान गर्दछ । यसरी लेखकले प्रयोग गर्ने भाषालाई लेखक भाषा र पात्रले प्रयोग गर्ने भाषालाई पात्र भाषा भनिन्छ । त्यसैले लेखकले प्रयोग गर्ने भाषा र पात्रले प्रयोग गर्ने भाषालाई साहित्यको अध्ययनको आधार बनाइनु पर्दछ । जसबाट कृतिमा भएको समाज, जाति, लिङ्ग, वर्ग र भूगोलको परिचय तथा प्रयोजन स्पष्ट हुन्छ ।

## २.४.७ अनुभूतिको संरचना

अनुभूतिको संरचनाको मान्यतालाई स्थापना गर्ने विद्धान रेमण्ड विलियम्स हुन् । एउटा साहित्यकारले आफ्नो मान्यता र विचारलाई कृतिमा उसले गरेको अनुभूतिको आधारमा व्यक्त गरेको हुन्छ । समाजमा भएका घटना वा विषयवस्तु लेखकले प्रत्यक्ष रूपमा देखेको र अनुभव गरेको हुन्छ । त्यसबाट प्रभावित भएर लेखकले अनुभूतिको माध्यमद्धारा आफ्ना विचार कृतिमा व्यक्त गर्दछ । लेखक एउटा समाजको उपज भएकोले समाजमा भएका कच्चा पर्दाथलाई ग्रहण गर्दछ । ती भौतिक पर्दाथलाई आफ्नो कला र सिर्जनाशीलताका साथै कल्पनाले प्रशोधन गरी कृतिमा अभिव्यक्त गर्दछ । यो कार्य उसको आफ्नो अनुभूतिले गर्दा भएको हुन्छ । आम मानिसमा समाजका घटना र विषयवस्तु प्रति अनुभूति जागृत हुन्छ । त्यो अनुभूति केवल क्षणिक हुन्छ । लेखकले जस्तो कल्पना र सिर्जनाशीलताको क्षमताले रङ्गयाउन सक्दैन । यो दक्षता केवल एउटा साहित्यकारले मात्र पाएको हुन्छ । कुनै वस्तु वा घटनालाई देखेपछि तत्काल अनुभूति गरेर संवेदनशील भई त्यसलाई कृतिमा उतार्ने काम साहित्यकारले गर्दछ ।

साहित्यकारले समाजबाट वस्तु, विषय र यर्थाथ घटनाहरू कच्चा सामग्रीको रूपमा लिने गर्दछ । त्यसलाई आफ्नो अनुभूतिले परिमार्जन गरी विचारको रूपमा परिणत गरी कृतिमा व्यक्त गर्दछ । कृतिमार्फत पाठक र समाज सामु प्रसारण गर्दछ । साहित्यकारले आफ्नो अनुभूतिलाई साहित्यद्धारा समाजमा प्रसारण गर्ने काम कृतिका पात्र, भाषा र संवादको माध्यमले गर्दछ । जसमा पात्र, भाषा र संवादको प्रयोग गरेर विषय र घटना प्रतिको अनुभूतिलाई मूर्त रूप दिन्छ । यति मात्रै नभएर साहित्यकारले

साहित्यबाट पाठक र समाजले गरेको अनुभूतिलाई पनि ग्रहण गर्दछ । यसरी लेखक, कृति र पाठकका विचमा निरन्तर दोहोरिने विचारको प्रक्रियालाई अनुभूतिको संरचना भनिन्छ । त्यसैले साहित्यकार पाठक र समाजको धारणा तथा  मान्यतालाई बुझ्नका लागि अनुभूतिको संरचनालाई साहित्य अध्ययनको मापदण्ड बनाउनु पर्दछ ।

## २.५ निष्कर्ष

निष्कर्षमा के भन्न सकिन्छ भने साहित्यको समाजशास्त्रको मूल उद्देश्य भनेको समाजसित साहित्यको सम्बन्धको खोजी गर्नु हो । साहित्यको समाजशास्त्र साहित्य र समाजको सम्बन्धको विश्लेषण गर्ने समालोचना शास्त्र हो । साहित्यको समाजशास्त्रले समाज प्रचलित राजनीतिक, आर्थिक, भौतिक र साँस्कृतिक आदि पक्षको खोजी गर्दछ । साहित्यमा सामाजिक क्रियाकलाप, सामाजिक संरचना र सामाजिक संस्थाहरूको खोजी गर्दछ । साहित्यकारको प्रजातिगत विशेषता, कृति सृजना गर्दाको युग र लेखक बाँच्दाको पर्यावरण कस्तो भन्ने कुराको विश्लेषण गर्दछ । तत्कालीन सामाजिक व्यवस्थाको गहिराईसम्म पुगेर अध्ययन गर्दछ । साहित्य सिर्जना हुँदाको राजनैतिक, सामाजिक र आर्थिक क्रियाकलापको जानकारी दिन्छ । साहित्यकारले व्यक्त गरेको विचार र प्रयोग गरेको पात्रको माध्यमद्धारा तत्कालीन भाषा र संस्कृतिको ज्ञान प्राप्त हुन्छ । तत्कालीन भाषा र भाषिकाको खोजी साहित्यको समाजशास्त्रले गर्दछ ।

साहित्यकारले आफ्नो अनुभूति कृतिमा व्यक्त गर्ने हुनाले उसको विचार र अनुभूतिको जानकारी प्राप्त हुन्छ । साहित्यको समाजशास्त्रीय अध्ययनबाट समाजको जाति, वर्ग, समुदाय, विचार, चेतना, सामाजिक, राजनैतिक र आर्थिक अवस्थाको अध्ययन विश्लेषण गर्न सकिन्छ । सामाजिक संरचना, समाज मनोविज्ञान र सामाजिक संरचनाको ज्ञान प्राप्त गर्न सकिन्छ । यसरी साहित्यको समाजशास्त्रको माध्यमद्धारा समाजको समग्र पक्षको विश्लेषण गर्न सकिन्छ । तथापि साहित्य र समाजको सम्बन्धको विश्लेषण आफैमा कठिन कार्य हो किनभने समाज र साहित्यको सम्बन्ध जटिल प्रकारको हुन्छ । त्यसैले समाज र साहित्यको सम्बन्धको अध्ययन विश्लेषण गर्न साहित्यको समाजशास्त्रको सिद्धान्तको विकास भएको पाइन्छ । यसमा प्रमुख रूपमा

दुई सिद्धान्तहरू पाइन्छन् । पहिलो प्रत्यक्षवादी वा दर्पणवादी सिद्धान्त जसले साहित्यलाई समाजको दपर्ण मानेर समाजको बाहिरी पक्षको अध्ययन विश्लेषण गर्दछ । दोस्रो मीमांशावादी सिद्धान्त जसले समाजको आन्तरिक पक्षको अध्ययन विश्लेषण गर्दछ । यसका अतिरिक्त साहित्यको समाजशास्त्रलाई मार्क्सवाद, फ्रायडवाद र संरचनावादको मान्यताहरूसँग निकटताको रूपमा हेरेर विश्लेषण गरेको पाइन्छ । साहित्यको समाजशास्त्रको अध्ययन विश्लेषण गर्नु आफैमा एउटा कठिन कार्य हो । यसका लागि मनोविज्ञान, सामाजिक इतिहास, लेखकको दोहोरो भूमिका र समााजिक संरचना जस्तो विभिन्न मापदण्डका आधारमा विश्लेषण गर्न सकिन्छ । मुख्यतः साहित्यको समाजशास्त्र साहित्यमा समाजको खोजी गर्ने शास्त्र भएकोले प्रजाति, युग र पर्यावरण, विश्वदृष्टि, संस्कृति, कार्यकारण, भाषा र अनुभूतिको संरचना जस्ता समाजको हरेक परिवेश तथा समग्र पक्षलाई समेट्ने सक्ने मापदण्डका आधारमा साहित्यको समाजशास्त्रको अध्ययन विश्लेषण गर्नु सबै भन्दा उत्तम हुन जान्छ ।

# तेस्रो परिच्छेद

# तीन घुम्ती उपन्यासको समाजशास्त्रीय विश्लेषण

## ३.१ परिचय

यस अध्यायमा उपन्यासकार विश्वेश्वर प्रसाद कोइरालाको परिचय र तीन घुम्ती उपन्यासको कथानक र पात्रको आधारमा चर्चा गरिएको छ । **तीन घुम्ती** उपन्यासको समाजशास्त्रीय विश्लेषण गर्ने क्रममा प्रजाति, युग र पर्यावरण, विश्वदृष्टि, संस्कृति र अनुभूतिको संरचनालाई सैद्धान्तिक आधार मानी विश्लेषण गरिएको छ ।

### ३.१.१ विश्वेश्वर प्रसाद कोइरालाको परिचय

विश्वेश्वर प्रसाद कोइराला नेपलाी साहित्यको क्षेत्रमा प्रसिद्ध कथाकार र उपन्यासकारका रूपमा परिचित छन् । उनको जन्म विं सं. १९७१ भदौ १४ गते भारतको वाराणसीमा भएको हो । उनको पिताको नाम कृष्णाप्रसाद कोइराला र माताको नाम दिव्यादेवी कोइराला हो । कोइरालाको पुख्यौली थलो पश्चिमको लमजुङ जिल्ला हो। समयक्रमसँगै कोइरालाको परिवार देशको विभिन्न भागमा फैलिएको पाइन्छ । यसरी फैलिने क्रममा कृष्ण प्रसाद कोइराला विराटनगर आएर बसेका थिए । यिनै कृष्णप्रसाद कोइरालाको जेठा सुपुत्रका रूपमा विश्वेश्वर प्रसाद कोइरालाको जन्म भएको हो । परिवारमा साहित्यिक वातावरण भएकाले उनमा सानैदेखि साहित्य प्रति रुचि जागेको देखिन्छ । वाल्यकालदेखि साहित्यतर्फ रुचि राख्ने कोइराला समाजमा विविध पक्षप्रति पनि उत्तिकै सचेत र जागरुक देखिन्थे । अध्ययनमा विशेष रुचि भएकाले औपचारिक शिक्षामा उनले सफलता प्राप्त गर्दै गए । उनले वि. सं. १९८७ मा वनारसबाट प्रवेशिका परीक्षा उर्त्तीण गरे । उनले वि. सं. १९९१ मा बी. ए. र १९९४ मा बी. एल. को औपचारिक शिक्षा क्रमशः हिन्दू विश्वविद्यालय र कलकत्ता विश्वविद्यालयबाट प्राप्त गरे । अर्थशास्त्र विषयमा एम.ए. गर्ने उनको चाहना राजनीतिकमा प्रवेशको कारणले पूरा हुन सकेन ।

विश्वेश्वर प्रसाद कोइरालाको साहित्य लेखनको प्रारम्भ हिन्दी साहित्यबाट भएको पाइन्छ । उनले प्रारम्भमा हिन्दीमा कथा लेखेको पाइन्छ । उनको सर्वप्रथम प्रकाशित रचना हिन्दी भाषामा रचिएको कथा 'वहाँ' (वि.सं १९९२) हो । त्यस्तै नेपाली भाषामा प्रकासित रचना 'चन्द्रबदन' (वि.सं. १९९२) कथा हो । उनी हिन्दी साहित्यका प्रसिद्ध कथाकार प्रेमचन्द्रबाट प्रभावित थिए । उनको पहिलो कथा प्रेमचन्दको सम्पादनमा प्रकाशित 'हँस' पत्रिकामा प्रकाशित भएको थियो । उनले नेपाली कथा लेखनको प्रेरणा भने सूर्यविक्रम ज्ञवालीबाट पाए । उनले साहित्य लेखनको प्रेरणा र प्रभाव हिन्दी साहित्यकार शान्तिप्रिय द्विवेदी, रामकृष्णा दास र मैथिलीशरण गुप्ता आदिबाट प्राप्त गरेका थिए । त्यस्तै उनले नेपाली साहित्यकारहरूबाट पनि साहित्य लेखनमा प्रभाव ग्रहण गरेका थिए । सापेक्षित रूपमा उनको गहिरो अध्ययन, चिन्तन मनन नै उनको प्रभाव र प्रेरणाको स्रोत भएको पाइन्छ ।

विश्वेश्वर प्रसाद कोइराला नेपाली आधुनिक उपन्यास परम्पराको एक शीर्ष स्थानमा रहेका औपन्यासिक व्यक्तित्व हुन् । उनले आफ्नो जीवनकालमा छ वटा उपन्यासहरू लेखेका छन् । उनका प्रकासित उपन्यासहरू '**तीन घुम्ती**' (२०२५) '**नरेन्द्र दाइ**' (२०२६) '**सुम्निमा**' (२०२७) '**मोदिआइन**' (२०३६) '**हिटलर र यहुदी**' (२०४०) तथा '**बाबु आमा र छोरा**' (२०४५) हुन् । उनका यी उपन्यासहरूमा मानवीय पक्षसँग प्रत्यक्ष सरोकार राखेका विषयवस्तु पाइन्छन् । उनका उपन्यासमा समाज, संस्कृति, परम्परा, धर्म र मानवसमुदाय केन्द्रविन्दुमा रहेको छ । फ्रायडीय यौनमनोविश्लेषणका आधारमा चेतन र अचेतन मनको गहिराइमा पुगी पात्रको मानसिक अवस्थाको उद्घाटन गर्नु कोइरालाको औपन्यासिक प्रवृत्ति हो । मुख्यत : फ्रायडीय सिद्धान्त अन्तर्गत मानवजीवनमा यौनशक्तिको भूमिकामा जोड दिइएको छ । यिनको उपन्यासमा समसामयिक युग चेतना पाउन सकिन्छ । उनका उपन्यासले मानवतावादी युगचिन्तनको सेरोफेरोमा समाजका गलत परम्परा, रूढिग्रस्त प्रचलन, धार्मिक कुसंस्कारहरूलाई सामाजिक परिवेश बनाएर व्यक्तिको मानसिक अवस्थालाई देखाएका छन् । उनका सम्पूर्ण उपन्यासहरू दर्शनकै केन्दीयतामा रचिएका छन् । तिनमा यौन र प्रेमले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । समाजमा आर्दश र नियमका बन्धनले

व्यक्तिको स्वातन्त्रता, जीवनको मूल्य र आस्थालाई नै निमिट्यान्न पार्ने भएकाले कोइरालाका उपन्यासमा त्यस्ता नियमलाई चुडाँएको पाइन्छ । समग्रमा कोइरालाको उपन्यासमा समाजमा भएको यर्थाथ घटनालाई विषयवस्तु बनाएर मानवलाई मानवकै रूपमा रहन दिएर उसको स्वतन्त्र अस्तित्वको कदर गर्दै समानता र सह-अस्तित्वको स्थापना हुनुपर्छ भन्ने मान्यता पाइन्छ ।

## ३.१.२ तीन घुम्ती उपन्यासको परिचय

यहाँ विश्वेश्वर प्रसाद कोइरालाद्वारा लिखित **तीन घुम्ती** उपन्यासको कथानक र पात्रको बारेमा चर्चा गरिएको छ ।

### ३.१.२.१ कथानक

तीन घुम्ती उपन्यासको कथा वस्तुको स्रोत भनेको नेपाली समाज हो । यस उपन्यासको मूल नारी चरित्र इन्द्रमायाको जीवनमा घटेका तीनवटा महत्त्वपूर्ण घटनालाई कथावस्तुको मूल आधार बनाइएको छ । यस उपन्यासको कथावस्तु इन्द्रमायाले विगतमा भएका घटनालाई संझेर सुरु भएको छ । यसको कथानकलाई आदि, मध्य र अन्त गरी तीन भागमा बाँडिएको छ । यस उपन्यासको आदि भाग इन्दमायाले पूर्वदीप्तिको रूपमा गर्नु र पीताम्बरलाई सुरक्षा सेनाले पक्रनुसम्मको घटना हो । यसको मध्य भाग पीताम्बर जेल गएदेखि रमेश इन्द्रमायासँग टाढा हुनुसम्मका घटना हो र यसको अन्त भाग भनेको इन्द्रमायाले मातृत्वको वरण गरेर रमेश टाढा हुँदादेखि उसले आफ्नी छोरी रमा र प्रेमीलाई आर्शिवाद दिनुसम्म हो ।

यस उपन्यासको आदि भाग इन्द्रमायाको आफ्ना जीवनका पूर्व घटनालाई स्मरण गरेर सुरु भएको छ । काठमाडौँको राजदरबारसँग नजिक रहेको सम्भ्रान्त नेवार परिवारकी छोरी इन्द्रमायाले आफ्नो कलेजको सहपाठी एक ब्राहमण युवकसँग प्रेम गर्दछ । परिवारको असहमति भए तापनि उसले पीताम्बरसँग प्रेमविवाह गर्दछ । पीताम्बर राजनीतिकर्मी भएकोले उसको घरमा राजनीति जमघट भइरन्छ । इन्द्रमाया आफ्ना पतिलाई अगाध प्रेम गर्छे र पतिका साथीहरूको पनि सेवा गर्छे । पीताम्बर

राजनीतिक कार्यकर्ता भएकोले प्रायः व्यस्त हुन्छ। यसले गर्दा इन्द्रमायाको प्राय सुख र सन्तान प्राप्ति गर्ने चाहना कुन्ठित हुन पुग्दछ । यसबाट इन्द्रमाया निराश बन्छे । एकदिन बिहान उज्यालो नहुँदै सुरक्षा सेनाले पीताम्बरलाई पक्राउ गर्दछ।

यस उपन्यासको मध्य भाग भनेको पीताम्बर जेल गएदेखि रमेश इन्द्रमायासँग टाढा हुँदासम्मको भाग हो । पीताम्बर जेल गएपछि इन्द्रमायाको जीवनमा दुःखका क्षणहरू सुरु हुन्छन् । ऊ एक्लो भएको अवस्थामा रमेश जेलबाट छुटेर आई सहारा दिएको छ । पीताम्बर जेल गएपछि आएको समस्याको टुङगो लगाउने काम रमेशले गरेको छ । पीताम्बरको अभाव पूर्ति गर्ने जिम्मा रमेशले लिएकोले इन्द्रमायासँग आत्मियता बढाउँछ । रमेशले आफ्नो मिलनसार र फरासिलो बानीले इन्द्रमायालाई प्रभावित पार्दछ। **भाउजूबाट इन्द्रमाया भाउजू, अनि इन्द्रमाया** ! जस्ता सम्बोधनहरू गरेर अन्तमा रमेश इन्द्रमायालाई आफ्ना मनको कुरा भन्दछ । सुरुमा इन्द्रमायाले यसलाई नकारात्मक सोचे पनि पछि गएर शरीर समेत समर्पण गर्न पुग्दछे। आत्मिक प्रेममा विश्वास गरेर आफ्नो शरीर रमेशलाई सुम्पेपछि ऊ पशुपति दर्शन र वागमती नुहाउन जान्छे। रमेशसँगको संसर्गबाट ऊ गर्भवती भएर मातृत्व ग्रहण गर्न पुग्छे । रमेश इन्द्रमाया गर्भवती भएको थाहा पाएर इन्द्रमायासँग टाढा-टाढा हुँदै जान्छ।

यस उपन्यासको अन्त भाग इन्द्रमायाले मातृत्वको वरण गर्नुदेखि रमेश टाढा हुनु र उसले आफ्नी छोरी रमा तथा उसकी प्रेमीलाई आशिर्वाद दिनुसम्म हो । इन्द्रमाया मातृत्वको गर्भ हुँदै गएको छ र रमेश उसँग टाढा हुँदै जान्छ । इन्द्रमाया प्रसुति हुन्छ र पीताम्बर सोही समयमा जेलबाट छुट्छ । आफ्नो कर्तव्य पालन गर्न पीताम्बर सिधै अस्पताल पुगेर इन्द्रमायालाई लिई घर आउँदछ । अब इन्द्रमायाको गर्भबाट रमेशको छोरी जन्मेको पीताम्बरले थाहा पाएर दुबैबीच मनमुटाव बढ्दै जान्छ। आपसी विश्वास र चरित्रको विषयलाई लिएर पीताम्बरले आक्रोस पोख्दछ। आफू र छोरीमा एकलाई चुन्नको लागि इन्द्रमायालाई भन्दछ । इन्द्रमाया आफूले मातृत्व ग्रहण गरेर कुनै गल्ती नगरेको तर्क राख्दछ। पीताम्बरले छोरीलाई अस्वीकार गरेको कारणले अन्तमा छोरीलाई सुनौलो भविष्य दिन मातृत्वको संरक्षण गर्दै इन्द्रमायाले पति र पतिगृह त्याग गर्दछ। इन्द्रमायाले जीवनका पूर्व घटनाहरू स्मरण

गर्दै वर्तमानमा आफ्नी छोरीको प्रेमीलाई आशिर्वाद दिएकी छ । यसरी यस उपन्यासको अन्त हुन्छ ।

यस उपन्यासको कथानक पूर्वस्मृति भए पनि वर्तमानका घटना समावेश भएका छन् । यसको कथानक घटना प्रधान नभएर चरित्र प्रधान भएको छ । कथा वस्तु प्रमुख पात्र इन्द्रमायाको वरिपरि घुमेको छ । पात्रको मानसिक विश्लेषणले बढी प्राथमिकता पाएको छ । उपन्यासमा घटना विन्यास चरित्रका तीन निर्णयका आधारमा गरिएकाले उपन्यासको कथानक सरल र सिलसिलाबद्ध छ ।

## ३.१.२.२ पात्र

तीन घुम्ती उपन्यासमा विश्वेश्वर प्रसाद कोइरालाले थोरै पात्रलाई प्रयोग गरेका छन् । यस उपन्यासमा तीन जना मात्र पात्र आएका छन् । यसमा केन्द्रिय पात्रको रूपमा इन्द्रमाया आएकी छ । उसको केन्द्रियतामा अरु पात्र उपस्थित भएका छन् । यस उपन्यासमा विभिन्न वर्गका पात्रहरू आएका छन् । यी पात्रहरूलाई यस प्रकार वर्गीकरण गर्न सकिन्छ । यस उपन्यासमा दृश्यका आधारमा (क) मञ्चीय पात्र र (ख) नेपथ्यीय पात्र छन् । मञ्चीय पात्रमा इन्द्रमाया, पीताम्बरका साथीहरू, रमाकी प्रेमी, इन्द्रमायालाई सहयोग गर्ने आइमाई र सुरक्षा सेना आएका छन् । यसमा पुरुष र नारी पात्रहरू पनि आएका छन् । प्रमुख पुरुष पात्रहरूमा पीताम्बर र रमेश तथा नारी पात्रमा इन्दमाया र उसकी छोरी रमा छिन् । यस उपन्यासमा प्रमुख, सहायक र गौण पात्रहरू पनि छन् । प्रमुख पात्रमा इन्द्रमाया आएकी छ । सहायक पात्रमा रमेश र पीताम्बर आएका छन् । गौण पात्रहरूमा इन्द्रमायाकी आमा, पीताम्बरका साथीहरू, इन्दमायालाई सहयोग गर्ने आइमाई, सुरक्षा फौज र रमाकी प्रेमी आएका छन् । यस उपन्यासमा चरित्र र स्वभावका आधारमा परिवर्तनशील र स्थिर पात्रहरू आएका छन् । परिवर्तनशील पात्रका रूपमा इन्द्रमाया र रमेश आएका छन् भने स्थिर पात्रका रूपमा पीताम्बर आएको छ ।

यस उपन्यासको पात्रहरूको चरित्रलाई नियाल्दा उनीहरूको आ-आफ्नै विशेषता देखिन्छ । यस उपन्यासको केन्द्रिय चरित्र इन्द्रमाया हो । उसको केन्द्रियतामा कथानक

अगाडि बढेको छ । यस उपन्यासका तीन घुम्ती प्रमुख नारी चरित्र इन्द्रमायाका जीवनका घुम्तीहरू हुन् । इन्द्रमायाले यी तीनवटा घुम्तीहरूमा रूढिग्रस्त सामाजिक मान्यता विरुद्ध गम्भीर चुनौती दिएकी छ । उसले सामाजिक मान्यता विरुद्ध अन्तरर्जातीय प्रेमविवाह, परपुरुषको संसर्ग र पतिगृह त्याग गरेकी छ । इन्द्रमायाले समाज विरुद्ध विद्रोह गरेर नारी जातिको अस्मिताको रक्षा गरेकी छ । अन्तरजातीय प्रेमविवाह गर्नु, लोग्नेको अनुपस्थितिमा परपुरुषसँग दैनिक सम्बन्ध राख्नु जस्ता कदम उठाएर समाजमा नयाँ मान्यताको स्थापना गरेकी छ । त्यस्तै पीताम्बर यस उपन्यासको अर्को पात्र हो । पीताम्बर व्यक्तिगत जीवनभन्दा सामाजिक र राजनीतिक जीवन प्रति उत्तरदायी छ । उसका स्वभाव जिम्वेवारी राजनीतिक कार्यकता, गम्भीर, स्थिर र असल प्रेमी रहेका छन् । उसको राजनीतिक कार्यको व्यस्तताले परिवारमा आवश्यक समय दिन सक्दैन । उसको निरस बानी व्यवहारले परिवारलाई समेत निरश बनाएको छ । पीताम्बर परिवारिक दायित्व बहन गर्न नसक्ने गैर जिम्मेवारी पात्र हो । उसका यस्ता क्रियाकलापले उसको परिवारिक जीवन माथि नकारात्मक असर पुगेको छ । अर्को पात्र रमेश आत्मीय प्रेमको आडमा शारीरिक भोक तृप्ती गर्ने अवसरवादी प्रवृतिको पात्र हो । इन्द्रमाया एक्लो भएको मौका पारी प्रेमको नाटक गरेर उसको सतीत्व लुटेको छ । रमेश इन्द्रमायालाई प्रेमको जालमा फसाएर धोका दिने प्रवृति भएको पात्र हो । उसैको कारणले गर्दा इन्द्रमायाको परिवार विखण्डन हुन पुगेको छ । इन्द्रमाया र पीताम्बरको सम्बन्ध विगारेर उनीहरूको पारिवारिक विखण्डन बनाउने रमेश एउटा निच पात्र हो ।

यसरी कोइरालाले यस उपन्यासमा सामाजिक मान्यताको विरुद्ध विद्रोह गर्ने र अस्तित्वका लागि सङ्घर्ष गर्ने इन्द्रमाया, पुरातन रूढिवादी सामाजिक परम्परा मान्ने पीताम्बर र व्यक्तिगत स्वार्थमा लिप्त रमेश जस्ता पात्रहरू उभ्याएका छन् ।

विश्वेश्वर प्रसाद कोइरालाको तीन घुम्ती उपन्यास यसै उपन्यासकी प्रमुख नारी पात्र इन्द्रमायाको जीवनका तीनवटा मोडहरूमा आधारित छ । यस उपन्यासको केन्द्रियतामा एउटा नारी उभिएकी छे । नारीको पारिवारिक वृतमा व्यक्तिगत अस्तित्वमा आधारित विद्रोहको वकालतबाटै त्यसको महत्व समाजमा स्थापित गर्नेतर्फ

यो उपन्यास उद्धत छ । इन्द्रमायाले गरेका तीन वटा निर्णयले यसको पुष्टी गर्दछ । उसले पहिलो निर्णयमा पारिवारिक मर्यादा विपरित अन्तरजातीय विवाह गरेकी छ । दोस्रो निर्णयमा आफ्नो पतिको अनुपस्थितिमा पर पुरुषसँग लैङिगक सम्बन्ध गाँसेर सामाजिक मर्यादा विपरित गएकी छ । त्यस्तै अन्तमा पति र पतिको गृह त्याग गरेकी छ । यी तीन घुम्तीहरूमा इन्द्रमायाले समाजसँग विद्रोह गरेकी छ । समाजमा चलिआएका पुरातन मान्यता, परम्परा, जातीय विभेद, धर्म, संस्कृति र वर्ग विभेदको कुरालाई यस उपन्यासमा समेटिएको छ । यसरी सामाजिक पक्षको चित्रण गरिएको यस तीन घुम्ती उपन्यासलाई साहित्यको समाजशास्त्रको निम्न सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ :

- प्रजाति
- युग र पर्यावरण
- विश्वदृष्टि
- संस्कृति
- कार्यकारण
- भाषा
- अनुभूतिको संरचना

## ३.२ तीन घुम्ती उपन्यासको समाजशास्त्रीय विश्लेषण

प्रस्तुत अध्यायमा तीन घुम्ती उपन्यासको समाजशास्त्रीय विश्लेषण गर्ने क्रममा माथि उल्लेख गरिएको तत्वहरूको आधारमा विश्लेषण गरिएको छ ।

### ३.२.२.१ प्रजाति

तीन घुम्ती उपन्यासमा हिन्दू परम्परागत मान्यता मान्ने ब्राहमण र बौद्ध परम्परालाई मान्ने नेवार समाज प्रजातिगत रूपमा आएका छन् । इन्द्रमायाको माइती परिवार काठमाडौको मध्य सहरी क्षेत्रको पुरानो बासिन्दा हो र नेवार समुदाय हो ।

जातीय कट्टरता र शासक वर्गकोसँगको निकटता यस समुदायको बिशिष्टता हो (त्रिपाठी, २०६७ : ४१३) । पीताम्बर नेपालको कुनै पहाडबाट झरेको एक्लो ब्राहमण परिवारको युवक हो । इन्द्रमायाका आमाबाबुले पीतम्बरसँगको छोरीको विवाहलाई अस्वीकार गर्नुको कारण ऊ पर्वते बाहुन हुनु र नेवारी जातीय कट्टरता नै हो । त्यसैले इन्द्रमायाकी आमा भन्दछिन् : "इन्द्रमाया ! यो कसरी हुन्छ ? ऊ पर्वते बाहुन, हामी नेवार वैश्य (कोइराला, २०६७ : ३६) ।" यसरी यस उपन्यासमा अर्न्तजातीय विवाहलाई समाजले स्वीकार नगरेको तथा यसलाई जातीय विभेदको दृष्टिकोणले हेर्ने जस्ता कुरा प्रजातिका रूपमा आएका छन् । यसमा दुई जातिको उल्लेख भएता पनि ती जातिले गर्ने जातीय कर्म र संस्कारगत कार्यहरूको कतै पनि उल्लेख गरिएको छैन । यस उपन्यासमा सहरिया नेवार र ब्राहमण दुवै परिवारसँग सम्बन्धित रहेको सामाजिक साँस्कृतिक धार्मिक जस्ता कुराहरू प्रजातिका रूपमा आएका छन् । यस उपन्यासमा काठमाडौँको सम्पन्न नेवार परिवारको संस्कार र त्यससँग इन्द्रमायाले गरेको सङ्घर्ष आएको छ । त्यसको परिणाम नारीले मात्र भोग्नु पर्ने देखिन्छ । यस उपन्यासको मूल कथानक दुई जाति नेवार र ब्राहमण परिवारको सेरोफेरोमा भएकोले यी दुई जातीय संस्कार प्रजातिको रूपमा आएको छ ।

उपन्यासमा परापूर्वकालदेखि चलिआएको आर्थिक अवस्थालाई पनि उपन्यासकार कोइरालाले प्रजातिगत मुल्य दिएका छन् । यस उपन्यासमा मूल रूपमा दुई आर्थिक वर्गका मानिस भेटिन्छन् : मध्यम वर्ग र निम्न वर्ग । यस उपन्यासको मध्यम वर्गमा इन्द्रमायाको माइती पर्दछ भने निम्न वर्गमा पीताम्बर पर्दछ । इन्द्रमायाका माइती आर्थिक हिसाबले मध्यम वर्गीय रहेको छ । जसको सम्बन्ध दरबारसँग निकट छ । उनीहरूले पीताम्बरसँग इन्द्रमायाको सम्बन्ध अस्वीकार गर्नु वर्गीय कारण पनि हो । मध्यम वर्गीय भएकै कारणले इन्द्रमायाले छोरी भएर पनि शिक्षा आर्जन गर्ने अवसर पाएकी छ । यही शिक्षाका कारणले सचेत हुन पुगेकी इन्द्रमाया अरु नेपाली नारी भन्दा भिन्न प्रकृतिकी पनि छे । पीताम्बर एक्लो टुहुरो रोजगारको लागि पहाडबाट काठमाडौँ झरेको विपन्न युवक हो । केही पढे लेखेको भएकोले सानो नोकरी गरेर जीवन यापन गर्दछ । यही आर्थिक असमनताले गर्दा नै

इन्द्रमायाको माइतीले उनीहरूको सम्बन्धलाई अस्वीकार गरेको छ । आफ्नो विपन्नताको कारणले नै पीताम्बरले इन्द्रमायासँग विवाहको प्रस्ताव राख्न सकेको छैन । ऊ विवशता प्रकट गर्दै भन्दछ : "मैले पनि धेरै दिन साचेँ तर निर्णय लिन सकेको थिइनँ, तिम्रा आमा-बाबा, समाज र स्वयं तिम्रो पनि विचार आउँथ्यो मलाई (कोइराला, २०६७ : १३) ।"

नारीले पुरुषमाथि निर्भर हुनुपर्ने नेपाली सामन्ती आर्थिक संरचनामा विवाहका निम्ति पुरुषको वर्गीय अवस्थिति पर्याप्त निर्णायक रहन्छ र खासगरी कन्यापक्षका अभिभावकले यस्ता कुरामा ध्यान पुऱ्याउँछन् । पीताम्बरको इन्द्रमायाका माइतीका समकक्ष नरहेको यही वर्गीय अवस्थितिसमेत उसको इन्द्रमायासँग दाम्पत्य सम्बन्ध सहज ढंगले स्थापित हुन नसक्नु एउटा मूल कारण बनेको देखिन्छ (त्रिपाठी, २०६७ : ५२१) ।

तीन घुम्ती उपन्यासमा इन्द्रमायाको रमेशसँग सम्बन्ध स्थापित हुनमा पनि पीताम्बरको कमजोर आर्थिक अवस्था देखिन्छ । पीताम्बर जेल परेपछि इन्द्रमायालाई दुईछाक टार्न पनि धौं धौ परेको छ । "धन भने पनि नभने पनि म सँग एक जोर कानका पातला मुन्द्रा थिए, त्यसलाई फुकालेर फेरि पसले बूढी आमा कहाँ पुगेँ र भने, "आमा ! यो राखेर मलाई केही दिनसम्म च्युरा र आलु दिने गर (कोइराला, २०६७ :३०) ।" यस्तो दयनीय अवस्थामा रमेशको साहरामा बाँच्नु उसको बाध्यता देखिन्छ । आफ्नो दुःखका दिनमा सहयोग गर्ने रमेशप्रतिको कृतज्ञताको भावनाले गर्दा नै रमेशको प्रेमलाई स्वीकारी उसले आफ्नो सर्वस्व सुम्पेको छ । यसरी पीताम्बरका वर्गीय स्थितिद्वारा इन्द्रमायाका जीवनका निर्णयहरू केही मात्रामा प्रभावित भएका छन् ।

रमेश आर्थिक हिसाबले बलियो भएको मध्यम परिवारको व्यक्ति हो । ऊ निर्धक्कसँग पैसा खर्च गर्दछ । उसले इन्द्रमायको दैनिक आवश्यक्ता मात्र टारेको छैन । इन्द्रमायाको सम्पूर्ण शृङ्गारका सामान किनिदिने र मनोरञ्जनमा पनि खर्च गर्ने गरेको छ । "मैले तौलिया फुकालेर हेरेँ "साबुन, तेल, पाउडर,स्नो, लिपस्टिक, सेन्ट आदि

स्वास्नी मानिसका श्रृँगारका साधनहरू थिए । मैले गदगद भएर भनैं , "यो के गरेको रमेश ? किन ल्याएको यी सब कुरा मलाई ? (कोइराला, २०६३ : ३४) ।" यी सम्पूर्ण सन्दर्भहरूलाई नियाल्दा रमेश आर्थिक हिसाबले मध्यम परिवारको भएको पुष्टि हुन्छ ।

**तीन घुम्ती** उपन्यासमा आएका तीनवटै पात्रहरूलाई हेर्दा मध्यम र निम्नस्तरका छन् । नेवार परिवारका इन्द्रमाया र रमेश मध्यम वर्गको देखिन्छ भने ब्राहमण परिवारबाट आएको पीताम्बर निम्न वर्गको देखिन्छ ।

यसरी यस तीन घुम्ती उपन्यासमा जाति, उक्त जातीय संस्कार, सामाजिक, आर्थिक, शारीरिक र मानसिक संरचनालाई विभिन्न वर्ग र तहमा रहेका विचार र चिन्तनका माधयमबाट प्रजातिगत विशेषता झल्काइएको छ ।

## ३.२.२. युग र पर्यावरण

तीन घुम्ती उपन्यासको युग र पर्यावरणलाई युग र पर्यावरण गरी दुई भागमा बाँडेर अध्ययन गर्नु पर्ने हुन्छ । युग भनेको तत्कालीन समय हो र पर्यावरण भनेको तत्कालीन स्थान वा परिवेश हो । यस उपन्यासको सुरुवात इन्द्रमायाको उमेर १६ वर्षको हुँदा भएको छ । त्यसपछिको २९ वर्षको समय यसको युग हो । यो पञ्चायती शाशन कालमा लेखिएको देखिन्छ तापनि उपन्यासले प्रस्तुत गरेको युग चाहिँ त्यसभन्दा धेरै अगाडिको हो । त्यसबेला राणाहरूको हुकुमी शासन भएको त्यस शासनको विरुद्ध क्रान्ति लहर देशमा चलेको छ । १९९७ मा शहीदकाण्ड भएको र २००७ सालमा प्रजातन्त्र प्राप्त भएको देखिन्छ । २००७ सालपछि एक दशकको अवधि पार हुन नपाउँदै पुनः अर्को एकतन्त्रीय शासन पञ्चायती व्यवस्था आएको देखिन्छ । यसै राजनीतिक र सामाजिक परिवेशमा तीन घुम्ती उपन्यासको विषयवस्तु आएको छ । मूल रूपमा तत्कालीन राणाकालीन समय (विक्रम सम्वत् १९९६- २००६) र गौण रूपमा त्यस पश्चातको कालिक परिवेशको काठमाडौंको स्थानीय वासिन्दा मध्यमवर्गीय नेवार परिवार र काठमाडौंमा भर्खरै पहाडबाट झरेका निर्धन पर्वते बाहुनको जीवनको परिवृत्तको एउटा कथा हो (त्रिपाठी, २०६७ :४१३) ।

स्थानगत परिवेशका दृष्टिले हेर्दा यस उपन्यासको केन्द्रस्थान काठमाडौं कालीथान हाल कालिकास्थान भनेर चिनिने ठाउँ देखिन्छ । जुन सिंहदरबार हुँदै उकालो चढेर बाँसघारी हुँदै आइपुगिन्छ । जहाँ पीतम्बरको घर र ऊ एक्लै बस्दछ । उपन्यासकार उल्लेख गर्दछन् । "उसले कालीथानको त्यो सानो पर्खालको बीचमा बनेको फाटकको बन्द ढोकालाई हलुको हातले धकेलेर उघारी, पीताम्बर भित्र बारीमा उभिरहेको थियो (कोइराला, २०६७ : ८) ।"

पीताम्बरको पुख्यौली घर नेपालको कुनै पहाडी भेग भएता पनि जसको नाम उल्लेख भएको पाइदैन । यस उपन्यासमा इन्द्रमायाका जीवनका तीन वटा घुम्तीहरू यही कालीथानको घरमा आएका छन् । उसले गरेको पहिलो निर्णय अन्तरजातीय प्रेमविवाह कालीथानको घरमा भएको थियो । पीताम्बर जेल परेपछि आफ्नो पति धर्म त्यागी रमेश प्रति प्रेमाशक्त भई शारीरिक सम्बन्ध स्थापित पनि यसै घरमा गरेकी छ । अन्तमा छोरी पाएपछि पीताम्बरले छोरी र आफूमा एकलाई छोड्नु भन्दा इन्द्रमायाले पीताम्बरलाई त्याग्ने निर्णय गरेको घर पनि त्यही कालीथानको हो ।

कालीथान पछिको अर्को स्थान काठमाडौंको रक्तकाली हो । जहाँ इन्द्रमायाको माइती घर छ । विष्णुमती र टुँडीखेलका बीचमा पर्ने यस भागमा तत्कालीन समयमा नेवारहरूको बाक्लो उपस्थिति थियो । काठमाडौंको शहरी वातावरण यस बाहेक उपन्यासमा एकपटक इन्द्रमाया जीविका चलाउन नारायणगढ गएको उल्लेख छ । कालीथान र रक्तकाली बाहेक अन्य स्थान पनि यस उपन्यासमा आएका छन् । रमेश र इन्द्रमाया बेला-बेला घुम्न टुँडिखेल आएका छन् । उनीहरू हिँडडुल गरेको स्थान सिँहदरबार, बाँसको झयाङ् आएका छन् । " हामी सिहदरबारको बाटो काटेर उकालो लाग्न थालेको थियौं । बाँसको भऱ्याङमुनिको शीतलतामा मेरो मन त्यसै रमायो (कोइराला, २०६७ :४२) ।"

रमेशसँगको सम्बन्ध स्थापित पछि पशुपति - दर्शन र बाग्मती नुहाउन गएकी छ । "त्यसपछि धोती बोकेर ऊ बाग्मती नुहाउन हिँडी । उसलाई त्यस दिन पशुपतिको

दर्शनको पनि कामना भयो (कोइराला, २०६७ : ४५) । इन्द्रमाया शिक्षिका हुँदा विद्यालय भएको डिल्लीबजार र पीताम्बर जेल पर्दाको दरबारको गारत आएका छन् ।

कालगत हिसाबले यस उपन्यासको समय इन्द्रमाया १६ वर्षको उमेर यता २९ वर्षको देखिन्छ । १६ वर्षमा इन्द्रमायाले प्रेमविवाह गरेकी र ४५ वर्षकी हुँदा छोरी २० वर्षकी भएकी छ । उपन्यासको प्रकासनकाल २०२५ लाई आधार मान्दा इन्द्रमायाको जन्म १९८० मा भएको देखिन्छ । उसको प्रेमविवाह १९ वर्षको उमेरमा १९९६ सालमा भएको छ । त्यतिवेला राणविरोधी आन्दोलन चर्किएको र पीताम्बर राजनीतिक व्यक्ति भएको देखिन्छ । "पीताम्बर पार्टीको मानिस, जसलाई दरबार फुटेको आँखाले पनि हेर्न सक्तैन" (कोइराला, २०६७ : ६० । यस उपन्यासको प्रमुख समय १९९६ देखि २००७ र २००८ देखि २०२५ सालसम्मको देखिन्छ । यस उपन्यासमा प्रमुख रूपमा राणकालीन अन्तिम समय र गौण रूपमा पंचायती व्यवस्थाको प्रारम्भीक रूप आएको छ । तत्कालीन समय राणशाशन विरुद्धको राजनीतिक क्रान्ति, सामाजिक रुढिवादी, कुसंस्कारयुक्त परम्परा र पंचायती शासनको आरम्भ यस उपन्यासको कालगत परिवेश पाउन सकिन्छ । यस उपन्यासको एउटा पाटो भनेको नेपालको २००७ सालमा प्रजातन्त्र पूर्वको (२००७ साल ) काठमाडौँ उपत्यकाको एउटा झलक हो । त्यसवेला काठमाडौंमा शिक्षाको चेतना भर्खरै खुलेको थियो तापनि त्यसले आमरूप लिन सकेको थिएन (त्रिपाठी, २०५७ : ४१६) । मध्यम वर्गीय परिवारले मात्र शिक्षाको अवसर पाएका छन् । इन्द्रमाया त्यही मध्यम वर्गीय परिवारकी भएकीले छोरी भएर पनि पढ्न पाएकी छ । तत्कालीन समयमा नारीले शिक्षाको अवसर सीमित वर्गकाले मात्र पाएको छ । त्यसताका जातीय कट्टरता पनि भेटिन्छ । यस उपन्यासमा इन्द्रमयाको सन्दर्भ मार्फत नेवार परिवारको जातीय कट्टरतालाई प्रस्तुत गरिएको छ (त्रिपाठी, २०६७ : ४१७) । आमाले अर्थ बुझेर भनिन् " इन्द्रमाया ! यो कसरी हुन्छ ? ऊ पर्वते बाहुन, हामी नेवार वैश्य (कोइराला, २०६७, ३) ।" त्यसताका पुराना पुस्तामा जातीय कट्टरता भएता पनि नयाँ पुस्तामा भने केही रूपमा नयाँ हावाले छुन थालेको पीताम्बर र इन्द्रमायाको अन्तरजातीय प्रेमविवाहबाट देखिन्छ । तत्कालीन समयमा राणा शासन

विरुद्ध राजनीतिक सक्रियता बढेको र केही मात्रामा राजनीतिक चेतना आउन थालेको छ ।

“पीताम्बरका राजीतिक साथीहरूको दल बीच बीचमा उस कहाँ भेला हुन्थ्यो । खब छलफल हुन्थ्यो (कोइराला २०६७: १०) । तत्तकालीन समयको समाज पुरुषप्रधान रहेको देखिन्छ । आर्थिक बन्दोबस्त पुरुषले गर्थे र घरायसी काममा नारी सिमित हुन्थे । “चियापानीको व्यवस्था र दैनिक गृहस्थीको यावत् जिम्मेवारीको तोडमोडमा इन्द्रमाया अत्यन्त व्यस्त रहन्थी (कोइराला, २०६७: १०) ।”

यस उपन्यासमा इन्द्रमायले छोरीलाई लिएर हिडेको २००७ सालदेखि एकचोटी २०२५ साल पुगेको छ । यस बीचमा इन्द्रमायाले सिंहदरबारमा टाइपिष्ट भएको, विदेशी योजनामा जागिर खाएको, शिक्षण कार्य गरेको र उसकी छोरीले प्रेमी रोजेबाट सामाजिक, आर्थिक र नारी चेतनाको केही विस्तार भएको देखिन्छ । बिजुली बत्ती, यातायात जस्ता विकास थोरै भएको छ । वैवाहिक स्वातन्त्रता आउन थालेको देखिन्छ । जातीय कट्टराता केही रूपमा हटेको देखिन्छ । इन्द्रमायाले छोरीको प्रेमीलाई कुल जातको नसोधी आशिर्वाद दिएकी छ : “उसले भनी, “भाग्यमानी भए ! (कोइराला, २०६७ : ७८) ।” यसरी तीन घुम्ती उपन्यासले इन्द्रमाया १६ वर्षको हुँदाको १९९६ देखि ४५ वर्ष हुँदा २०२५ सालसम्मको समय लिएको छ । यसको समयअवधि जम्मा २९ वर्ष देखिन्छ । यस उपन्यासमा प्रमुख रूपमा काठमाडौँ उपत्यकाको सहरी वातावरणको चित्रण छ । राणाशाशनको अन्तको समय र त्यस विरुद्ध भएको क्रान्तिको समय आएको छ । पंचायती व्यवस्थाको प्रारम्भका समय पनि आएको छ । तत्कालीन समयको रूढिवादी, अन्धपरम्परा, जातीय कट्टरता, पुरुषप्रधान समाज र कुसंस्कार यस उपन्यासका पर्यावरणीय सन्दर्भहरू छन् ।

### ३.२.३ संस्कृति

**तीन घुम्ती** उपन्यासमा प्रमुख रूपमा पूर्वीय संस्कृति आएको छ । यस उपन्यासमा नेवार जातिको र हिन्दू ब्राह्मण जातिको संस्कृति आएको छ । नेवारी जातीय संस्कृतिमा इन्द्रमायाको माइतमा नेवार जातिको संस्कृति पाइन्छ भने ब्राहमण

संस्कृतिमा पीताम्बरको संस्कृति पाइन्छ । पीताम्बर एउटा ब्राह्मण परिवारबाट भएकोले हिन्दू संस्कृति र संस्कार पाइन्छ ।

यस उपन्यासमा कट्टर नेवारी जातीय संस्कृति आएको छ । इन्द्रमायाका आमाबाबुले पीताम्बरसँग छोरीको विवाह स्वीकार नगर्नु नेवार परिवारको कट्टर जातीय संस्कृति हो । यस उपन्यासमा पुराना पुस्ताले चलिआएको पुरातन संस्कृतिलाई अनुशरण गरेको छ । इन्द्रमायाको माइतीले उसलाई सजातीय विवाहको लागि दबाब दिएको छ । यही नेपाली समाजको परम्परागत रूढिवादी संस्कृतिले अन्तरजातीय विवाहमा समस्या आएको छ । यसको विरुद्ध इन्द्रमायाले विद्रोह गरी अन्तरजातीय विवाह गरेकी छ । कोइराला उल्लेख गर्छन् । "पहिलो दिन उसको विवाहको कुरा चल्दा पनि अप्रत्यासित वाक्य निस्केको थियो उसको मुखबाट "पिताम्बर छँदैछ नि ! (कोइराला, २०६७ : ७) ।"

यस उपन्यासमा नेपाली समाजमा भएको सतित्व परम्पराको संस्कृति आएको छ । इन्द्रमायाले दाम्पत्य जीवनको प्रारम्भदेखि नै सतीत्वको प्रश्नसँग जुध्नु परेको छ । स्वेच्छाले प्रेमविवाह गरेकी इन्द्रमाया रूढिग्रस्त संस्कृति र संस्कारले बाँधिएको आफ्ना पिताको नजरमा सतित्व विहिन भएकी छे ।

ऊ भन्छ "मेरा लागि इन्द्रमाया मरिसकेकी छ । नगर त्यसका कुरा नभन मलाई कि ऊ काली थानमा बस्छे कि कहाँ बस्छैं र को सँग (कोइराला, २०६७:९) ।" तत्कालीन जातिवादी संस्कृति बोकेको समाजले पनि उसमाथि औँला उठाएको छ । उसका साथीका बाबु आमाहरूले पनि आफ्ना छोराछोरीहरूलाई निषेध गरेर भनेका छन् "त्यो बेस्सेकहाँ नजानू (कोइराला, २०५७ : १०) ।" पीताम्बरले पनि त्यहीँ सामाजिक संस्कृतिलाई अनुशरण गर्दै इन्द्रमायाको सतित्व माथि प्रश्न उठाएको छ । कोइराला लेख्दछन् । "पीताम्बरले एकदिन सोधेको थियो अत्यन्त वितृष्णाका साथ , "के तिमीलाई यसको कुनै संङ्कोच हुँदैन कि एउटा पोलहाका साथ तिमी पोइल गएकी थियो भनेर (कोइराला, २०६७: ६२) ।"

यस उपन्यासमा इन्द्रमायाले आफ्नो जीवनमा गरेका तीन वटा निर्णयहरू पूर्वीय संस्कृति र संस्कारको बिरुद्धमा आएका छन् । उसले गरेको पहिलो अन्तरजातीय प्रेमविवाह हिन्दू परम्परा र संस्कृतिमा रहेको सजातीय विवाहको विरुद्धमा देखिन्छ । उसले गरेको दोस्रो परपुरुषसँग समागम गर्ने निर्णय नेपाली समाजमा रहेको पतिव्रता धर्म र संस्कृतिको विरुद्ध देखिन्छ । उसले गरेको तेस्रो पतिको गृह त्याग गर्ने निर्णय पनि पूर्वीय संस्कृतिको मान्यता विपरित देखिन्छ । यी तीन वटै निर्णयहरू पूर्वीय धर्म र संस्कृतिको मान्यताको विरुद्ध इन्द्रमायाले विद्रोहको रूपमा गरको देखिन्छ ।

यस तीन घुम्ती उपन्यासमा पूर्वीय संस्कृति र संस्कारलाई पनि अवलम्बन गरेको छ । इन्द्रमायाले रमेशसँग सम्बन्ध स्थापित गरेपछि आफू चोखिनको लागि पशुपतिको दर्शन र वागमतीमा गएर स्नान गरेकी छ । उपन्यासकार लेख्छन्- “सधैं विहान भिसमिसेमै उठेर, रमेश उठ्नु भन्दा पहिले नै वाग्मतीमा नुहाई पशुपतिको दर्शन गरेर म घर फर्किन्थे (कोइराला, २०५७ : ४४) ।”

रमेशसँगको सामागमपछि इन्द्रमायाले गरेको पापबोधले उसमाको परम्परागत संस्कार र मर्यादाको नैतिक पक्ष इङ्गित गर्छ (प्रधान, २०९१: ३६०) ।

इन्द्रमायाले पशुपतिको दर्शन र बागमतीको स्नान गर्नु हिन्दू धर्म संस्कृतिको अनुसरणको रूप हो । पीताम्बरले अपनाएको बौद्धिक चिन्तन पूर्वीय धर्म संस्कृति अनुरूप छ । उसले आफ्नो पत्नी प्रति गर्नु पर्ने कर्तव्य र पत्नीव्रत धर्मलाई निभाएको छ ।

पीताम्बर अत्यन्त रुखो स्वरमा भन्थ्यो- “मेरो पनि आफ्नो कर्तव्य छ र त्यसको मैले बिचार गर्नैपर्छ (कोइराला २०५७ : ६९) ।” पीताम्बर एउटा हिन्दू ब्राहमण परिवारबाट आएकोले उसले पूर्वीय संस्कार र संस्कृतिको कारण नै रमेशबाट प्राप्त छोरीलाई अस्वीकार गरेको हो ।

पीताम्बरले भन्यो, “तिमीले छोरीलाई पन्छायौं भने हाम्रो सम्बन्ध फेरि सहज भएर जान्छ (कोइराला २०५७: ६७) ।” पूर्वीय मान्यता अनुरूप एकल पतिव्रता धर्मको

संस्कृतिक मान्यताले गर्दा पीताम्बारले इन्द्रमायाले रमेशसँग राखेको सम्बन्धमा उसको चरित्रलाई दोष दिएको छ ।

पीताम्बरले फेरि भन्यो-"रमेशसँगको यौन सम्बनध नि? (कोइराला, २०६७: ६७)।"

इन्द्रमायाका आमाबुबाले अवलम्बन गरको पूर्वीय कट्टर जातीय संस्कृति र संस्कारको कारण इन्द्रमायाको अन्तरजातीय प्रेमविवाह गर्ने चाहनालाई अस्वीकार गरिएको  छ । उपन्यासकार लेख्छन्- "आमा, बाबु र समाज त्यो एकाकी अवस्थामा काम लाग्ने भएनन् (कोइराला, २०५७ : ३ ) ।"

यसरी तीन घुम्ती उपन्यासमा पहिलो पुस्ता पुरातन संस्कृतिलाई संरक्षण गर्न चाहान्छ । नयाँ पुस्तालाई पनि यही संस्कृतिमा बाँध्न चाहन्छ । यस उपन्यासमा इन्द्रमायाले गरेका सम्पूर्ण निर्णयहरू पूर्वीय मान्यता, हिन्दू धर्म र जातीय संस्कृतिका विरुद्ध छन् । **तीन घुम्ती** उपन्यासको पहिलो पुस्ता र नयाँ पुस्ताका पीताम्बर, प्राचीन संस्कृति र संस्कार प्रति प्रतिबद्ध छन् । त्यसैले पूरातन संस्कृति र संस्कारलाई जीवन सापेक्ष पारी लानुपर्ने यस उपन्यासको मान्यता छ ।

## ३.२.४ कार्य कारण

**तीन घुम्ती** उपन्यासका घटनाहरू घटित हुनका पछाडि कारणहरू अन्तरनिहित भएर आएका छन् । तीनवटा घटनाहरूले उसको जीवनमा तीनवटा मोडहरू निर्माण गरेका छन् । तीन वटा मोडहरू निर्माण हुनुको प्रमुख कारण इन्द्रमायाले अफ्नो जीवनमा नारी अस्तित्वका लागि गरेको तीनवटा स्वनिर्णयहरू हुन् । औपन्यासिक परिणति भन्नु नै इन्द्रमायाको जीवनको परिणति हो । इन्द्रमायाले जीवनमा मूल रूपमा तीनवटा निर्णय गरी र ती तीनैवटा निर्णयले तीनवटा घुम्तीको निर्माण गरे (त्रिपाठी २०५७: ४३१) । यस उपन्यासमा इन्द्रमायाले १६ वर्ष टेकेदेखि आफ्नै सहपाठी युवक पीताम्बरलाई मन पराएको छ । उसले आफ्नो आमा बाबुले प्रस्ताव गरेको विवाहलाई अस्वीकार गरेकी छ । इन्द्रमायाले भनी- "तर म अरू कसैसँग पनि सुखी हुन

सक्दिनँ (कोइराला, २०६७ :३) ।" यहीबाट नै इन्द्रमायाको जीवनमा घटने पहिलो घटनाको सङ्केत मिल्छ ।

यस उपन्यासमा इन्द्रमायाले प्रथम निर्णयमा आफ्नो सहपाठी एउटा पर्वते बाहुन पीताम्बरसँग अन्तरजातीय प्रेमविवाह गरी । नेवार कट्टर जातीय परम्परामा हुर्केकी इन्द्रमायालाई यो निर्णय लिन कठिन भएता पनि आमाबाबुको चाहना विपरीत स्वनिर्णय गरेर आफूलाई सामाजिक परम्पराको भिन्न स्थापित गरी । इन्द्रमायाको प्रथम निर्णय स्वरूप उसको जीवनमा पहिलो घटना घटेको छ ।

उपन्यासकार उल्लेख गर्दछन् - "त्यस्तो बेला इन्द्रमायाले निर्णय लिनु परेको थियो - जीवनको पहिलो महत्त्वपूर्ण निर्णय (कोइराला२०६७ : ३) ।"

इन्द्रमायाको जीवनमा पहिलो घटना घट्नुको कारण उसको पीताम्बरसँगको आत्मीक प्रेम पनि हो । प्रेमको मुल्य नबुझेका आमा बाबुले उसको प्रेमलाई जातीय र वर्गीय मर्यादा विपरित ठानेका छन् । पवित्र प्रेमप्रति समर्पित हुँदै इन्द्रमायाले पहिलो निर्णय स्वरूप गृहत्याग गरेकी छ ।

यस उपन्यासमा अन्य साना तिना घटनाहरूले पनि इन्द्रमाया र पीताम्बर बीचमा चिसोपन ल्याएको छ । यसको प्रमुख कारण पीताम्बर एक राजनीतिक कार्यकर्ता हुनु र उसको घरमा राजनीतिक साथीहरू भेला हुनु हो । पीताम्बरको घनिष्ट राजनीतिक, मित्र रमेश मिलनसार र फरासिलो स्वभावको छ । इन्द्रमायाको ध्यान बढी रमेशप्रति केन्द्रित भएर उसको व्यवहारमा परिवर्तन आउन थालेको छ । रमेशप्रतिको लचिलो व्यवहारलाई पीताम्बरले मन पराउँदैन र इन्द्रमाया माथि कटाक्ष गर्न थाल्छ । पीताम्बरले आफ्नो विषाक्त भावनालाई झन स्पष्ट पार्दै भन्यो- " किन नरम्नु त : यत्रो पुरुषको समाजमा तिमी मात्रै त एउटी नारी छयौं नि ! त्यसैले तिम्रो मुल्य तिमीलाई लाग्दो हो, धेरै बढ्न गएको छ कसो ? (कोइराला २०६७ : १४) ।"

यस उपन्यासमा दास्रो घटना इन्द्रमायाको जीवनमा दोस्रो मोडको रूपमा आएको छ । २३ वर्षको उमेरमा उसको जीवनमा यो दोस्रो मोड आउनुको प्रमुख

कारण पीताम्बर जेल जानु र इन्द्रमायाले रमेशसँग शारीरिक सम्बन्ध स्थापित गर्नु हो । पीताम्बरलाई सुरक्षा सेनाले पक्रेर जेल लगेपछि इन्द्रमाया शारीरिक र मानसिक रूपमा शिथिल भएर एकाङ्की जीवन विताएकी छ  र ऊ आर्थिक अभावमा बाँचेकी छ । रमेश जेलबाट छुटेर आई इन्द्रमायाको सम्पूर्ण अभाव पूर्ति गरिदिएको छ । रमेशको आगमनलाई उसले देवता प्राप्ति ठानेकी छ । इन्द्रमाया यस उपन्यासमा भन्छे- “म एकदम छक्क परेँ र एक्कासी फर्केको भाग्यको अनुभव गर्नु भन्दा पहिले नै खाँदाखाँदै कराएँ ।” यो को ? रमेश ? को ? रमेश ? रमेश ? कहाँबाट उदायो यो देवता? (कोइराला, २०६७ : ३१) । ”

पीताम्परको अभाव पुरा गर्ने उद्देश्य रमेशले लिएको छ । रमेश र इन्द्रमाया बीचमा निकटता बढेको छ । रमेशले इन्द्रमायाको विश्वास जित्न अनेकौ प्रयास गरेको छ ।

“तपाईंले यो पनि विर्सन्न हुन्न कि तपाईंका अरू पनि धेरै मानिसहरू होलान् - पीताम्बर जस्तो नभए पनि … (कोइराला, २०६७ : ३३)।”

रमेशले इन्द्रमायाको शरीर प्राप्त गर्नका लाग‌ि मिलनसार सहयोगी र फरासिलो बानीको माध्यामद्वारा आफूतर्फ आकर्षित गर्दै लगेको छ । उसले पहिला ‘भाउजू” बाट ‘इन्द्रमाया भाउजू’ भनेको छ । अन्तमा आफ्नो आदर खस्काउँदै ‘इन्द्रमाया मात्र भनेको छ “इन्द्रमायाः धोका छल र बञ्चनाले कति दिन जिउन चाहन्छयौ । म आज मान्दिन यी छलनाका चेपटाहरू र आज भनेरै छाड्छु कि ‘म तिमीलाई प्रेमगर्छु (कोइराला २०६७ : ३९) ।”

आत्मिक प्रेममा विश्वास गर्ने इन्द्रमाया आफ्नो सम्पूर्ण शरीर रमेशलाई समर्पण गर्दछे । पीताम्बरको अनुपस्थितिमा ऊ रमेशसँग शारीरिक सम्बन्ध स्थापित गर्न पुग्दछे । उपन्यासकार उल्लेख गर्दछन्- “यस प्रकार उसले आफ्नो शरीरको बाधा फुकाइदिएकी थिई । यस प्रकार निवार्ध सम्बन्धमा इन्द्रमाया र रमेश बाँधिए त्यो रात (कोइराला २०६७:४४) ।”

तीन घुम्तीको यात्राको परिमाण स्वरूप उसले एकातिर श्रीमान् एवं उसका साथीहरूको विश्वास गुमाई, गभर्वती भएपछि रमेशको सान्निध्य पनि गुमाई, समाजिक मर्यादा पनि गुमाई र यी सबै मुल्यमा उसले पीताम्बरसँग सहजीवनमा प्राप्त गर्न नसकेको मातृत्व हासिल गरी र त्यसैमा सन्तुष्टि लिई (त्रिपाठी २०५७:३२) ।

इन्द्रमायाको जीवनमा तेस्रो घटना तेस्रो मोडको रूपमा आएको छ । अन्दाजी २७ वर्षको उमेरतिर इन्द्रमायाले फेरि अर्को एउटा निर्णय लिनु पऱ्यो जसले उसका जविनमा तेस्रो घुम्तीको निर्माण गर्यो (त्रिपाठी २०६७: ४३२) ।

यो घुम्ती आउनको मुख्य कारण इन्द्रमायाले नारी अस्तित्वको रक्षा गर्दै मातृत्वको वरण गर्नु हो । जसले रमेशबाट प्राप्त छोरीलाई अपनाउँदै आफ्नो पति पीताम्बरलाई त्याग गरेकी छ । आफ्नो गर्भमाथि आफ्नै अधिपत्य कायम गर्न खोज्ने नारी इन्द्रमाया र पत्नीमाथि श्रीमान्को हैसियतले आफ्नो प्रभुत्व जमाउन खोज्ने पुरुषवादी सामन्ती समाजको पीताम्बरका बीचमा भएको मत भिन्नताले उसले तेस्रो कठिन निर्णय लिएकी  छ । दुवैका बीचमा आपसी विश्वास र कर्तव्यको विषयलाई लिएर विवाद भएको छ । पीताम्बरले मुखलाई बक्र पारेर भनेको थियो - "तिमीले नि? म जेलमा हुँदा तिमीले मेरा प्रति कुन बफाादारी गरेकी थियौँ नि ? (कोइराला २०६७ : ०६१) ।"

पीताम्बरले छोरी र आफूमा एकलाई रोज्न दिएको विकल्पमा इन्द्रमायाले मातृत्वको रक्षा गर्दै छोरीलाई रोजेकी छे । यस घुम्तीको यात्राको परिणमस्वरूप उसले श्रीमान्को गृह पनि गुमाई र तिनीहरूसँग सम्बन्धित समाज पनि गुमाई तथा यी सबैको मूल्यमा उसले मातृत्व र आजीवन हासिल गर्न नसकेको स्वतन्त्र व्यक्तित्व प्राप्त गरी (त्रिपाठी, २०५६:३२) ।

इन्द्रमायाले आफ्नो जीवनको अन्तिम मोडमा मातृत्वको बरण गर्दै आफ्नो पति पीताम्बर र पतिको गृह त्याग गरेकी छ । उपन्यासकार लेख्छन्, "केवल एउटै मार्ग उसका लागि खुला थियो - **गृहत्याग** (कोइराल,  २०६७:७२) ।" यसरी आफ्नो अन्तिम मोडका  रूपमा इन्द्रमायाको गृह त्यागको प्रसङ्ग आएको छ ।

यस उपन्यासमा इन्द्रमायाले तीन वटा मोडमा तीनवटा निर्णय गरेकी छ । प्रेमीका, पतित्व र मातृत्वको भूमिका निर्वाह गरेकी छ । यी सब घटनाहरू हुनुको प्रमुख कारण उसले नारी अस्तित्वको सम्मानार्थ गरेको अनौठा-अनौठा निर्णयहरू हुन् ।

## ३.२.५ विश्वदृष्टि

यस तीन घुम्ती उपन्यासमा सामाजिक अन्धपरम्पार, हिन्न्दूवर्ण विभाजन, रूढि र पुरुषप्रधान समाजले ल्याएका नारी समस्या विश्वदृष्टिको रूपमा आएको छ । यस उपन्यासले तत्कालीन सामाजिक यर्थाथलाई पनि चित्रण गरेको छ । यस उपन्यासमा देखिएका नारी समस्या आम नेपाली नारीहरूको समस्याको रूपमा आएका छन् । तर तत्कालीन शिक्षा र चेतनाको अभाव भएको समाजमा नारी समस्या आम नेपाली नारीका हुन सकेका थिएनन् । यस उपन्यासमा जे जस्ता नारी समस्या आएका छन् ती सब एउटा सचेत र सङघर्षशील नारीले भोग्नु पर्ने समस्या छन् । तत्कालीन सङक्रमणशील नेपाली सामन्ती समाजमा नारीका उत्पीडनलाई यस उपन्यासले राम्रोसँग अभिव्यक्त गरेको छ । यस उपन्यासले तत्कालीन पारिवारिक र सामाजिक परिस्थतिमा अस्तित्वको जगेर्ना गर्न खोज्दा उल्टै त्यसैलाई गुमाउनुपर्ने संवेदनशील संकटको घडीमा यात्रारत संकट उत्पन्न नारीको संवेदनालाई राम्रोसँग प्रस्तुत गरेको छ (त्रिपाठी २०६७ : ४३०) ।

नारी घभित्रको संसारमा पनि पुरुषबाट ईष्याको सिकार, समाजको मर्यादा र संस्कारले थिचिएको छ । इन्द्रमायाले आफूले मन पराएको पर्वते बाहुनसँग विवाह गर्न खोज्दा आफ्नो नेवारी समाजको जातीय कट्टरताले गर्दा शिक्षा हासिल गर्न घर बाहिर पनि जान पाएकी छैन । उसले घरभित्रै एक किसिमको बन्दी जीवन विताउनु परेको थियो । आमाबाबुहरूले प्राप्त अधिकारको प्रयोग गर्दै यौवन कन्याको हठलाई सामाजिक नियम र मर्यादाको वशमा राख्ने उद्देश्यले बाहिरको संसारमा जाने उसको बाटो थुनिदिए (कोइरला, २०६७:५) ।

पीताम्बर एउटा राजनीतिज्ञ भएर पनि इन्द्रमायाले उसका सहपाठीसँग गरेको हेलमेललाई ईर्ष्याको नजरले हेरेको छ । एक दिन ईर्ष्याको तीतो पोख्दै पीताम्बरले

भनेको थियो भान्साकोठामा आएर "साथीहरूको भेलामा तिमीलाई बडो आनन्द आउँछ, हगि ? (कोइराला २०६७:१४) ।" पीताम्बरले इन्द्रमायाको संसारलाई साँघुरोबाट पनि साँघुरो बनाउने प्रयत्न गरेको छ ।

इन्द्रमायाले पीताम्बरबाट मातृत्व प्राप्त गर्न सकेकी छैन । उसले आफ्नो मातृत्वलाई पूर्णता दिन रमेशसँग सम्बन्ध राख्दा समाजले उसको सतित्वमाथि प्रश्न उठाएको छ । नेपाली सामाजिक परम्पारको मर्यादा विपरित इन्द्रमायाले मातृत्व रक्षामा लड्दा बाँकी सबै कुरा गुमाएकी छ । नारीत्वका दुई तत्वमा मैले पत्नीबाट प्रियत्वलाई परिहार गर्नु पर्‍यो र केवल मातृत्वलाई मात्र आफूमा रहन दिनु पर्‍यो (कोइराला २०६७:२६) ।

आफ्नो सानो संसारमा आफ्नो नारी अस्तित्व कायम राख्न खोज्दा इन्द्रमाया आफ्नो परिवार र समाजबाट बिस्थापित भएकी छ । परिवार र समाजमा उसले कुनै परिवर्तन ल्याउन सकेकी छैन । इन्द्रमायाको सम्बन्ध पीताम्बर र रमेशसँग टुट्दा पनि दुबैको गृहस्थी चलेकै देखिन्छ ।

"आजकल पीताम्बर एउटा दलको नेता भएर सम्मानको पदमा आसीन छ । उसले गृहत्याग गरेको केही महिनापछि एउटी राजनीतिक अनुगाभिनीसँग उसले विवाहा गर्‍यो सुखसँग छ रे ! (कोइरला, २०६७:७३) ।"

"रमेश पनि सम्पन्न र सुखी छ रे ! बाबुसँग झगडा गरेर आफ्नो अंश लिएर छुट्टिएयो रे, ऊ आजकल संसदको सदस्य छ रे ! मनग्ये छोराछोरी पनि छन् रे उसका (कोइराला , २०६७:७३) ।"

यस उपन्यासमा नारीको दुई पाटा आएका छन् - मातृत्व र प्रियातत्व । इन्द्रमायाले मातृत्वको रक्षाका लागि प्रियातत्वलाई त्याग गरेकी छ । यसबाट मातृत्वलाई नै नारीको सर्वोत्तम प्राप्ति हो भन्ने यस उपन्यासमा लेखकले प्रस्तुत गरेका छन् । इन्द्रमाया सम्पूर्ण सामाजिक र पारम्पारिक नियम तोडेर मातृत्वको अधिकार खोज्दछे । नेपाली सामाजिक परम्पराले नारीको सतित्वलाई बन्धनमा राख्न खोजेको छ

तर इन्द्रमायाले यसको ठीक विपरीत परपुरुषबाट गर्भाधारण गरेर मातृत्वलाई ग्रहण गरेकी छ । उसले नारीले मातृत्व प्राप्त गर्न जोसँग पनि सम्बन्ध राख्न सक्ने तर्क राखेर आफ्नो स्वनिर्णयको रक्षा गरेकी छ ।

"त्यो त मेरो विषय पो, मेरो आस्थासँग सम्बन्ध राख्ने सती या असती जे हुन्छु त्यो म पो हुन्छु त्यसकारण म सती भएँ वा असती भएँ भन्ने कुरा त मैले निर्णय दिने कुरा पो हो (कोइरला, २०६७ : ६८) ।"

यस उपन्यासमा सामाजिक मान्यता विरुद्ध इन्द्रमायाले विद्रोह गरी समाजमा नारी अस्तित्व र स्वतन्त्रताको स्थापना हुनुपर्छ भन्ने धाराणा राखेकी छ ।

यस उपन्यासमा तत्कालीन सामाजिक संरचनामा भएका लैङगिक विभेदताका कुरा छन् । परम्परागत पुरुषप्रधान समाजले नारीलाई केवल दासीको रूपमा स्वीकार गरेको छ । तत्कालीन नेपाली समाजमा निःसन्तान र पुत्र विहिन हुनुमा नारीको मात्रै दोष देखाइन्थ्यो । पीताम्बर सचेत राजनीतिक व्यक्तित्व भएर पनि इन्द्रमायालाई दोष लगाएको छ ।

पीताम्बरले केही नरम भएर भन्यो - "मैले त्यसो कहाँ भने ? तर घरमा केटाकेटीहरू भएनन् भनेर मलाई के सुनाएको ? तिमीमा पो कहीँ" विगार छ कि बन्ध्या (कोइराला, २०६७ : २०) ।"

पीताम्बरले सामाजिक अन्धपरम्पराको प्रतिनिधित्व गरेको छ । वास्तवमा पीताम्बरमा नै खोट भएता पनि ऊ आफ्नो पुरुषवादी अंहकारले दोष स्वीकार्न तयार छैन । पुरुष जातिले जति वटी स्वास्नी ल्याए पनि स्वीकार्य हुने तर नारीले एक जना मात्र परपुरुषसँग सम्बन्ध राखेमा जीवन तहसनहस हुन्छ । त्यसैले इन्द्रमाया यस्तो पुरुषवादी समाजको विरुद्ध विद्रोह गर्दै आफूलाई निर्दोष भएको ठान्दछे । "त्यसैले तिमीलाई पर्खेर बस्दा कहिले पनि मलाई अपवित्रा, लज्जा वा कुष्ठाको भावनाले छुन सकेन जब कि म गर्भमा दिन -रात एउटी सन्तानलाई हुकाईरहेकी थिएँ । (कोइराला २०६७ : ६२) ।"

यस उपन्यासमा तत्कालीन समाजमा भएका सामाजिक मान्यताहरू पनि विश्वदृष्टिको रूपमा आएका छन् । त्यतिवेलाको समाज परम्परावादी र पुरातनवादी मान्यता बोकेको थियो । समाजमा अन्धविश्वास र रूढिवादी व्याप्त थियो । जातीय विभेदताले भरिएको सामाजिक मान्यताले गर्दा इन्द्रमायाको अन्तरजातीय प्रेम विवाहलाई समाजले अस्वीकार गरेको छ । पतिको अनुपस्थितिमा परपुरुषसँग इन्द्रमायाले स्थापित गरेको सम्बन्ध सामाजिक मुल्यका दृष्टिमा आपतिजनक छ । त्यही समाजको वकालत गर्दै पीताम्बर इन्द्रमायालाई चरित्रहीनको दोष दिन्छ । "तिमी नि ? म जेलमा हुँदा तिमीले मेरा प्रति कुन बफादारी निभाएकी थियौ (कोइराला, २०६७ : ६१) ।"

त्यतिवेलाको सामाजिक मान्यताको विरुद्ध इन्द्रमायाले सङ्घर्ष गर्नु परेको थियो । नारीको सतित्वको  रक्षा गर्दै र पतिको लान्छनालाई प्रतिवाद गर्दै ऊ यसो भन्छ- मैले लोकाचार गरिनँ, लोकको नजरमा कर्तव्यपालन गरिन तिम्रा प्रति, तर जीवनको आधाभूत तत्वलाई पोषण दिएर मैले आफ्नो आन्तरिक बफादारी, आत्मिक कर्तव्य अक्षुण राखेँ (कोइराला, २०६७ : ६१-६२) ।

यस उपन्यासमा तत्कालीन समाजमा भएका राजनीतिक चिन्तनहरू पनि विश्वदृष्टिका रूपमा आएका छन् । राणाशासनको तानाशाही व्यवस्था विरुद्ध देशका युवावर्ग सलबलाएको छ । एक ठाउँमा संगठीत हुने र विरोध कार्य गर्ने जस्ता कार्य गरेका छन् । समाजमा राजनीतिक परिवर्तनको पक्षमा वकालन गर्दा पीताम्बर जेल गएको छ । उसले बतायो, "पीताम्बरलाई दरबारको गारतमै थुनेको छ । नेल हतकडी पहिराइदिएको छ" (कोइराला, २०६७ : ३२) ।" हरेक समयको निर्णय जनक्रान्तिले गर्छ तथा हरेक व्यवस्थाको भविष्य निर्धारण जनताले गर्छ भन्ने चिन्तन यस उपन्यासमा आएको छ ।

समग्रमा हेर्दा, तीन घुम्ती उपन्यासमा तत्कालीन समाजमा भएका नारी समस्या, सामाजिक मान्यता र राजनीतिक चिन्तन विश्वदृष्टिका रूपमा आएका छन् ।

### ३.२.६ भाषा

तीन घुम्ती उपन्यासमा सरल, सहज र उत्कृष्ट भाषाको प्रयोग गरिएको छ । यस उपन्यासमा दार्शनिकता र चिन्तनमूलक भाषाको प्रयोग पाइन्छ ।

यस उपन्यासमा प्रयोग भएका भाषामा प्राञ्जल र प्रभावोत्पादकता पाउन सकिन्छ । समय सन्दर्भमा कतै सरलता र कतै कतै भने आलङ्कारिकता पनि झल्किन्छ (अधिकारी,२०६५ : २५) । यो उपन्यास भाषाशैलीका दृष्टिले उत्कृष्ट मानिन्छ । वाक्यको संयोजन सरल र छोटा छन् । तीन घुम्ती उपन्यासमा सामान्यतः कोइरालाले सरल भाषाको प्रयोग गरेका छन् । यस उपन्यासका पात्रहरू सचेत भएकाले तिनले तर्क विर्तकका भाषा प्रयोग गरेका छन् । इन्द्रमाया भन्थी, "पीता ! त्यस दिन तिमीले आउनु नै पनि केको खाँचो थियो र यदि तिमीलाई अनिच्छा थियो भने ? (कोइराला, २०६७ : ६०) ।"

पीताम्बरले अत्यन्त रुखो स्वरमा भन्थ्यो -"मेरो पनि आफ्नो कर्तव्य छ र त्यसको मैले विचार गर्नै पर्छ । तिमीजस्तो-तिमीहरू स्वास्नीमानिस जस्तो अनुत्तरदायी हामी पुरुष कहाँ हुन सक्छौँ र ? (कोइराला, २०६७ : ६०) ।"

यस उपन्यासमा इन्द्रमायाले प्रेमका सन्दर्भमा अभिव्यक्त गरेका भाषाहरू अत्यन्त तार्किक सान्दर्भिक र दार्शनिक रहेका छन् । उनले यौन र सतित्वका पक्षमा गरेकी तर्कवितर्क अत्यन्त बौद्धिक र परिपक्व रहेका छन् ।

"यौन ... यौन ... यौन ! के तिमी यौनको चिन्तनबाट एक क्षणका निम्ति नै भएपनि मुक्त हुन सक्तैनौ पीताम्बर ? मानवजीवनमा यौन सम्बन्ध जति सुकै आवश्यक भए पनि त्यसमा कम से कम त्यो अधिकार चाहिँ कदापि छैन कि यौन प्राप्त पुरुषलाई केवल त्यति कारणले मात्र पतिको प्रतिष्ठा प्रदान गरोस् (कोइराला, २०६७ : ६७) ।"

ग्रामीण र ठेट नेपाली भाषाको प्रयोग नभएको यस उपन्यासमा बैचारिक पक्ष बोकेको दार्शनिक भाषा प्रयोग  भएका छन् । "यसरी कुनै प्रतिकार छैन ... न सामाजिक स्तरमा न तिम्रो अल्पप्रेमको गहिराइमा नै ! प्रतिकार त केवल प्रेमका अन्तरालमा चुर्लुम्म डुक्न गएर मेरो सर्वाङ्गिणतालाई असल-खराब चाहे जस्तो सुकै म छु त्यो सम्पूर्ण मलाई निर्धक्क भएर अँगाल्नमा मात्र छ (कोइराला , २०६७ : ६७) ।"

मानसिक यथार्थको चित्रण गर्न प्रयोग भएका भाषाले यस उपन्यासलाई आकर्षक बनाएको छ । उनले कोमल शब्दावलीको प्रयोग गरेर उपन्यासलाई सरल बनाएका छन् । दर्शनलाई सृजना गर्न कोइरालाले विश्लेषणात्मक शैलीको प्रयोग गरेका छन् । थोरै शब्दमा धेरै भन्न सक्ने कोइरालाको परिस्कृत भाषाशैलीले उपन्यासलाई छोटो छरितो र रोचक बनाएको छ ।

यस उपन्यासमा प्रेमप्रति अटुट विश्वासले जीवन सफल हुन्छ र आत्मिक प्रेम भित्र मातृत्वको संरक्षण हुन्छ भन्ने धाराणा भएकी इन्द्रमायाका हरेक वाक्यमा गहिरो अभिव्यञ्जना पाइन्छ ।

"मलाई त लाग्छ कि जीवनमा कर्तव्यका प्रति जागरुता कुनै भित्री आत्मिक भावनाले प्राणवान् हुनु पर्दछ, नत्र के कर्तव्यपालन आडम्बरको अथवा भनूँ आत्म वाञ्चताको अर्को नाम हुन जाँदैन र ? (कोइराला, २०५६ : ६१) ।"

यस उपन्यासमा इन्द्रमायाले बोलेका वाक्यहरूमा वैचारिकता र दार्शनिकता झल्किएका छन् ।

"हेर पीताम्बर ! जसलाई तिमी कर्तव्य भन्छौं त्यसको  म अवलोकन गर्न चाहान्नँ तर त्यसको सीमा हाम्रो लोक, यो समाज भन्दा बाहिर खिचिएको हुँदैन, त्यसैले त्यसलाई लोकाचार भने पनि हुन्छ । जीवनमा त्यो भन्दा धेरै महत्वका आवश्यक वस्तु छन्  जसका प्रति जागरुक हुनुपर्छ मानिसले (कोइराला २०५७:६१) ।"

प्रतीक र विम्बको पनि सबल र प्रभावकारी प्रयोग कोइरालाको भाषामा पाइन्छ ।

“रमेश ! मलाई बढो रमाइलो लागेको छ यावत कुराले आज बजारमा किनेका सामानहरूले, तिमीले मलाई दिएका फूलगुच्छाले, तिम्रो कुराले र बाँसको छहारीसम्मले पनि (कोइराला, २०६७:४२) ।”

यस उपन्यासमा आलंकारिक भाषाको प्रयोग पाइन्छ । इन्द्रमायाले विगतका जीवनको स्मरण गरेर समिक्षा गर्दा प्रयोग गरेको भाषामा आलङ्कारिकता देखिन्छ ।

“प्रत्येक विन्दुले, विन्दुको हैसियतले आफ्नो अस्तित्वको सम्बन्धमा निर्णय लिन्छ र त्यस निर्णयले त्यो विन्दुलाई एउटा विशिष्ट पद, मर्यादाले विभूषित गर्दछ (कोइराला , २०६७ : ६४) ।”

रमेशको भाषामा पनि पर्याप्त व्यञ्जनात्मक अर्थ र व्यङ्ग्य छ- ”बलात्कार त बरु तिमी पो स्वयं आफूमाथि र म माथि गरिरहेकी छयौँ बडो सफलतापूर्वक (कोइराला, २०६७ : ४९) ।”

यस उपन्यासमा प्रश्नात्मक भाषाको प्रयोग भएको छ । पीताम्बरले भन्यो - “त्यसो भए तिमी नै किन रमेशकहाँ जान्नौँ? (कोइराला, २०६७: ६७) ।”

यस उपन्यासमा गद्य कवितात्मक भाषाको पनि प्रयोग भएको छ ।

“त्यस दिन प्रेमको त्यो अपरिहार्य प्रश्नका सामुन्ने इन्द्रमाया एकान्त एक्ली भएकी थिई, असहाय, अनाथ (कोइराला, २०६७: ३) ।”

वाक्य निर्माणमा  पदावलीको व्यक्तिक्रम पनि देखिन्छ :

“आमा बाबु र समाज, त्यो एकाङ्की अवस्थामा उसका काम लाग्ने भएनन् किनभने प्रेमको प्रश्न थियो उनीहरूको सम्बन्धमा (कोइराला, २०६७ : ३ ) ।”

यस उपन्यासमा कोइरालाले चित्रात्मक भाषाको पनि प्रयोग गरेका छन्

"सडकमा गुच्चा खेलिरहेका बालकहरूको बोलीमा फाट्टफुट्ट हिँडिरहेका मानिसहरूको पदध्वनि अथवा पसलमा मोलतोल गरिरहेका ग्राहकका यदाकदा आउने केही उच्च स्वर (कोइराला , २०६७ : ५१) ।"

यस तीन घुम्ती उपन्यासमा कोइरालाले संवादात्मक भाषाको प्रयोग गरेका छन् ।

पीताम्बरले भन्यो - "त्यो दिन तिमी कत्रो हिम्मतका साथ आएकी हँ ! अहिले यति दिन पछि हाम्रो जीवन साधारण गतिमा प्रवाहित हुन लागको छ; र अब लाग्छ , त्यस दिन तिमीले म कहाँ आउनु एउटा साधारण घटना थियो । तर ...(कोइराला, २०६७ : ५१) ।"

इन्द्रमायाले उत्तर दिएकी थिई "नारीमा एक किसिमको हठ हुन्छ जसलाई पुरुषमा हिम्मत भन्दछन् । र फेरि, मेरो सबभन्दा ठूलो सहायक प्रेम पनि थियो नि मसँग । त्यसले मेरो निर्णयको यात्रा एकदम सजिलो पारिदियो (कोइरला, २०६७ : ११) ।"

यस उपन्यासमा कोइरालाले वर्णात्मक र विश्लेषणत्मक शैलीको प्रयोग गरेर भाषामा रोचकता थपेका छन्- "४५ वर्ष पुगेपछि इन्द्रमायालाई लाग्यो, शायद अब यात्रा यही टुङ्गियो क्यार । जीवनको सन्ध्यालाई अझै केही घडी बाँकी नै हुँदो हो तर यात्र भने यही टुङ्गिन आयो । यो लामो सफरपट्टि ध्यान दिँदा अब उसलाई तीतो अनुभव हुँदैन । केवल कोमल तर किञ्चित उदास उदास स्मृतिले उसको हृदयलाई करुणामय बनाउँछ (कोइराला, २०६७ : १,२) ।"

समग्रमा कोइरालले तीन घुम्ती उपन्यासमा दार्शनिक भाषाको प्रयोग गरेका छन् । प्रतीकात्मक, आङ्लकारिक र वैचारिक भाषाको प्रयोगले पात्रको मानसिक अवस्थाको प्रस्ट पारेको छ । पात्र भाषाको प्रयोगमा संवादात्मक अभिव्यक्ति आएका छन् । कहिकहीँ एकालापीय संवादात्मक भाषाको प्रयोग पाइन्छ ।

### ३.२.७ अनुभूतिको संरचना

यस तीन घुम्ती उपन्यासमा अनुभूतिको संरचनालाई हेर्दा कोइरालाले तत्कालीन समाजमा भएका यथार्थ पक्षलाई देखाएका छन् । सामाजिक रूढिवादी, पितृसतात्मक समाज, नारी समस्या, जातीय छुवाछुत र राजनीतिक क्रान्ति तत्कालीन समाजका यथार्थ हुन् । यी समस्या समाजमा विद्यमान भएकोले सबैका लागि प्रत्युपादक हुन्छन् भन्ने कुरा बुझ्न नसक्ने पात्रहरू यस उपन्यासमा छन् । यसलाई लेखकले नारी अस्तित्वका कोणबाट हेरेका छन् । उपन्यासमा मुल नारी पात्र इन्द्रमायालाई पूर्ण मनुष्यका कोणबाट प्रस्तुत गरेका छन् र यसको मार्गदर्शन अस्तित्ववादी चिन्तनबाट प्राप्त भएको छ (त्रिपाठी, २०५७: ४६५) ।

नारीको व्यक्तिगत स्वतन्त्रताको पक्षमा इन्द्रमायामा उभिएकी छ । उसले नारी अस्तित्वलाई रक्षा गर्दै आफूले गरेका जीवनका तीनवटा निर्णयलाई सहज रूपमा लिएकी छ । "उसलाई लाग्छ, उसले गरेका निर्णयहरूको महत्व यसमा छ कि ती निर्णय लिँदा उसले आफुलाई अनावश्यक कुरामा नफसाएर जीवनको अस्तित्वमा नै आधारित गरेकी थिई (कोइराला, २०६७: ६९) ।"

यस उपन्यासमा लैङ्गिक चेतनालाई पनि झल्काइएको छ । नारी माथि लगाइने अनेक लाच्छना र दोषले ऊ पीडित भएकी हो । अर्को परनिर्भरता पनि नारी समस्याको कारक हो भन्ने कुरालाई उपन्यासकारले अनुभूत गरेका छन् । नारीका सतीत्व -मातृत्व जस्ता कुराहरू परनिर्भरता बनेको तत्कालीन समाजको मान्यतालाई पनि लेखकले अनुभूत गरेका छन् । त्यसैले इन्द्रमायाले स्वनिर्भरताको पक्षमा आफ्ना पाइला चाल्दै पीताम्बरको गृहत्याग गरेकी छ- "आज भन्दा अठार वर्ष पहिले शहरको साँझमा छोरी र एउटा सानो पोको बोकेर ऊ निस्केकी थिई (कोइराला, २०६७ : ६२) ।"

अनुभूतिको संरचनाले समाजका बाह्य यथार्थका साथ-साथै पात्रको अन्तर्मनको यथार्थलाई पनि प्रकट गर्दछ । केवल बाह्य क्रियाकलापको अनुभूतिले मात्र एउटा

उपन्यासको समाजको पूर्ण यथार्थलाई अभिव्यक्त गर्न सक्दैन । अतः सामाजिक यथार्थलाई पूर्ण र विश्वासिलो रूपमा प्रस्तुत गर्नलाई उपन्यासका पात्रहरूको मानसिकतालाई पनि उद्घाटन गर्नु पर्ने हुन्छ ।

त्यसैले तीन घुम्ती उपन्यासका प्रमुख पात्रहरूको मानसिकतलाई पनि उद्घाटन गरिसकेको छ । यस उपन्यासको प्रमुख पात्र इन्द्रमायाको मानसिकता आन्तरिक द्वन्द्वमा फसेको छ । उसले गरेका तीनवटा स्वनिर्णयहरू मानसिक द्वन्द्वहरू हुन् । उसमा सतीत्त्व र मातृत्वका विषयमा भावनात्मक द्वन्द्वहरू छन् । यी दुई अन्तरद्वन्द्वका विचमा इन्द्रमायाले निर्णय लिदा असामान्य मानस्थितिबाट गुज्रनु परेको छ । "समस्या छोरीको मात्र थिएन । समस्या त थियो उसको नारी अस्तित्वका दुई मौलिक आवाश्यकता पूर्तिको नारीको प्रियातत्त्व र मातृत्वको एकैसाथ संरक्षणको (कोइराला, २०६७ : ७१) ।"

यौन, प्रेम र मातृत्वलाई आफ्नै तरिकाले परिभाषित गर्ने इन्द्रमायाले दुवैलाई सहज रूपमा अपनाउन र त्याग्न सकेको छैन । पीताम्बरले नाबालक छोरी प्रति गरेको व्यवहारले ऊ दोसाँधमा परेकी छ ।

पीताम्बर पनि मानसिक रूपमा पिडीत बनेको छ । उसका मनमा इर्स्या पैदा भएको छ । आफ्नो अन्तर मनमा भएको पीडालाई जार छोरी प्रति कठोर व्यवहार र सामाजिक मर्यादा नाघेकी पत्नी प्रति आक्रोश व्यक्त गर्दछ । "यदि रमालाई रमेश कहाँ नपठाउने हो भने कुनै अनाथलयमा रखिदिए पनि हुन्छ (कोइराला २०६७: ६९) ।"

रमेशसँगको दैहिक सम्बन्ध स्थापना गर्नु पूर्व इन्द्रमाया मानसिक रूपमा छटपटाएकी छ । आफूलाई रमेश सामु सम्पनु पूर्व पीताम्बरप्रति बफादारी हुन खोज्दा खोज्दै दैहिक वाध्यतामा समर्पित हुन् पुगेकी छ । यस अवस्थामा इन्द्रमाया कर्तव्य र यौन आकर्षणबीचको द्वन्द्वद्वारा ग्रसित बनेकी छ । रमेशसँगको सम्पर्कमा उसमा शरीर र आत्माबीच निकै द्वन्द्व चलेको छ ।

"प्रेमको मूल्य के हो आत्मा कि शरीर ? यदि त्यो आत्मा हो - यदि त्यो तत्व मन हो - भने इन्द्रमायाले धेरै पहिलेदेखि नै रमेशलाई प्रेम गर्न थालेकी हो र झन अचेल त उसले आफ्नो मनमा यस सत्यलाई स्वीकार गर्न संकोच हुँदैनथ्यो कि ऊ पनि रमेशलाई गर्थ्यो (कोइराला २०६७:४२) ।"

यस उपन्यासमा नारी संवेदानाका कुरालाई प्रस्तुत गरिएको छ । पुरुषप्रधान तथा रूढिग्रस्त अन्धविश्वासी समाजले नारीमाथि गरेको अप्रत्यक्ष शोषण र त्यसका विरुद्ध इन्द्रमायाले गरेको विद्रोहलाई केन्द्रिय कथा बनाइएको छ । अन्धविश्वास र अशिक्षाका कारण नारीले भोग्नु पर्ने पीडादायी वातावरणकाबीच उपन्यासकी केन्द्रियपात्र इन्द्रमायाले नारी अस्तित्वका निम्ति सङ्घर्षपूर्ण जीवन विताएकी छ ।

उसले गरेका जीवनका तीनवटा निर्णयहरू नै उसका जीवनका संघर्षका पाइलाहरू हुन् । "यदि उसले जीवनमा लिएका तीनवटा निर्णयको हिसाब नगर्ने हो भने नारीत्वको महासागरमा मिसिएको एउटा थोपा मात्र हो ऊ । तर थोपाले थोपाका रूपमा गरेको निर्णयले त्यस थोपालाई नारीत्वको महासगरबाट पृथक पारेको थियो (कोइराला, २०६७ : २ ) ।"

समग्रमा यस उपन्यासमा अनुभूतिको संरचनाले कृतिभित्र प्रयुक्त सामाजिक स्थिति एवम् पात्रहरूको मानसिकतालाई प्रस्तुत गरेको छ । लेखकले देखेका भोगेका घटनालाई प्रस्तुत गर्ने क्रममा आएका पात्रहरूको यथास्थिति एवं ती पात्रहरूको मानसिक अन्तरद्वन्द्व जस्ता विषयलाई अनुभूतिको संरचना भित्र खोजिएको छ ।

# चौथो परिच्छेद

## उपसंहार

उपन्यासकार विश्वेश्वर प्रसाद कोइरालाले यस उपन्यासमा नेपाली समाजमा रहेको नारी समस्या र उसको अस्तित्वलाई प्रमुखता दिएका छन् । यस उपन्यासकी प्रमुख नारी पात्र इन्द्रमायाको केन्द्रियतामा कथा वस्तु घुमेको छ । इन्द्रमायाको जीवनमा आएका तीनवटा घुम्तीहरू नै यस उपन्यासको प्रमुख विषयवस्तु हो । यी घुम्तीहरू उसले नारी अस्तित्वका लागि गरेका स्वनिर्णयहरूका कारणले आएका छन् । उपन्यासको आदि, मध्य र अन्त्य सर्वत्र प्रमुख भूमिकामा नारी नै प्रस्तुत भएकी छ र उपन्यासको समग्र चिन्तनलाई समाजमा प्राप्त गर्नु पर्ने सामाजिक अस्तित्वको कोणबाट प्रस्तुत गरिएको छ । समाजमा चलिआएका पुरातन परम्परा, जातीय विभेद, धर्म, संस्कृति एवम् सामाजिक मान्यता र वर्ग विभेदको विरुद्ध इन्द्रमायाले विद्रोह गरेकी छ । आफ्नो जीवन स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकारको प्रयोग गर्दै पुरुषप्रधान नेपाली समाज र संस्कारको बन्धनलाई इन्द्रमायाले तोडेकी छ । यही नै यस उपन्यासको आफ्नो मौलिकपन हो ।

यस **तीन घुम्ती** उपन्यासको समाजशास्त्रीय अध्ययनका क्रममा शोधपत्रको प्रथम परिच्छेदमा विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य पूर्वकार्यको समिक्षा, शोधकार्यका औचित्य र महत्व शोधकार्यको सीमाङ्कन, शोध विधी तथा शोधपत्रको रूपरेखा जस्ता उपशीर्षक अन्तर्गत रही शोध परिचयलाई पूर्णता प्रदान गरिएको छ ।

शोधपत्रको  दोस्रो परिच्छेदमा साहित्यको समाजशास्त्रको सैद्धान्तिक रूपरेखा शीर्षकमा केन्द्रित रही यस सिद्धान्तको अध्ययनका क्रममा साहित्यको समाजशास्त्र : अर्थ, परिभाषा र पृष्ठभूमि, स्वरूप, साहित्यको समाजशास्त्रको सिद्धान, साहित्यको समाज शास्त्रीय अध्ययनका आधारहरूमा प्रजाति युग र पर्यावरण, विश्वदृष्टि, संस्कृति,

कार्यकारण भाषा तथा अनुभूतिको संरचना जस्ता शीर्षक उपशीर्षकमा केन्द्रित रही साहित्यको समाजशास्त्रको सिद्धान्तपक्षको अध्ययन गरिएको छ ।

त्यस्तै तेस्रो परिच्छेदमा तीन घुम्ती उपन्यासको समाजशास्त्रीय अध्ययन गर्ने क्रममा विभिन्न उपशीर्षकमा गरिएको छ ।

यस उपन्यासमा विश्वेरप्रसाद कोइरालाले सामाजिक, राजनीतिक, धार्मिक र आर्थिक पक्षहरूले पारेको प्रभावलाई केलाएका छन् । यसका साथै नारी मानसिक अवस्थाको चित्रण पनि प्रमुख रूपमा गरेका छन् । आफूले देखेका भोगेका र अनुभव गरेका कुराहरूलाई उनले यस उपन्यासमा पात्रका माध्यमद्वारा सफल रूपमा प्रयोग गर्ने क्रममा जाति, जातीय संस्कृति, संस्कार र नेपाली समाजको परम्परालाई प्रस्तुत गरेका छन् । उनीहरूको चिन्तन मानिसक र शारीरिक संरचनालाई प्रस्तुत गरेका छन् । यस्तै विभिन्न वर्ग र तहमा रहेका विचार एवम् संस्कार तथा चिन्तनका माध्यमबाट प्रजातिका विशेषता झल्काएको पाइन्छ ।

लेखकले कृतिको सिर्जना गर्दाको समय नै युग हो । लेखकको वरिपरिको प्रकृति र समाज पर्यावरण हो । यो उपन्यास युग र पर्यावरणीय दृष्टिकोणले काठमाडौं उपत्यकाको सहरी वातावरण र २००७ सालको क्रान्तिको समय भन्दा अगाडिको देखिन्छ । सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक चेतनाले अभावग्रस्त सामाजिक अवस्था पाउन सकिन्छ । सामाजिक अवस्थालाई नियाल्दा कुरीति, अन्धपरम्परा, जातीय विभेद र पुरुषप्रधान समाज पाउन सकिन्छ । राजनीतिक, आर्थिक र शैक्षिक चेतनाले अभावग्रस्त सामाजिक अवस्था पाउन सकिन्छ । सामाजिक अवस्थालाई नियाल्दा कुरीति, अन्धपरम्परा, जातीय विभेद र पुरुष प्रधान समाज पाउन सकिन्छ । राजनीतिक रूपमा राणाशासन विरुद्ध क्रान्तिको आगो सल्किँदै गरेको अवस्था पाउन सकिन्छ ।

तीन घुम्ती उपन्यासको भाषा अत्यन्त परिष्कृत छ । तत्सम, तद्भव र आगन्तुक शब्दको सम्यक प्रयोग पाइन्छ । संस्कृत तत्सम शब्दको प्रयोग पनि बढी भएको पाइन्छ । पात्रानुसारको भाषा प्रयोगले उपन्यासमा मौलिकता र रसमयता

थपेको छ । यस उपन्यासमा उक्ति र सूक्तिको उचित प्रयोगले भाषामा रागात्मकता ल्याएको छ । यसले गर्दा ठाउँ ठाउँमा कवितात्मक गद्यको स्वाद पाइन्छ । आलङ्कारिकता, तार्किक, अभिव्यक्ति र दार्शनिक भाषाको प्रयोगले कोइरालाको भाषा विशिष्ट बन्न पुगेको छ । इन्द्रमायाले गरेको समाजप्रतिको व्यङ्ग्य र उसले बोलेका संवादमा पाइने दार्शनिकताले कोइरालाको भाषा झनै प्रभावशाली बन्न पुगेको छ । कोइरालाको विश्लेषणात्मक शैलीले पात्रको आन्तरिक र बाह्य जगतको राम्रो चित्रण गरेको छ । थोरै शब्दमा धेरै भन्न सक्ने कोइरालाको परिष्कृत औपन्यासिक कलाले तीन घुम्ती उपन्यासको भाषाशैलीलाई छोटो, मिठो र रोचक बनाएको छ ।

कोइराला एक व्यक्ति र सामाजिक अनुभूतिलाई कृतिमा प्रस्तुत गर्न सक्ने लेखक हुन् । उनले तत्कालीन व्यक्ति र समाजमा भएका अनुभूतिलाई यस उपन्यासमा प्रस्तुत गरेका छन् । उनले नेपाली समाजमा भएका मान्यता, पितृसत्तात्मक समाजको धारणा र व्यक्ति स्वतन्त्रता जस्ता कुरालाई अनुभूतिको रूपमा प्रस्तुत गरेका छन् । नारी सङ्घर्ष अन्धविश्वासी संस्कृतिप्रतिको विद्रोह र नेपाली समाजमा रहेको सांस्कृतिक विविधता पनि यस उपन्यासमा आएको छ । यसले नेपाली संस्कृतिको मौलिकतालाई प्रतिविम्बिन गरेको छ । विशेष गरी हिन्दू समाजले अवलम्बन गरेको संस्कृति र संस्कार आएका छन् । समाजमा भएका वर्णमापक धर्म र नेवारी जातीय कट्टरता आदि सामाजिक संस्कारका रूपमा आएका छन् । यस उपन्यासमा रूढिग्रस्त अन्धविश्वासको संस्कृतिलाई समय सापेक्ष परिमार्जन गर्नु पर्ने तर्फ सङ्केत गरेको देखिन्छ ।

कुनै पनि घटना घट्नुका पछाडि कारण हुन्छन् । कोइरालाको तीन घुम्तीमा कुनै पनि घटना हुनुको कार्यसँग कारण अन्तर्निहित भएर आएको देखिन्छ । अशिक्षा, अन्धविश्वास, जातीय विभेद, रूढिग्रस्त र पुरुषवादी समाजका कारण एउटा नारी पात्रको जीवन दुर्घटित भएको देखिन्छ । यसैका कारण उसले विद्रोह पनि गरेकी छ । एउटी नारीले नारी अस्मिता र स्वतन्त्रका लागि गरेका स्वनिर्णयहरूको कारणले यस उपन्यासमा तीनवटा घटनाहरू घटेका छन् ।

तीन घुम्ती उपन्यासमा भएको विश्वदृष्टिलाई नियाल्दा तत्कालीन समाजमा भएको यथार्थता आएको छ । नेपाली समाजमा भएका अन्धविश्वास, परम्परा, जातीय विभेद, राजनीतिक क्रान्तिको प्रारम्भ, अन्तरजातीय विवाह र परपुरुषसँगको सम्बन्ध जस्ता कुराहरूको चित्रण गरिएको छ । सामाजिक राजनीतिक चेतना, पूर्वीय संस्कार, नैतिक चिन्तन, जीवन सापेक्ष संस्कृति र समन्वयवादी जीवनदृष्टि आदि पक्षलाई यस **तीन घुम्ती** उपन्यासले अनुभूतिको संरचना बनाएको छ । अन्तमा, विश्वेश्वर प्रसाद कोइरालाको उपन्यास तीन घुम्तीमा प्रयुक्त समाजशास्त्र तथा समकालीन नेपाली समाजशास्त्रका बीच समान सम्बन्ध पाइन्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची

आचार्य, युवती.२०६७. **छापामारका छोरो कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन**. (अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि., कीर्तिपुर ।

कोइराला, विश्वेश्वर प्रसाद. २०६७. **तीनघुम्ती.** दसौ संस्क. ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा. २०६७. **आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना** (प्रकाशित विद्याथीवारिधि शोधपत्र) त्रि.वि., कीर्तिपुर ।

दाहाल, खेमनाथ.२०५८. **आधुनिक नेपाली उपन्यासको समाजशास्त्रीय अध्ययन** (अप्रकाशित विद्यावारिधि शोधपत्र), त्रि.वि., कीर्तिपुर ।

प्रधान, कृष्णचन्द्रसिंह. २०६१. **नेपाली उपन्यास र उपन्यासकार.** चौथो संस्क. ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज. २०६७. **मार्क्सवाद र उत्तर आधुनिकतावाद**. दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर. २०५८. **नेपाली उपन्यासका आधारहरू.** दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

शर्मा, गणेशराज. २०६७. **विश्वेश्वर प्रसाद कोइरालाको आत्मवृत्तान्त**. दोस्रो संस्क. काठमाडौं : जगदम्बा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. २०६३. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धात.** दोस्रो संस्क. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।